जि.स.का. दर्ता नं. ०७१/०५०/०५१
रा.स.नि.प्रा. इजाजतपत्र नं. २०५०-००४७१
स्था.ले.नं. ३०३१२२१५१

"उद्यमशीलता र पारदर्शिता: सहकारीको प्राथमिकता"

नेफ्स्कून

"सबल र सर्वोत्कृष्ट संस्था"

# बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**Budol Samudayik Saving and Credit Co-operative Society Limited**




संस्थाको निर्माण हुन लागेको नयाँ भवनको डिजाइन

## २७ औं वार्षिक साधारण सभा

१८-२६ असोज, २०८३

## वार्षिक प्रतिवेदन

आ.व. ०८२/०८३

## ANNUAL REPORT

Fiscal Year 082/083

फोन नं.: ०११-६६०५६४, ०११-६६२३६४
मुख्य कार्यालय: बनेपा न.पा. ६, बुडोल, काभ्रेपलाञ्चोक
Head Office: Banepa-6, Budol, Kavrepalanchok

Website: www.budol.coop.np
Email: info@budol.coop.np

## सञ्चालक समिति



अध्यक्ष
कैलाश के.सी.



उपाध्यक्ष
प्रकाश भुर्तेल



सचिव
जयराम थापा



कोषाध्यक्ष
राधेश्याम के.सी.



सह-सचिव
गीता कुँवर क्षेत्री



सह-कोषाध्यक्ष
राधाकृष्ण श्रेष्ठ



सदस्य
हरिराम कुइँकेल



सदस्य
गायत्री खड्का



सदस्य
सुनिता मल्ल



सदस्य
भवानी के.सी.



सदस्य
अर्मेसा लामा

## लेखा सुपरिवेक्षण समिति



संयोजक
पूर्णबहादुर कार्की



सदस्य
शर्मिला नेपाल



सदस्य
दीपक के.सी.

## सल्लाहकार



प्रमुख सल्लाहकार
रामहरि के.सी.



कानुनी सल्लाहकार
नवराज बडाल



सल्लाहकार
प्रेमनाथ शर्मा कोइराला



सल्लाहकार
भैरव के.सी.



सल्लाहकार
रविन श्रेष्ठ

## ऋण उपसमिति



संयोजक
हरिराम कुइँकेल



सदस्य
मणिराज श्रेष्ठ



सदस्य
डिल्लीप्रसाद घिमिरे

## शिक्षा तथा प्रकाशन उपसमिति



संयोजक
गायत्री खड्का



सदस्य
गङ्गादेवी लुइटेल



सदस्य
तारानाथ बजगाईं

## महिला तथा सामाजिक सांस्कृतिक उपसमिति



संयोजक
सुनिता मल्ल



सदस्य
अनिमा के.सी.



सदस्य
सम्झना कोइराला थापा

## सूचना तथा सञ्चार प्रविधि उपसमिति



संयोजक
राधाकृष्ण श्रेष्ठ



सदस्य
जनक कुमार थापा



सदस्य
राजकुमार श्रेष्ठ

## सम्पत्ति सामान व्यवस्थापन उपसमिति



संयोजक
राधेश्याम के.सी.



सदस्य
गायत्री खड्का



सदस्य
विवेक राज ठकुरी

## एक्सेस कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन कार्यदल


संयोजक
कैलाश के.सी.


सदस्य
प्रकाश भुर्तेल


सदस्य
विवेक राज ठकुरी


सदस्य
रञ्जना सुवाल


सदस्य
उमेश आचार्य

## टुकुचा जागरण सेवा केन्द्र व्यवस्थापन उपसमिति


संयोजक
राधाकृष्ण श्रेष्ठ


सदस्य
जयराम श्रेष्ठ


सदस्य
रत्नप्रसाद दाहाल


सदस्य
गोवर्धन थापा


सदस्य
विनोद घिमिरे

## बनेपा जनमैत्री सेवा केन्द्र व्यवस्थापन उपसमिति


संयोजक
भवानी के.सी.


सदस्य
राजकुमार श्रेष्ठ


सदस्य
रामकुमार कार्की


सदस्य
राम थापा


सदस्य
सुवर्ण के.सी.

## धुलिखेल सेवा केन्द्र व्यवस्थापन उपसमिति


संयोजक
अर्मेसा लामा


सदस्य
सुनिल के.सी.


सदस्य
राम यगोल


सदस्य
भरतबहादुर बस्नेत


सदस्य
रञ्जना बडाल

## पाँचखाल सेवा केन्द्र व्यवस्थापन उपसमिति


संयोजक
गीता कुँवर क्षेत्री


सदस्य
रामप्रसाद ढुङ्गाना


सदस्य
रामचन्द्र कुँवर


सदस्य
रामकुमार सापकोटा


सदस्य
भुवलाल श्रेष्ठ

# व्यवस्थापन



विवेक राज ठकुरी
प्रमुख कार्यकारी अधिकृत



रञ्जना सुवाल
कार्यकारी अधिकृत



उमेश आचार्य
वरिष्ठ अधिकृत



दिपक अधिकारी
आर्थिक प्र. शाखा प्रमुख



अशोक खत्री
टुकुचा जा.से.के. प्रमुख



अनिता थापा
बनेपा ज.से.के. प्रमुख



निराजन भुजेल
ऋण शाखा प्रमुख



मुकेश पहरी
सूचना प्रविधि शाखा प्रमुख



कविता चालिसे
सदस्य सेवा शाखा प्रमुख



मनोज कुमार घोरासैनी
वरिष्ठ सहायक



सागर कुँवर
धुलिखेल से.के. प्रमुख



सागर गिरी
पाँचखाल से.के. प्रमुख



सरिता दुलाल
सहायक



सजना हुमागाईं
सहायक



दुर्गा कार्की
सहायक



सुजन अधिकारी
सहायक



रेणुका दाहाल
सहायक



विनिता तिमल्सिना
सहायक



भवानी उप्रेती
सहायक



सुमित्रा कारञ्जित
सहायक



रमिता श्रेष्ठ
सहायक



प्रतिमा घिमिरे
सहायक



सुशिला मानन्धर
कनिष्ठ सहायक

# व्यवस्थापन.......



सविना श्रेष्ठ
कनिष्ठ सहायक



सन्तोष घिमिरे
कनिष्ठ सहायक



सुशिल सापकोटा
कनिष्ठ सहायक



मुकुन्द पराजुली
मेसेन्जर



सुजन पराजुली
कनिष्ठ सहायक



भावना रायमाझी
कनिष्ठ सहायक



विशुराम भण्डारी
सदस्य सहजकर्ता



रोजन खड्गी
सदस्य सहजकर्ता



सीता सुवेदी
सदस्य सहजकर्ता



ओमबहादुर तामाङ
सदस्य सहजकर्ता



दिवाकर सुवेदी
सदस्य सहजकर्ता



सुमित्रा दाहाल
सदस्य सहजकर्ता



प्रिया श्रेष्ठ
सदस्य सहजकर्ता



सुष्मा दुलाल
सदस्य सहजकर्ता



अञ्जली दाहाल
सदस्य सहजकर्ता



सम्झना दुलाल ढकाल
सदस्य सहजकर्ता



शान्ता मिजार
सदस्य सहजकर्ता



सरिता घिमिरे सापकोटा
सदस्य सहजकर्ता



भिमसेन दाहाल
सदस्य सहजकर्ता




नवराज भुजेल
सुरक्षा सहयोगी




मात्माराम बस्नेत
सुरक्षा सहयोगी




राजाराम भुजेल
सुरक्षा सहयोगी




कृष्णमणि सापकोटा
सुरक्षा सहयोगी




रामकुमार भुजेल
सुरक्षा सहयोगी




लोकेन्द्र मल्ल
सुरक्षा सहयोगी



शोभा थापा
कार्यालय सहयोगी



लक्ष्मी अधिकारी
कार्यालय सहयोगी







# राष्ट्रिय गान

**सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।**
**सार्वभौम भई फैलिएका मेची महाकाली ।।**

**प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।**
**वीरहरूका रगतले स्वतन्त्र र अटल ।।**

**ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।**
**अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।**

**बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल ।**
**अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।**

रचनाकार:
प्रदिप कुमार राई (व्याकुल माइला)



# साकोस गान

सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ॥

थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ॥

अमूल्य मूल्य देशको सगर्व सँधै रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ॥

हजार गौंथली र यहाँ करोडौं मौरी बन्नु छ
सँगाली बुँद बुँदले जिन्दगी यो बदल्नु छ ॥

साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ॥

सिद्धान्त हाम्रा अमर रहुन, स्वप्नद्रष्टा अमर रहून्
वसुधैव कुटुम्बकम्, आदर्श अमर रहून् ॥

रचनाकारः
प्रकाश भुर्तेल

सम्पादनः
प्रा.डा. सुधन पौडेल
प्रा. केशव सुवेदी

जि.स.का. दर्ता नं. ०७१/०५०/०५१
रा.स.नि.प्रा. इजाजतपत्र नं. २०५०-००४७१
स्था.ले.नं. ३०३१२२१५१

"सबल र सर्वोत्कृष्ट संस्था"

# बुडोल सामुदायिक
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**Budol Samudayik Saving and Credit Co-operative Society Limited**

नेफ्स्कून

प.सं.: ०८३/०८४ मिति: २०८३/०५/१७
च.नं.: १२५
शेयर सदस्य नं. ...........................
श्री ..................................................................ज्यू
...................................., काभ्रेपलाञ्चोक

**विषय : २७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।**

आदरणीय शेयर सदस्य महानुभावहरू,

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८३ भदौ १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको २७ औं वार्षिक साधारण सभा सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ संशोधित २०७७ बमोजिम तपसिलमा उल्लेखित प्रस्तावहरूमा छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा हुने साधारण सभाको एकाइ बैठकहरूमध्ये आफूलाई पायक पर्ने स्थानमा अनिवार्य उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका प्रस्तावहरु:**

१. निर्णय प्रमाणीकरण गर्न प्रतिनिधि चयन गर्ने,
२. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. ०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने,
३. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. ०८३/०८४ को प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने,
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व. ०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने,
५. आ.व. ०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने,
६. आ.व. ०८३/०८४ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने,
७. लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण प्रस्ताव पारित गर्ने,
८. विनियम तथा आन्तरिक कार्यविधि र नीति संशोधन तथा पुनर्लेखन पारित गर्ने,
९. स्थिरीकरण कोषमा सहभागिता सम्बन्धमा,
१०. संस्थाको जग्गा हाल साविक तथा भवन निर्माण सम्बन्धमा,
११. आर्थिक सुरक्षा कार्यक्रम सम्बन्धमा,
१२. औसत शेयर व्यवस्थापन सम्बन्धमा,
१३. विशेष प्रस्तावहरूका सम्बन्धमा ।

**कार्यक्रम हुने :**

| एकाइ | विवरण | उपस्थिति नाम दर्ता | साधारण सभाको एकाइ बैठक | एकाइ बैठक हुने स्थान |
|---|---|---|---|---|
| १ | मुख्य कार्यालय र बनेपा जनमैत्री सेवा केन्द्रमा आबद्ध सदस्यहरूको लागि | मिति: २०८३ असोज १८ गतेदेखि २४ गतेसम्म, समय: विहान ९:०० बजेदेखि ५:०० बजेसम्म, स्थान: सम्बन्धित कार्यालयहरू | मिति: २०८३ असोज २४ गते, समय: दिउँसो २:०० बजेदेखि ४:०० बजेसम्म | होटल उग्रचण्डी, बनेपा |
| २ | टुकुचा जागरण सेवा केन्द्रमा आबद्ध सदस्यहरूको लागि | | | माँ उग्रचण्डी पार्टी भेन्यू, नाला |
| ३ | धुलिखेल सेवा केन्द्रमा आबद्ध सदस्यहरूको लागि | | | धुलिखेल तालिम केन्द्र, धुलिखेल |
| ४ | पाँचखाल सेवा केन्द्रमा आबद्ध सदस्यहरूको लागि | | | पाँचखाल सेवा केन्द्र कार्यालय, पाँचखाल |

## सबै एकाइबाट छनौट भएका प्रतिनिधिहरुको सहभागितामा एकाइ प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा:

मिति : २०८३ असोज २६ गते सोमबार,
समय : विहान ११:०० बजेदेखि २:०० बजेसम्म,
स्थान : संस्थाको मुख्य कार्यालय, बुडोल।

### पुनश्च:

१. साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा सदस्यहरूले आगामी २०८३ साल असोज १५ गते कार्यालय समयभित्र आफूलाई पायक पर्ने संस्थाको मुख्य कार्यालय लगायत सेवा केन्द्र कार्यालयमा लिखित रूपमा पेश गर्नुपर्नेछ।
२. सदस्यहरूले आफूलाई पायक पर्ने साधारण सभाको एकाइ बैठकमा सहभागिता जनाउन सक्नु हुनेछ।
३. साधारण सभाको एकाइ बैठकमा सहभागिता जनाउन सदस्य परिचय पत्र, पासबुक वा सदस्यता खुल्ने कुनै निस्सा सहित आउनुपर्नेछ।
४. साधारण सभामा उपस्थित सदस्यलाई खाजा/खाना खर्च स्वरूप रू.२००|- (कर बाहेक) उपलब्ध गराइनेछ।
५. साधारण सभामा सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ, प्रतिनिधि तोकी पठाउन पाइने छैन।
६. साधारण सभा नितान्त रूपमा संस्थामा आबद्ध सदस्यहरूको लागि गरिएको भेला हो, जुन संस्थाको विषयमा जानकारी लिने, छलफल गर्ने, खबरदारी गर्ने, रचनात्मक सुझाव दिने र असल नेतृत्व छनौट गर्ने अवसर हो। यसको सदुपयोग गर्नु हुन सम्पूर्ण सदस्यहरूमा हार्दिक अनुरोध गर्दछौं।

### थप जानकारीको लागि:

| | |
|---|---|
| रञ्जना सुवाल, मुख्य कार्यालय | : ९८६३-१९२७१७ |
| अशोक खत्री, टुकुचा जागरण सेवा केन्द्र | : ९८६३-१९२७२२ |
| अनिता थापा, बनेपा जनमैत्री सेवा केन्द्र | : ९८६३-१९२७३९ |
| सागर कुँवर, धुलिखेल सेवा केन्द्र | : ९८६३-१९२७४१ |
| सागर गिरी, पाँचखाल सेवा केन्द्र | : ९८६६-२९४४०५ |

.......................................
जयराम थापा, सचिव
सञ्चालक समितिको आज्ञाले

सहकारी संस्थामा सदस्य बनेपछि संस्थाले निर्धारण गरेको नियमित बचत रकम जम्मा गर्नु सदस्यको कर्तव्य हो।

### नियमित बचत नगरेमा:

१. निष्क्रिय सदस्यको सूचीमा परिन्छ।
२. संस्थाबाट आवश्यक परेको बेलामा ऋण लिन पाइँदैन।
३. संस्थाको आर्थिक सुरक्षा कार्यक्रमबाट प्राप्त हुने विभिन्न राहत सहयोग पाइँदैन।
४. संस्थाको संरक्षित पुँजी फिर्ता कोषबाट प्राप्त हुने लाभ प्राप्त हुँदैन।
५. संस्थाको साधारण सभामा सहभागिता जनाउन पाइँदैन।
६. संस्थाले सदस्यता खारेजी समेत गरिदिन सक्दछ।

तसर्थ नियमित बचत गरौं। असल सदस्यको परिचय दिऔं।

Website: www.budol.coop.np
Email: info@budol.coop.np
फोन नं.: ०११-६६०५६४, ०११-६६२३६४
मुख्य कार्यालयः बनेपा न.पा. ६, बुडोल, काभ्रेपलाञ्चोक
Head Office: Banepa-6, Budol, Kavrepalanchok

जि.स.का. दर्ता नं. ०७१/०५०/०५१
रा.स.नि.प्रा. इजाजतपत्र नं. २०५०-००४७१
स्था.ले.नं. ३०३१२२१५१

"सबल र सर्वोत्कृष्ट संस्था"

# बुडोल सामुदायिक
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Budol Samudayik Saving and Credit Co-operative Society Limited

नेफस्कून

# वार्षिक प्रतिवेदन
आ.व. ०८२/०८३

**सम्पादन**
भवानी के.सी.
विवेक राज ठकुरी

**कम्प्युटर**
मुकेश पहरी

**मुद्रण**
सम्राट कलर प्रिन्टिङ्ग प्रेस प्रा.लि.,
महालक्ष्मी, ललितपुर

**प्रकाशक**
बुडोल सामुदायिक बचत तथा ऋण
सहकारी संस्था लिमिटेड
बनेपा न.पा. ६, बुडोल, काभ्रेपलाञ्चोक




## यस भित्र ...........

- सञ्चालक समितिको वार्षिक प्रतिवेदन
- आ.व. ०८३/०८४ को प्रस्तावित कार्यक्रम तथा बजेट
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
- स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन
- सहकारीका सिद्धान्तहरू

# २७ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन

आदरणीय शेयर सदस्य महानुभावहरू,

संस्थाका सञ्चालक समितिका वर्तमान तथा निवर्तमान पदाधिकारी तथा सदस्यहरू, लेखा सुपरिवेक्षण समितिका वर्तमान तथा निवर्तमान संयोजक तथा सदस्यहरू, सल्लाहकारज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरू, सम्पर्क व्यक्तिहरू, प्रमुख कार्यकारी अधिकृत लगायत संस्थामा आबद्ध सबै तहका कर्मचारी, पत्रकारबन्धु, महिला तथा सज्जनवृन्द ! बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २७ औं वार्षिक साधारण सभाको यस गरिमामय क्षणमा हामी उपस्थित भएका छौं ।

सर्वप्रथम गत भाद्र १० गतेको भीषण प्राकृतिक विपत्तिबाट रसुवा, नुवाकोट, धादिङ्ग र गोरखा समेतका जिल्लाहरूमा पुगेको मानवीय क्षति र खरवौं रूपैयाँ बराबरको भौतिक सम्पत्तिको हानी नोक्सानीबाट देशले अपूरणीय क्षति व्यहोर्नु परेको छ । ती जिल्लाहरूमा रहेका सहकारी संघ संस्थाहरूले पनि अकल्पनीय हानी नोक्सानी व्यहोर्नु परेको छ । यस विषम परिस्थितिमा प्राकृतिक विपत्तिमा परेर दिवङ्गत हुनुभएका सबै प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं साथै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं । घटनामा परी घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । घटनामा परी वेपत्ता भएका मानिसहरूको सकुशल उद्दारको लागि र घरवार विहीन हुनु भएकाहरूको उचित संरक्षणको लागि सरकार समक्ष अनुरोध गर्दछौं । यस संस्थाको तर्फबाट प्रधानमन्त्री राहतकोष मार्फत पिडित व्यक्ति र समुदायको राहतको लागि रू.२,५१,०००।- अक्षरेपि सहयोग रकम उपलब्ध गराइएको व्यहोरा समेत यहाँ जानकारी गराउदछु ।

सहकारीको विश्वव्यापी मान्यता एवम् सिद्धान्त अनुरूप स्वायत्तता र स्वतन्त्रता (Autonomy and Independence) लाई सर्वोपरि आदर्श मानिन्छ । सदस्यहरूद्वारा गठित, सञ्चालित एवम् नियन्त्रित स्वायत्त र स्वतन्त्रता नै सहकारीको आत्मतत्व हो । सहकारी बाह्य नियन्त्रण र हस्तक्षेपमुक्त हुने मूल मान्यता रहेको छ । सिद्धान्त अनुसारको अभ्यास र आचरण गर्नु सहकारी अभियानमा आबद्ध सबैको कर्तव्य हुनुपर्ने हो । यद्यपि विगत केही वर्षदेखि सहकारीको स्वायत्तता र स्वतन्त्रताको सिद्धान्तको आडमा केही व्यक्तिहरूले मनोमानी गरेको, आर्थिक अपचलन गरेको कारण कतिपय सहकारी संस्थाले सदस्यहरूको बचत फिर्ता गर्न नसकेको, बचतको संरक्षण गर्न नसकेको, त्यस्ता सहकारीका सञ्चालक तथा व्यवस्थापकहरू कोही पक्राउ परेको, कोही सम्पर्क विहिन हुन पुगेको कुरा सबैमा विदितै छ । निहित स्वार्थ वा लोभमा परेर वा अञ्जानमा कतिपय सञ्चालक वा व्यवस्थापकहरूले सदस्यहरूको विश्वासको धरोहर सहकारी संस्थालाई धराशायी वा समस्याग्रस्त तुल्याई अलपत्र पारी दिएका छन् । अनावश्यक लाभको अपेक्षा र महत्वाकांक्षा राख्ने केही व्यक्तिहरूको कारणले गर्दा समग्र सहकारी क्षेत्रलाई नै बदनाम गराउन खोजिएको छ । सहकारी अभियानको बाधकको रूपमा रहेका खराब तत्वहरूलाई कारवाहीको दायरामा ल्याई सदस्यको बचतको सुरक्षाको लागि नियमनकारी निकायले कुनै कसर बाँकी नराखी यथाशीघ्र पहलकदमी चाल्नु पर्दछ भन्ने हाम्रो जोडदार माग रहेको छ। यसै सन्दर्भमा सहकारी ऐन, २०७४मा समययानुकूल संशोधन गरी यो ऐनमा रहेका कमजोरीहरूलाई सच्याइ कसिलो बनाएको छ । बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्थाका सदस्यको शेयर र संस्थाको जगेडा कोष/संस्थागत पुँजीलाई संस्थाको प्राथमिक पुँजीकोष कायम गरी सो कोषमा रहेको १५ गुणा भन्दा बढी बचत संकलन गर्न नपाइने, त्यस्तै प्रति सदस्य बचत संकलनको सीमा सहकारी संस्थाको प्राथमिक पुँजीकोषको दश प्रतिशत भन्दा बढी गर्न नपाइने मापदण्ड निर्धारण गरेको एवम् प्रति सदस्य प्राथमिक पुँजीकोषको १५ प्रतिशत भन्दा बढी ऋण लगानी गर्न नपाइने र वर्षै पिच्छे सहकारी संस्थाहरूले नियामक निकाय राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट संस्था दर्ता नवीकरण गर्नुपर्ने अन्यथा वित्तीय कारोवारमा रोक लगाउन सक्ने व्यवस्था गरेको छ । राज्यले अख्तियार गरेको कानुन तथा नीति, विधि र प्रक्रियाहरूलाई पूर्ण रूपमा पालन गरेर सदस्य सेवामा प्रतिबद्ध रहँदै आ-आफ्नो संघ संस्था सफलतापूर्वक सञ्चालन गर्नु पर्ने अवस्था आएको छ ।

यस बुडोल सामुदायिक साकोसको सन्दर्भमा भन्नु पर्दा निरन्तरको सिकाइ र अभ्यासलाई संस्था सञ्चालनको प्रमुख कडीको रूपमा हामीले आत्मसात गरेका छौं । संस्थागत सुशासनलाई जस्तोसुकै असहज परिस्थितिमा पनि अङ्गीकार गर्न हामी पछि परेका छैनौं । सदस्य र समुदायको हितलाई सधैं शिरमा राख्ने संस्थाको मूलभूत विशेषता रहेकोले नै यो संस्थाले सदस्य, समुदाय, छाता सङ्गठनहरू र नियामक निकायहरूबाट माया र उत्कृष्ट पहिचान पाएको छ । बुडोल सामुदायिक साकोस सहकारी अभियान भित्रका अन्य संघ संस्थाहरूको लागि एउटा "खुल्ला पाठशाला" को रूपमा विकसित हुँदै आएको छ भने छाता सङ्गठन र नियमनकारी निकायहरूको आँखामा 'नमुना सहकारी'को छाप छोड्न सफल हुँदै अघि बढिरहेको छ । यसै सन्दर्भमा सहकारी रजिष्ट्रारको कार्यालयबाट भर्खरै जारी गरेको निर्देशन बमोजिम सदस्यहरूलाई लगानी गरिने ऋणमा ब्याज बाहेक सेवा शुल्क, नवीकरण शुल्क, फारम दस्तुर वा अन्य कुनै पनि प्रकारका प्रशासनिक शुल्क नलिने सञ्चालक समितिले निर्णय गरी निर्देशनको पूर्ण रूपमा पालना गरेको छ ।

**संस्थाको पृष्ठभूमि :**

बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (बुडोल सामुदायिक साकोस) वि.सं. २०५६ सालमा पूर्व सहकारीको रूपमा मानिसहरूलाई समूहमा संगठित गर्दै सुरूवात भएको र संस्था दर्ता गर्ने क्रममा वि.सं. २०५० सालमा दर्ता भई निष्क्रिय रहेको संस्थालाई नै पुनर्जीवन प्रदान गरी वि.सं.२०५७ साल माघ महिनाबाट सञ्चालनमा आएको संस्था हो । प्रारम्भमा संस्था महिला र पुरूषको छुट्टाछुट्टै समूह निर्माण गरी महिलाबाट रू.५०।- र पुरूषबाट रू. १००।- मासिक बचत गर्दै एउटा मात्र वडामा सीमित भै सञ्चालनमा आएको थियो । विशाल वृक्षको बिउ पनि कुनै बेला सानै थियो र त्यही सानो बिउ कालान्तरमा विशाल वृक्षमा परिणत भएको हो भन्ने दृष्टान्त दिँदै

सानो सानो बचतले पनि भविष्यमा ठुलो पुँजी निर्माण गर्न सक्दछ भनेर बचतकर्तालाई ऊर्जा दिने काम संस्थाका परिकल्पनाकारहरूले गर्नु भएको थियो । तत्कालीन समयमा महिनाभरमा १ दिन बराबरको कमाइ बचत गर्नुपर्दछ भन्ने मान्यताबाट स-साना रकम र थोरै सदस्यहरूबाट शुरूवात भएकोले सुरूका वर्षहरूमा यसले बचत गर्ने बानीको विकास गर्दै लगेता पनि समुदायमा खासै विशेष पहिचान हासिल गर्न सकेको थिएन । वि.सं. २०६४ सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (NEFSCUN) र एशियाली ऋण महासंघ (ACCU) बाट सञ्चालित एक्सेस कार्यक्रममा सहभागिता पश्चात् संस्थाले सहकारी क्षेत्रमै आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएको छ । सञ्चालनमा आएको यस अवधिमा सङ्ख्यात्मक र गुणात्मक हिसाबबाट संस्था निकै सबल र सक्षम भएको छ । संस्थालाई एक सफल सहकारी संस्थाको रूपमा पहिचान बनाउन नेफ्स्कुन र आकुको भूमिका उल्लेखनीय रहेको छ भने राष्ट्रिय सहकारी महासंघ लि., राष्ट्रिय सहकारी बैंक लि., जिल्ला सहकारी संघ लि., काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि., काभ्रे लगायतको समेत सहयोग रहेको छ । शुरूमा "Small is Beautiful" को अवधारणा लिई संस्था सानै भएपनि आन्तरिक व्यवस्थापन, सदस्य सेवा र सुशासनमा उत्कृष्ट हुनुपर्ने सिद्धान्तलाई आत्मसात् गर्दै सोही रूपमा संस्था स्थापित भएपश्चात् "Large is powerful" को अवधारणालाई अवलम्बन गर्दै सङ्ख्यात्मक रूपमा संस्थालाई पुँजी र सदस्यको हिसाबमा ठुलो बनाइ बलियो बनाउने क्रियाकलापहरू सञ्चालन भए । यसै क्रममा संस्थाले २०७३ सालमा तत्कालीन टुकुचा जागरण साकोस र २०७५ सालमा जनमैत्री र चाँदनी साकोस एवम् २०७९ सालमा काभ्रे पर्यटन विकास सहकारी संस्था लि.सँग एकीकरण गरी संस्था गुणात्मक रूपमा मात्र नभई सङ्ख्यात्मक रूपमा समेत जिल्लाकै अग्रणी सहकारी संस्थाहरूमा पङ्क्तिबद्ध हुँदै गयो । हाल संस्थाको कार्यक्षेत्र काभ्रेपलाञ्चोक जिल्लाभर कायम भई संस्थाले एक सबल र सर्वोकृष्ट संस्थाको रूपमा पहिचान स्थापित गराइसकेको छ ।

**परिकल्पना:**

"सबल र सर्वोत्कृष्ट संस्था"

**ध्येय:**

"युवा पुस्ता समेतको सहभागिता र प्रविधिमा आधारित वित्तीय सेवाको पहुँच विस्तार गर्दै सदस्यको सन्तुष्टि अभिवृद्धि गर्ने"

**संस्थाको विगत ५ वर्षको झलक:**

| विवरण | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
|---|---|---|---|---|---|
| शेयर पुँजी | १४,८७,२९,९००।०० | १५,८९,२७,२००।०० | १६,५७,७६,७००।०० | १७,२१,८९,७००।०० | १४,५५,०२,९००।- |
| संस्थागत पुँजी | ११,७६,२५,५२०।८८ | १४,३०,६२,०६८।४२ | १६,६२,०५,५७८।७६ | १८,४५,६८,०४१।२१ | १९,८६,३७,०८२।७० |
| बचत | १,३२,२१,८४,४८४।६५ | १,४३,३५,५३,६८९।५० | १,५८,०५,३३,३८५।१८ | १,७२,१७,१०,०१८।८५ | १,८८,३५,९७,३१०।७७ |
| ऋण सुरक्षण कोष | २,२८,७५,८४२।३६ | २,८०,३४,२६४।०० | ४,०८,४२,८११।८७ | ५,७१,६१,९४५।०२ | ६,११,२२,१६९।८० |
| ऋण लगानी | १,३३,५४,६४,९९२।८७ | १,३२,३२,०१,९९२।८९ | १,३१,८०,०८,०३८।३९ | १,२८,७९,५०,६२८।७७ | १,२२,३९,१८,९६२।७० |
| कुल सम्पत्ति | १,७४,६५,५१,८२९।८१ | १,८२,७६,४६,२२८।०४ | १,९७,२६,१९,३०३।१३ | २,१२,७७,२०,२३५।८६ | २,२६,६६,९४,७९९।१५ |
| कुल आम्दानी | २१,०३,०४,२७७।४९ | २५,२३,९७,६४८।५७ | २४,७०,४६,२७०।३५ | २१,१८,२४,४७८।५३ | १७,०६,७१,५७१।०९ |
| कुल खर्च | १४,८१,२६,१६०।२८ | १७,८९,१२,९६९।३८ | १९,०७,६५,२१७।३८ | १६,५२,०७,५६२।९९ | १३,७१,७१,८७३।९२ |
| सञ्चालन नाफा/नोक्सान | ६,२१,६८,११७।२१ | ७,३४,८४,६७९।१९ | ५,६२,८१,०५२।९७ | ४,६६,१६,९१५।५४ | ३,३४,९९,६९७।१७ |
| सदस्यता | १६,०९४ | १७,७६७ | १८,८५४ | १९,५७३ | १७,७९७ |
| कोपिला बाल बचतकर्ता | ६,५६९ | ७,२८९ | ७,८०१ | ८,१३२ | ८,१७५ |

**आदरणीय शेयर सदस्यज्यूहरु,**

अब म संस्थाको सञ्चालक समितिको तर्फबाट आ.व. २०८२/०८३ को लागि तयार गरिएको प्रगति प्रतिवेदन अनुमोदनका लागि सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु :

(क) **आ.व. ०८२/०८३ को लक्ष्य तथा प्रगति विवरण:**

१. **सदस्यता विवरण :**

१.१ संस्थाले आ.व.२०८२/०८३ मा १,५०० जना शेयर सदस्य थप गर्ने लक्ष्य लिएकोमा ९८६ जना नयाँ सदस्य थप भएको र ७६२ जनाले सदस्यता खारेजी गरेको देखिन्छ । जस अनुसार ६५.७३% ले लक्ष्य हासिल भएको देखिन्छ जुन गत आ.व.को तुलनामा १.१४% वृद्धि भएको छ ।

१.२ संस्थामा आ.व.२०८२/०८३ मा ५०३ जना नयाँ कोपिला बालबचतकर्ता थप भएको छ र ४६० जना कोपिला बाल बचतकर्ताले खारेजी गरेको देखिन्छ । आ.व.२०८२/०८३ मा ६८ जना बालबचतकर्ता थप गर्ने लक्ष्य लिएकोमा ४३ जना नयाँ बालबचतकर्ता थप भएको छ । जस अनुसार ६३.२४% ले लक्ष्य हासिल भएको देखिन्छ जुन गत आ.व. को तुलनामा ०.५३% ले वृद्धि भएको छ ।

१.३ आर्थिक वर्ष ०८२/०८३ अन्त्यमा संस्थाको सदस्यता देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | सदस्य सङ्ख्या |
|---|---|---|
| १.३.१ | पुरूष सदस्य | ८,७९६ |
| १.३.२ | महिला सदस्य | १०,९८३ |
| १.३.३ | संस्थागत सदस्य | १८ |
| | जम्मा शेयर सदस्य | १९,७९७ |
| १.३.४ | कोपिला बाल बचतकर्ता | ८,१७५ |
| | कुल जम्मा | २७,९७२ |

१.४ संस्थाको स्वीकृत कार्यक्षेत्र काभ्रेपलाञ्चोक जिल्लाभर रहेको र जिल्लाको कूल जनसङ्ख्या ३,६४,०३९ रहेकोमा यस आ.व.को अन्त्यसम्ममा संस्थामा आबद्ध सदस्य सङ्ख्या २७,९७२ (कोपिला बाल बचतकर्ता समेत) रहेको छ। जुन स्वीकृत कार्यक्षेत्रभित्र सदस्यता पहुँच ७.६८% रहेको छ। (जनसङ्ख्या स्रोतः केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणना २०७८)

१.५ संस्थामा सदस्यता लिनको लागि रू.१००।- प्रवेश शुल्क (पछि फिर्ता नहुने) लाग्ने व्यवस्था रहेकोमा एकल महिला, अपाङ्ग तथा पेशागत जातिलाई उक्त प्रवेश शुल्क छुटको व्यवस्था गरिएको छ साथै संस्थाले नवविवाहिता दुलहीलाई प्रोत्साहन स्वरुप रू.१,०००।- बराबरको शेयर प्रदान गरी सदस्यता दिने व्यवस्था गरेको छ।

२. कुल सम्पति :

| गत आ.व.को | यस वर्ष थप | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २,१२,७७,२०,२३५।८६ | १३,८९,७४,५६३।२९ | २,२६,६६,९४,७९९।१५ | ६.५३ |

संस्थाले आ.व. २०८२/०८३ मा कुल सम्पत्तितर्फ रू.१२,३८,६३,७८४।७३ थप गर्ने लक्ष्य लिएकोमा ११२.२०% ले रू.१३,८९,७४,५६३।२९ वृद्धि गर्न सफल भएको छ। जुन गत आ.व. को तुलनामा ६.५३% ले वृद्धि भएको छ।

३. शेयर पुँजी :

| गत आ.व.को | यस वर्ष थप | फिर्ता | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १७,२१,८९,७००।- | २,३८,६०,२००।- | ५,०५,४७,०००।- | १४,५५,०२,९००।- | -१५.५० |

संस्थाले आ.व. २०८२/०८३ मा संस्थामा समानान्तर शेयरको अवधारणा बमोजिम आबद्ध हरेक सदस्यको क्रमिक रूपमा औसत शेयर रू.१० हजार कायम गर्ने सन्दर्भमा कम शेयर भएका सदस्यलाई शेयर थप गर्न र बढी शेयर भएका सदस्यलाई शेयर फिर्ता गर्दै शेयर पुँजीतर्फ रू.२,००,००,०००।०० घटाउने लक्ष्य लिएकोमा १३३.४३% ले रू.२,६६,८६,८००।०० घटेको छ। जुन गत आ.व. को तुलनामा १५.५०% ले कम भएको छ।

४. बचत हिसाब :

| गत आ.व.को | यस वर्ष थप | फिर्ता | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १,७२,१७,१०,०१८।८५ | ३,४७,३२,१९,४६४।०० | ३,३१,१३,३२,१७२।०८ | १,८८,३५,९७,३१०।७७ | ९.४० |

संस्थाले आ.व. २०८२/०८३ मा बचत सङ्कलनमा रू.१२,९१,२८,२५१।४१ थप गर्ने लक्ष्य लिएकोमा १२५.३७% ले रू.१६,१८,८७,२९१.९२ वृद्धि गर्न सफल भएको छ। जुन गत आ.व. को तुलनामा ९.४०% ले वृद्धि भएको छ।

५. संस्थागत पुँजी :

| गत आ.व.को | यस वर्ष थप | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|
| १८,४५,६८,०४१।२१ | १,४०,६९,०४१।४९ | १९,८६,३७,०८२।७० | ७.६२ |

संस्थाले आ.व. २०८२/०८३ मा संस्थागत पुँजीतर्फ रू. १,५४,५६,१२३।४१ थप गर्ने लक्ष्य लिएकोमा ९१.०३% ले रू.१,४०,६९,०४१।४९ वृद्धि गर्न सफल भएको छ। जुन गत आ.व. को तुलनामा ७.६२% ले वृद्धि भएको छ।

६. लगानीमा रहेको जम्मा ऋण हिसाबः

| गत आ.व.को | यस वर्ष थप | असुली | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १,३४,४९,३२,०७१।४० | ५३,८२,१६,१००।- | ५९,८३,५९,६५०।९७ | १,२८,४७,८८,५२०।४३ | (४.४७%) |

संस्थाले आ.व. २०८२/०८३ मा लगानीमा रहेको ऋण हिसाबतर्फ रू.२५,७५,९०,१२५।७५ थप गर्ने लक्ष्य लिएकोमा रू.६,०१,४३,५५०।९७ घटेको छ। जुन गत आ.व. को तुलनामा ४.४७% ले घटेको छ।

७. भाखा नाघेको ऋण र सोको व्यवस्थापनः

संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सञ्चालन

सम्बन्धमा जारी भएको नियामकीय मापदण्ड २०८२' बमोजिम निम्नानुसार भाखा नाघेको ऋणमा नोक्सानी व्यवस्था कोष व्यवस्थापन गरेको छ।

| ऋणको विवरण | ऋण रकम | ऋण नोक्सानी व्यवस्था | प्रतिशत |
|---|---|---|---|
| असल ऋण (भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतीत नभएको ऋण) | १,२४,९९,९८,७४५।३० | १,२४,९९,९८७।४५ | १% |
| कमसल ऋण (३ देखि ६ महिनासम्म भाखा नाघेको ऋण) | ६७,९३,००१।२२ | १६,९८,२५०।३१ | २५% |
| शंकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेको ऋण) | २,२१,४५,६८३।७३ | १,१०,७२,८४१।८७ | ५०% |
| खराब ऋण (१२ महिनाभन्दा बढीले भाखा नाघेको ऋण) | ५८,५१,०९०।१८ | ५८,५१,०९०।१८ | १००% |
| जम्मा | १,२८,४७,८८,५२०।४३ | ३,११,२२,१६९।८० | |

संस्थाले आ.व. २०८२/०८३ मा भाखा नाघेको ऋणलाई ३.५% मा नियन्त्रण गर्ने लक्ष्य लिएकोमा २.७१% कायम भएको छ र ऋण नोक्सानी व्यवस्था कोषमा अतिरिक्त रू.३,००,००,०००।- सहित कुल रू.६,११,२२,१६९।८० व्यवस्थापन गरेको छ।

८. **आम्दानी तथा खर्च :**

संस्थाले आर्थिक वर्ष २०८२/०८३ मा ब्याज आम्दानीतर्फ रू.१७,६८,१२,५८८।८३ र अन्य आम्दानीतर्फ रू.१,९३,९४,७३७।५२ गरी जम्मा आम्दानी रू.१९,६२,०७,३२६।३४ को लक्ष्य लिएकोमा ब्याज आम्दानी रू. १६,५१,०८,५४५।१० र अन्य आम्दानी रू.५५,६३,०२५।९९ गरी कुल आम्दानी रू.१७,०६,७१,५७१।०९ मात्र गर्न सफल भएको छ।

त्यसैगरी उक्त आर्थिक वर्षमा ब्याज खर्चतर्फ रू.९,८७,८२,०४९।५७ र अन्य खर्चतर्फ रू.४,७५,३५,८५४।९७ गरी कुल खर्च रू.१४,६३,१७,९०४।५४ को लक्ष्य लिएकोमा ब्याज खर्च रू.८,८०,६६,४७१।७२, ऋणको ब्याज छुट खर्च रू.६,६३,५६३।५९ र अन्य खर्च रू.४,८४,४१,८३८।६१ गरी कुल खर्च रू.१३,७१,७१,८७३।९२ भएको छ।

९. **सञ्चालन खर्च :**

संस्थाले आर्थिक वर्ष २०८२/०८३ मा कर्मचारी खर्चतर्फ रू.२,६७,६०,७८८।२३, अन्य सञ्चालन खर्चतर्फ रू.१,७३,२३,५९३।१७ र ह्रासकट्टी खर्चतर्फ रू.३४,५१,५२७।५७ प्रक्षेपण गरेकोमा कर्मचारी खर्चमा रू.२,५९,८३,८३१।१४ खर्च भएको, अन्य सञ्चालन खर्चतर्फ रू.१,५०,८७,९७१।२२ मात्र खर्च भएको, ह्रासकट्टी रू.३४,३९,८११।४७ मात्र खर्च भएको र ऋण जोखिम व्यवस्था खर्च रू.३९,६०,२२४।७८ भएको छ।

१०. **कर्मचारी बोनस कोष व्यवस्था :**

संस्थाले आ.व. २०८२/०८३ मा कर्मचारी बोनस कोषमा नियमानुसार १०% का दरले रू.३३,०८,३५३।६२ छुट्ट्याएको छ र आयकर अघि संस्थाको सञ्चालन मूनाफा रू.३,०१,९१,३४३।५५ भएको छ।

११. **आयकर दायित्व :**

संस्थाले आ.व. २०८२/०८३ को सञ्चालन मुनाफाबाट (अन्तिम लेखा परीक्षण समेतबाट ठहर हुन आएको) रू.३०,१४,५०९।२२ आयकरको लागि व्यवस्था गरेको छ। आयकर पश्चात्को शुद्ध बचत (मुनाफा) रू.२,७१,६१,७९६।२० हुन आएको छ। जुन गत आर्थिक वर्षको तुलनामा २८।६० प्रतिशतले कम भएको देखिन्छ।

१२. **बचत (मुनाफा) बाँडफाँड :**

संस्थाले विनियम बमोजिम शुद्ध बचत रू.२,७१,६१,७९६।२० मा NFRS समायोजन कोष रू.२,३२,६१८।८५ व्यवस्था गरी बाँकी हुन आउने रकमबाट जगेडा कोषमा २५% ले हुन आउने रू.६७,३२,२९४।३४ र बाँकी रकम रू.२,०१,९६,८८३।०१ अन्य कोषहरूमा बाँडफाँड गरेको छ। सहकारी ऐन, २०७४ को प्रावधान बमोजिम संरक्षित पुँजी फिर्ता कोषमा २५% ले हुन आउने रू.५०,४९,२२०।७५, सहकारी प्रवर्द्धन कोषमा ०.५% ले हुन आउने रु.१,००,९८४।४२ व्यवस्था गरेको छ। संरक्षित पुँजी फिर्ता कोष र प्रवर्द्धन कोषको व्यवस्था पछि बाँकी रकम रू.१,५०,४६,६७७।८४ अन्य कोषमा बाँडफाँड गरिएको छ। शेयर लाभांश कोषमा ७०% ले हुन आउने रु.१,०५,३२,६७४।४९ छुट्ट्याइएको छ। सहकारी शिक्षा कोष, सहकारी विकास कोष, सामुदायिक विकास तथा सदस्य हितकोष, घाटापूर्ति कोष, स्थिरीकरण कोष र अन्य जोखिम व्यवस्थापन कोषमा ५% का दरले आउने रकम रु.७,५२,३३३।८९ का दरले कुल रु.४५,१४,००३।३५ छुट्ट्याएको छ।

(ख) **बचत सेवाहरु र सहभागिता :**

संस्थाले सदस्यहरूलाई सरल र सुलभ रूपमा २० प्रकारका बचत सेवाहरू प्रदान गर्दै आइरहेको छ।

१. **बचतका प्रकारहरु तथा सेवामा सहभागिताको अवस्था :**

संस्थाको नियमित बचत, ऐच्छिक बचत र सदस्यता राहत बचत खातामा सदस्यहरूलाई अनिवार्य सहभागिता र अन्य बचत खाताहरूमा स्वैच्छिक सहभागिताको प्रावधान राखिएको छ। आ.व. २०८२/०८३ मा नियमित, साधारण र आवधिक बचत खातामा सदस्यहरूको सहभागिताको अवस्था देहाय बमोजिम रहेको छ। संस्थामा कायम कुल बचत रकममध्ये नियमित बचतको हिस्सा ३५.७१%, साधारण बचतको हिस्सा ४२.३०% र आवधिक बचतको हिस्सा २१.९९% रहेको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी गरिएको नियामकीय मापदण्ड २०८२ बमोजिम सदस्यहरूको बचत नियमित, साधारण र आवधिक गरी जम्मा ३ प्रकारमा विभाजन गरिएको छ र सदस्यहरूको सहभागिता देहाय बमोजिम रहेको छ।

| क्र.सं. | बचतका प्रकार | खाता सङ्ख्या | रकम | प्रतिशत |
|---|---|---|---|---|
| १. | नियमित बचत | २७,८२५ | ६७,२७,७२,६४५.४७ | ३५.७१ |
| २. | साधारण बचत | ४५,६३० | ७९,६६,९८,७६५.३० | ४२.३० |
| ३. | आवधिक बचत | ५४९ | ४१,४१,२५,९००.०० | २१.९९ |
| | जम्मा | ७४,००४ | १,८८,३५,९७,३१०.७७ | १०० |

संस्थामा नियमित, साधारण र आवधिक गरी बचतको शीर्षकहरू र सदस्यहरूको सहभागिता देहाय बमोजिम रहेको छ।

| क्र.सं. | बचतका प्रकार | खाता सङ्ख्या | रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | नियमित बचत | १९,३३५ | ४२,८१,१७,३८५।५८ | २२।७३ | नियमित बचत |
| २. | कोपिला बचत | ८,१७५ | १९,७६,९८,२८१।३७ | १०।५० | |
| ३. | अभिभावक बचत | ३१५ | ४,६९,५६,९७८।५२ | २।४९ | |
| ४. | दैनिक बचत | २,३९६ | ४,०७,५१,०२५।८८ | २।१६ | साधारण बचत |
| ५. | ऐच्छिक बचत | १९,२७८ | ३१,४९,०६,४५२।१५ | १६।७२ | |
| ६. | संयुक्त ऐच्छिक बचत | ४७ | ६९,१९,३८४।०६ | ०।१४ | |
| ७. | सामाजिक बचत | ७ | २५,२८,४९५।८० | ०।१३ | |
| ८. | चाडपर्व बचत | १६ | १,२९,००५।५३ | ०।०१ | |
| ९. | गहना बचत | ३१० | ८७,३८,३२३।४५ | ०।४६ | |
| १०. | शिक्षा बचत | ५७ | ४,७८,७७३।७८ | ०।०३ | |
| ११. | खत्रुके बचत | २२ | ६६,८४६।९७ | ०।०१ | |
| १२. | बीमा बचत | ८६ | ४,८२,८३०।९१ | ०।०३ | |
| १३. | शेयर बचत | १,०९२ | २,८७,१४७।२० | ०।०२ | |
| १४. | बुसा विशेष बचत | ६११ | २५,४५,६२,८०३।६० | १९।७० | |
| १५. | सदस्य राहत बचत | १७,९६६ | ३७,११,४२,६५६।२१ | २।०८ | |
| १६. | पर्यटन बचत | ७८५ | ५८,८२,६७७।३० | ०।३१ | |
| १७. | अक्षयकोष बचत | १ | ११,१९९।६३ | ०।०१ | |
| १८. | मातृत्व सुरक्षा बचत | ८८८ | २६,७८,६७०।६७ | ०।१४ | |
| १९. | ऋण असुली बचत | २,०६८ | २५,९६,४६५।७६ | ०।१४ | |
| २०. | आवधिक बचत | ५४९ | ४१,४१,२५,९००।०० | २१।९९ | आवधिक बचत |
| | जम्मा | ७४,००४ | १,८८,३५,९७,३१०।७७ | १०० | |

२. **ब्याजदर निर्धारण सम्बन्धी व्यवस्था :**

बचत र ऋणमा बजार अध्ययन कार्यदलको सिफारिसमा सञ्चालक समितिले समय सापेक्ष प्रतिस्पर्धी ब्याजदर कायम गर्न समय समयमा ब्याजदर पुनरावलोकन गर्ने गरेको छ। आ.व.०८२/०८३ मा १ पटक ब्याजदर परिमार्जन गरी लागु गरिएको थियो। आ.व.०८२/०८३ मा समग्र वित्तीय बजारमा निरन्तर ब्याजदर घट्दो क्रममा रहयो फलस्वरूप संस्थाको बचत र ऋण सेवामा पनि ब्याजदर घट्दो क्रममै रहन गयो।

३. **बचत र ऋण सङ्कलनको लागि सदस्यलाई थप सुविधा:**

३.१ **सदाबहार काउण्टर सुविधा :**

बिदाका दिनहरूमा बिहान ९:०० बजेदेखि अपरान्ह १:०० बजेसम्म सदाबहार काउण्टर सुविधा बनेपा जनमैत्री सेवा केन्द्र कार्यालयबाट प्रदान गरिएको छ भने प्रत्येक आइतबार बिहान ९:०० बजेदेखि अपरान्ह १:०० बजेसम्म मुख्य कार्यालयबाट पनि सेवा प्रदान गरिएको छ। तर बडादशैंको टीका र तिहारको टीकाको दिन कार्यालय पूर्ण रूपमा बन्द रहने गरेको छ। प्रत्येक महिनाको सार्वजनिक बिदा बाहेक मसान्तको दिनमा संस्थाको मुख्य कार्यालयमा बिहान ७:३० बजेदेखि बिहानी काउन्टर सुविधाको व्यवस्था मिलाइएको छ।

३.२ **कल डिपोजिट सुविधा :**

सदस्यहरूले कार्यालयमा सम्पर्क गरेमा रू. १० हजारभन्दा माथिको रकम सङ्कलन गर्न कल डिपोजिट सुविधामार्फत् संस्थाका

कर्मचारी सम्बन्धित स्थानमा जाने सुविधालाई कायम गरिएको छ।

३.३. **क्षेत्रीय घुम्ती सेवा :**
संस्थाको स्थापना कालदेखि नै सदस्यहरूको सुविधाको लागि संस्थाले मासिक बचतको साथै अन्य बचत ऋण सङ्कलनको लागि क्षेत्रगत रूपमा घुम्ती सेवा प्रदान गर्दै आइरहेको छ।

३.४. **बुसा मोबाइल बैंकिङ्ग र क्यू.आर. मर्चेन्ट सुविधा:**
संस्थाले प्रविधिमा आधारित सेवा सुविधा प्रदान गर्ने क्रममा बुसा मोबाइल बैंकिङ्ग मार्फत मौज्दातको जानकारी, किस्ता सम्बन्धी जानकारी, स्टेटमेन्ट, रकम ट्रान्सफर, कारोबार सचेतक, इन्टरनेटको बिल तिर्ने, टि.भी. रिचार्ज, टेलिफोन र बिजुलीको बिल तिर्ने, ई-सेवा र खल्ती वालेट लोड, मोबाइल डाटा प्याक लिने, इन्स्योरेन्सको भुक्तानी र फोन-पे जस्ता सुविधाहरू प्रदान गरेको छ। असारमसान्तसम्ममा २,३८९ जना सदस्यहरू बुसा मोबाइल बैंकिङ्ग सुविधामा आबद्ध रहनु भएको छ। त्यस्तै संस्थाले ई-सेवासँग सहकार्य गरी संस्थामा आबद्ध व्यवसाय गर्ने सदस्यहरूलाई निःशुल्क क्यू.आर. मर्चेन्ट सुविधा प्रदान गरिरहेको छ। असार मसान्तसम्ममा ४३५ जना सदस्यहरूले क्यू.आर. मर्चेन्ट सुविधा प्रयोग गरिरहनु भएको छ।

३.५ **कारोबार समय :**
सदस्यहरूलाई कारोबारको लागि सोमबार देखि शुक्रबारसम्म बिहान ९:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म समय निर्धारण गरिएको छ।
(नोटः कात्तिक १६ गते देखि माघ १५ गतेसम्मको लागि कार्यालय समय बिहान ९:०० देखि बेलुकी ५:०० बजेसम्म कायम गरिएको छ।)

(ग) **कर्मचारी व्यवस्थापन :**

१. **कर्मचारी दरबन्दी :**
संस्थामा आ.व. २०८२/०८३ को असारमसान्तमा देहाय अनुसार दरबन्दीमा ४८ जना कर्मचारीहरू कार्यरत छन्। कर्मचारी खर्चलाई न्यूनीकरण गर्ने उद्देश्यले जनशक्ति सेवा प्रदायक कम्पनी भेट्रान सेक्युरिटी ट्रेनिङ्ग एण्ड सप्लाई प्रा.लि., काठमाडौं मार्फत थप २ जना सुरक्षा सहयोगी र १ जना कार्यालय सहयोगी लिई काममा लगाइएको छ।

| क्र.सं. | पद | सङ्ख्या |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत (दशौं तह) | १ |
| २. | कार्यकारी अधिकृत (आठौं तह) | १ |
| ३. | वरिष्ठ अधिकृत (सातौ तह) | १ |
| ४. | अधिकृत (छैठौं तह) | २ |
| ५. | सहायक अधिकृत (पाँचौं तह) | ४ |
| ६. | वरिष्ठ सहायक (चौथो तह) | २ |
| ७. | सहायक (तेस्रो तह) | १३ |
| ८. | कनिष्ठ सहायक (दोस्रो तह) | ७ |
| ९. | सदस्य सहजकर्ता (पहिलो तह) | ५ |
| १०. | सुरक्षा सहयोगी (पहिलो तह) | ४ |
| ११. | सदस्य सहजकर्ता (श्रेणीविहीन) | ७ |
| १२. | सहयोगी (श्रेणीविहीन) | १ |
| जम्मा | | ४८ |

२. **नयाँ कर्मचारी नियुक्ति :**
यस आर्थिक वर्षमा देहायबमोजिम पदहरूमा १२ जना कर्मचारीहरू खुला प्रतिस्पर्धामार्फत करार/तालिमी सेवामा नियुक्ति गरिएको छः

सहायक (तेस्रो तह) : भवानी उप्रेती
सहायक (तेस्रो तह) : सुमित्रा कारञ्जित
सहायक (तेस्रो तह) : रमिता श्रेष्ठ
सहायक (तेस्रो तह) : प्रतिमा घिमिरे
कनिष्ठ सहायक (दोस्रो तह) : भावना रायमाझी
सदस्य सहजकर्ता (श्रेणीविहीन 'ख') : सुष्मा दुलाल
सदस्य सहजकर्ता (श्रेणीविहीन 'ख') : बन्दना श्रेष्ठ

सदस्य सहजकर्ता (श्रेणीविहीन 'ख') : दिलिपकुमार भण्डारी
सदस्य सहजकर्ता (श्रेणीविहीन 'ख') : अञ्जली दाहाल
सदस्य सहजकर्ता (श्रेणीविहीन 'ख') : सम्झना दुलाल ढकाल
सदस्य सहजकर्ता (श्रेणीविहीन 'ख') : शान्ता मिजार
सदस्य सहजकर्ता (श्रेणीविहीन 'ख') : सरिता घिमिरे सापकोटा

३. **राजीनामा :**

आफ्नो व्यक्तिगत कारण खुलाई सदस्य सहजकर्ता पदमा कार्यरत श्री सुजन घिमिरेले दिनुभएको राजीनामा २०८२ असोज ६ गते, सदस्य सहजकर्ता पदमा कार्यरत श्री विशिराम थापाले दिनुभएको राजीनामा २०८२ मंसिर १३ गते, सहायक पदमा कार्यरत श्री विवेक बजगाईंले दिनुभएको राजीनामा २०८२ मंसिर २६ गते, कनिष्ठ सहायक पदमा कार्यरत श्री अस्मिता पुर्कुटीले दिनुभएको राजीनामा २०८२ फागुन ९ गते, वरिष्ठ सहायक पदमा कार्यरत श्री कविता श्रेष्ठले दिनुभएको राजीनामा २०८२ फागुन २९ गते, सदस्य सहजकर्ता पदमा कार्यरत श्री सुस्मिता बस्नेतले दिनुभएको राजीनामा २०८१ चैत्र १४ गते , सदस्य सहजकर्ता पदमा कार्यरत श्री बन्दना श्रेष्ठले दिनुभएको राजीनामा २०८२ चैत्र २७ गते, सहायक पदमा कार्यरत श्री अञ्जना देवजुले दिनुभएको राजीनामा २०८३ असार १३ गतेको सञ्चालक समितिको बैठकको निर्णयबाट जम्मा ८ जना कर्मचारीहरूको राजीनामा स्वीकृत गरियो ।

४. **स्वेच्छिक अवकाश:**

यस आर्थिक वर्षमा संस्थाले प्रकाशन गरेको सूचनाको आधारमा स्वेच्छिक अवकाश मार्फत अधिकृत पदमा कार्यरत श्री इन्दिरा कार्की के.सी. र सहायक पदमा कार्यरत श्री श्रीकृष्ण श्रेष्ठले स्वेच्छिक अवकाशको लागि दिनुभएको आवेदन उपर सञ्चालक समितिको मिति २०८३/०२/१० गते बसेको बैठकको निर्णयबाट मिति २०८३/०४/०१ गतेदेखि लागू हुने गरी स्वीकृत गरियो ।

५. **कार्यसम्पादन मूल्याङ्कन तथा कार्य विवरण वितरण :**

संस्थाले आफ्नो वार्षिक कार्ययोजना अनुरूप सदस्य केन्द्रित कार्यक्रमहरू, संस्थागत कार्यक्रमहरू र संस्थाको वित्तीय लक्ष्यहरू सहितको कार्य विवरण आ.व.को पहिलो दिनमा नै संस्थाको सञ्चालक समितिको तर्फबाट सचिवले प्रमुख कार्यकारी अधिकृतलाई, प्रमुख कार्यकारी अधिकृतले कार्यकारी अधिकृत, विभागीय प्रमुख, शाखा प्रमुख र सेवाकेन्द्र प्रमुखलाई र विभागीय प्रमुख, शाखा प्रमुख र सेवाकेन्द्र प्रमुखले आफू मातहतका कर्मचारीहरूलाई कार्यविवरण प्रदान गर्ने गरिएको छ र प्रदान गरिएको लक्ष्य र अन्य समग्र कार्यसम्पादन मूल्याङ्कनको आधारमा आ.व. को पहिलो महिनामा नै कर्मचारीहरूलाई विभिन्न प्रोत्साहन सहित पुरस्कृत गर्ने गरिएको छ । जसअनुसार ९ जना कर्मचारीहरूलाई थप १ ग्रेड सहित प्रोत्साहन भत्ता, ५ जना कर्मचारीलाई प्रोत्साहन भत्ता, १२ जना कर्मचारीलाई थप १ ग्रेड र ९ जना कर्मचारीलाई सचेत पत्र उपलब्ध गराइयो ।

६. **कर्मचारी सेवा सुविधा :**

संस्थालाई सफलताका साथ अगाडि बढाउनको लागि संस्थामा कार्यरत कर्मचारीहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । संस्थाको नीति, निर्देशिकाहरूको कार्यान्वयन र संस्थाले लिएको लक्ष्यलाई पूरा गर्ने प्रमुख जिम्मेवारी व्यवस्थापनको हुने हुनाले कर्मचारीहरूको योगदानलाई दृष्टिगत गरी संस्थाले मासिक तलबका अतिरिक्त देहायबमोजिमका सेवा तथा सुविधाहरू समेत उपलब्ध गराउँदै आएको छ :

६.१ **मासिक तलब, ग्रेड :**

संस्थाले कार्यरत आफ्ना कर्मचारीहरूलाई श्रम ऐनको परिधिभित्र रही प्रतिस्पर्धी तलब, ग्रेड लगायतका सुविधाहरूको व्यवस्था गर्दै आएको छ साथै कर्मचारीहरूलाई तहगत रूपमा मासिक महँगी र प्रोत्साहन भत्ता उपलब्ध गराउदै आएको छ । संस्थाको नाफाको अवस्था, संस्थागत पूँजीको वृद्धि, सदस्यता वृद्धि, कुल सम्पत्तिको वृद्धि, सरकारी तलब स्केलको वृद्धि, मुद्रास्फितिको अवस्था आदिलाई विश्लेषण गरी प्रत्येक २/२ वर्षमा तलबको पुनरावलोकन गर्ने व्यवस्था मिलाइएको छ ।

६.२ **सामाजिक सुरक्षा कोष :**

संस्थामा कार्यरत कर्मचारीहरूलाई २०७६ साउनदेखि सामाजिक सुरक्षा कोषमा आबद्ध गराई नियमानुसारको योगदान गराउँदै आएको र २०८३ असारमसान्तसम्ममा कार्यरत कर्मचारीहरू मध्ये ४६ जना कर्मचारीहरूको सहभागिता रहेको छ ।

६.३ **प्रोत्साहन भत्ता :**

प्रत्येक आ.व.मा मानव संसाधन व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम समग्र कार्यसम्पादन मूल्याङ्कनको आधारमा कम्तीमा ७० % उपलब्धि हासिल गर्ने कर्मचारीहरूलाई उनीहरूको उपलब्धि प्रतिशतको आधारमा खाईपाई आएको तलबले हुन आउने रकम र ९० प्रतिशत लक्ष्य उपलब्धि हासिल गर्ने कर्मचारीहरूलाई १ महिना बराबरको तलबले हुन आउने रकम प्रोत्साहन भत्ता स्वरूप प्रदान गर्ने गरिएको छ । कर्मचारीहरूलाई दिइएको लक्ष्यको उपलब्धि अनुसार आ.व. २०८२/०८३ मा रू.४,००,७३४।२८ प्रोत्साहन भत्ता स्वरूप वितरण गरिएको थियो ।

६.४ **पर्व खर्च :**

पर्व खर्च बापत १ महिनाको खाईपाई आएको आधारभूत तलब बराबरको रकम उपलब्ध गराउने व्यवस्था रहेको छ ।

६.५ **कार्यालय पोशाक :**

प्रत्येक कर्मचारीलाई वार्षिक रू. ८,०००।- का दरले पोशाक खर्च उपलब्ध गराइएको छ ।

६.६ कर्मचारी बोनस :

संस्थाको खुद बचत (मूनाफा) को आधारमा कर्मचारी बोनस कोषमा जम्मा हुन आउने रकमबाट कर्मचारीलाई अधिकतम ३ महिना बराबरको खाईपाई आएको तलब रकम बोनस उपलब्ध गराउने व्यवस्था अनुरूप कर्मचारी बोनस कोषमा रहेको रकमबाट आर्थिक वर्ष २०८२/०८३ मा ३ महिना बराबर रू.३४,७६,२४९।१५ बोनस रकम वितरण गरिएको थियो ।

६.७ कर्मचारीहरुको आ.व. ०८२/०८३ मा भएको तालिम, गोष्ठी, भ्रमण तथा सहभागिताको विवरण :

| क्र.सं. | मिति | सहभागीको नाम | तालिम तथा कार्यक्रमको नाम | आयोजक संस्थाको नाम |
|---|---|---|---|---|
| १ | २०८२/०४/२१ देखि २५ गतेसम्म | मुकेश पहरी | Advanced Excel Training (Virtual/Online) | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| २ | २०८२/०४/२८ | उमेश आचार्य | राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन तथा पुँजीकोष व्यवस्थापन तालिम | राष्ट्रिय सहकारी बैंक लिमिटेड र कोअपरेटिभ मेनेजर्स क्लब, काभ्रे |
| ३ | २०८२/०५/२३ | सजना हुमागाई, रेणुका दाहाल, सुस्मिता बस्नेत, सुमित्रा दाहाल, प्रिया श्रेष्ठ | जाली नोट तथा हस्ताक्षर पहिचान तालिम | कोअपरेटिभ मेनेजर्स क्लब, काभ्रे |
| ४ | २०८२/०५/२३ | सुजन अधिकारी | सहकारीमा साइबर सुरक्षा आधारभूत तालिम | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ५ | २०८२/०७/२३ | विवेक राज ठकुरी | उत्कृष्ट संघ/संस्थाको व्यवस्थापकहरूको सिकाई कार्यशाला गोष्ठी | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ६ | २०८२/०८/२४ | मुकेश पहरी | सहकारी क्षेत्रमा AI को प्रयोग सम्बन्धी तालिम | जिल्ला सहकारी संघ, काभ्रे |
| ७ | २०८२/१०/११ र १२ गते | सजना हुमागाई | ऋण लगानी, असूली व्यवस्थापन तथा देखिएका समस्या र समाधानका उपायहरू सम्बन्धी क्षमता अभिवृद्धि | जिल्ला सहकारी संघ, काभ्रे |
| ८ | २०८२/११/०८ देखि १० गते सम्म | रञ्जना सुवाल | साकोस व्यवस्थापकहरूको क्षमता विकास तालिम | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन) |
| ९ | २०८२/११/२३ | सुजन अधिकारी, विनिता तिमल्सिना, भवानी उप्रेती, सन्तोष घिमिरे, विशुराम भण्डारी, सीता सुवेदी, रोजन खड्गी, सुस्मा दुलाल, दिवाकर सुवेदी | सहकारी सेवा संस्कार रूपान्तरण तालिम | कोअपरेटिभ मेनेजर्स क्लब, काभ्रे |
| १० | २०८२/११/२८ देखि १२/३ सम्म | विवेक राज ठकुरी | कोशी प्रदेशका सहकारी संघ संस्था अध्ययन अवलोकन भ्रमण | जिल्ला बचत संघ, काभ्रे |
| ११ | २०८२/१२/०७ देखि ९ गतेसम्म | मनोज कुमार घोरासैनी | साकोस ऋण अधिकृतहरूको क्षमता अभिवृद्धि तालिम | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) |
| १२ | २०८२/१२/१४ देखि १६ गतेसम्म | सजना हुमागाई | आधारभूत लेखा व्यवस्थापन तालिम | जिल्ला बचत संघ, काभ्रे |
| १३ | २०८२/१२/१४ | विवेक राज ठकुरी, रञ्जना सुवाल | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी अभ्यासमूलक तालिम | कोअपरेटिभ मेनेजर्स क्लब, काभ्रे |
| १४ | २०८३/०१/२१ र २२ गते | विवेक राज ठकुरी | ऋण लगानी तथा असूली सम्बन्धी आवश्यक कानुनी कागजात तयारी कार्यशाला | कोअपरेटिभ मेनेजर्स क्लब, काभ्रे |

| | | | | |
|---|---|---|---|---|
| १५ | २०८३/०१/२८ | रञ्जना सुवाल | कर्जा असूली तथा सहकारी सम्बन्धी तालिम | बनेपा नगरापालिका |
| १६ | २०८३/०२/०८ | विवेक राज ठकुरी | Access Consultation Workshop | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) |
| १७ | २०८३/०२/२५ देखि ३० गतेसम्म | उमेश आचार्य | सहकारीमा सुशासन र स्वनियमन अभिवृद्धि गर्ने तालिम | राष्ट्रिय सहकारी महासंघ (IFFCO) |
| १८ | २०८३/०३/०५ | विवेक राज ठकुरी, उमेश आचार्य, मुकेश पहरी | सहकारी रिपोर्टिङ फाइल ढाँचा फाइनल गर्ने सम्बन्धी तालिम | कर्जा सूचना केन्द्र लि. |

६.८ कर्मचारी तालिम तथा कार्यक्रम :

संस्थाको कार्यसम्पादनलाई प्रभावकारी, गुणस्तरीय तथा परिणाममुखी बनाउन कर्मचारीहरुको ज्ञान, सिप, दक्षता तथा व्यावसायिक क्षमताको निरन्तर विकास आवश्यक हुन्छ। कर्मचारीको क्षमता अभिवृद्धिले संस्थाको उत्पादकत्व तथा सेवा प्रवाहमा सकारात्मक प्रभाव पार्ने विश्वासका साथ-साथै नियामक निकायबाट निर्धारित मापदण्ड अनुसार कर्मचारीहरुको तालिम तथा वृत्ति विकासका लागि प्रत्येक आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षको कुल तलबभत्ता खर्चको कम्तीमा २ प्रतिशत रकम विनियोजन तथा खर्च गर्नुपर्ने व्यवस्था रहेको सन्दर्भमा गत आर्थिक वर्षमा भएको कुल तलबभत्ता खर्चको १.१३ प्रतिशत, अर्थात् रू.२,७८,७७७।- मात्र कर्मचारी तालिम तथा वृत्ति विकास सम्बन्धी कार्यक्रममा खर्च भएको छ।

(घ) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उपसमितिहरुको गतिविधि :

१. सञ्चालक समिति :

१.१ सञ्चालक समितिको बैठक सङ्ख्या र उपस्थिति :

आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालक समितिको बैठक २५ पटक बसेको थियो। सञ्चालक समितिको बैठकमा उपस्थिति दर ८९.८२ प्रतिशत रहेको देखिन्छ।

| क्र.सं. | नाम, थर | पद | उपस्थिति | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| १ | कैलाश के.सी. | अध्यक्ष | २५ | १०० |
| २ | प्रकाश भुर्तेल | उपाध्यक्ष | २४ | ९६ |
| ३ | जयराम थापा | सचिव | २५ | १०० |
| ४ | राधेश्याम के.सी. | कोषाध्यक्ष | २३ | ९२ |
| ५ | गीता कुँवर क्षेत्री | सह-सचिव | २३ | ९२ |
| ६ | राधाकृष्ण श्रेष्ठ | सह-कोषाध्यक्ष | २२ | ८८ |
| ७ | हरिराम कुँइकेल | सदस्य | २३ | ९२ |
| ८ | गायत्री खड्का | सदस्य | २३ | ९२ |
| ९ | सुनिता मल्ल | सदस्य | २५ | १०० |
| १० | भवानी के.सी. | सदस्य | २० | ८० |
| ११ | अर्मेसा लामा | सदस्य | १४ | ५६ |

१.२ सहभागिता तथा प्रतिनिधित्व :

| क्र.स. | मिति | सहभागीको नाम | तालिम तथा कार्यक्रमको नाम | आयोजक संस्थाको नाम |
|---|---|---|---|---|
| १ | २०८२/०४/१३ | कैलाश के.सी., जयराम थापा | ५ औं वार्षिकोत्सव कार्यक्रम | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन) |
| २ | २०८२/०४/३१ | सञ्चालक समिति र उच्च व्यवस्थापन कर्मचारी | ३८ औं वार्षिकोत्सव कार्यक्रम | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ३ | २०८२/०५/२६ | गीता कुँवर क्षेत्री | ४४ औं वार्षिक साधारण सभा | जिल्ला सहकारी संघ, काभ्रे |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८२/०७/१० | राधेश्याम के.सी, हरिराम कुइँकेल, विवेक राज ठकुरी, उमेश आचार्य, निराजन भुजेल | विषयगत अध्ययन अवलोकन भ्रमण कार्यक्रम | जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि., रूपन्देही |
| ५ | २०८२/०८/०६ | प्रकाश भुर्तेल | २२ औं वार्षिक साधारण सभा | राष्ट्रिय सहकारी बैंक लिमिटेड |
| ६ | २०८२/०८/२० | प्रकाश भुर्तेल | सहकारीमा वर्तमान सवाल, चुनौती र संघको भूमिका सम्बन्धी अन्तरक्रिया | जिल्ला बचत संघ, काभ्रे |
| ७ | २०८२/०८/२६ | कैलाश के.सी | ५ औं वार्षिक साधारण सभा | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन) |
| ८ | २०८२/०९/०३ र ४ गते | प्रकाश भुर्तेल, जयराम थापा, विवेक राज ठकुरी, उमेश आचार्य | साकोस शिखर गोष्ठी | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ९ | २०८२/१०/११ | कैलाश के.सी., विवेक राज ठकुरी | साकोस जोखिम व्यवस्थापन-३६० कार्यशाला | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) |
| १० | २०८२/१०/२३ र २४ गते | भवानी के.सी. | महिला नेतृत्व विकास तालिम | जिल्ला बचत संघ, काभ्रे |
| ११ | २०८२/१२/१० | जयराम थापा | २७ औं वार्षिकोत्सव कार्यक्रम | ज्योती मिर्मिरे सामुहिक साकोस |
| १२ | २०८२/१२/१३ | भवानी के.सी., ईन्दिरा कार्की के.सी. | तनाव विसर्जन तालिम | जीवन विज्ञान परिषद्, काभ्रे |
| १३ | २०८२/१२/१७ | कैलाश के.सी., विवेक राज ठकुरी | सहकारी सुधार संवाद कार्यक्रम | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन) |
| १४ | २०८३/०१/१४ | डिल्ली प्रसाद घिमिरे | भाखा नाघेको ऋण व्यवस्थापन तथा नापी नक्सा तालिम | जिल्ला बचत संघ, काभ्रे |
| १५ | २०८३/०२/२० | जयराम थापा, रञ्जना सुवाल | साकोस जोखिम व्यवस्थापन-३६० कार्यशाला | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) |
| १६ | २०८३/०२/२३ | कैलाश के.सी., जयराम थापा, राधेश्याम के.सी., हरिराम कुइँकेल, विवेक राज ठकुरी, उमेश आचार्य, इन्दिरा कार्की, दिपक अधिकारी, निराजन भुजेल, अशोक खत्री, अनिता थापा, सागर कुँवर, सागर गिरी | व्यक्तिगत विकास तथा सोच रूपान्तरण तालिम | कोअपरेटिभ मेनेजर्स क्लब, काभ्रे |
| १७ | २०८३/०२/३१ | हरिराम कुइँकेल, निराजन भुजेल | सहकारी कर्जा असुली न्यायाधिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | जिल्ला बचत संघ, काभ्रे |
| १८ | २०८३/०३/२५ | कैलाश के.सी., जयराम थापा | २४ औं स्थापना दिवस २०८३ कार्यक्रम | राष्ट्रिय सहकारी बैंक लि. |
| १९ | २०८३/०३/२८ | कैलाश के.सी., रञ्जना सुवाल | सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी | राष्ट्रिय सहकारी नियमन प्राधिकरण |

१.३ छाता सङ्गठनहरुमा नेतृत्व :

यस संस्थाका अध्यक्ष श्री कैलाश के.सी. बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को सदस्य सेवा उपसमिति र राष्ट्रिय सहकारी बैंक लि.को शाखा समन्वय समिति, बनेपाको सदस्यको रूपमा नेतृत्व गरिरहनु भएको छ ।

२. लेखा सुपरिवेक्षण समिति :

२.१ बैठक सङ्ख्या :

आ.व. २०८२/०८३ मा लेखा सुपरिवेक्षण समितिको बैठक २८ पटक बसेको थियो ।

२.२ गतिविधिहरु :

२.२.१ आन्तरिक लेखा परीक्षण गरिएको ।

२.२.२ संस्थाको प्रगतिको लागि सुधारात्मक सुझावहरू प्रदान गरिएकोमा महत्वका साथ कार्यान्वयनमा लगिएको ।

२.२.३ संस्थाको मुख्य कार्यालय लगायत सबै सेवाकेन्द्रहरूको नियमित अनुगमन तथा निरीक्षण गरिएको ।

३. ऋण उपसमिति :

३.१ बैठक सङ्ख्या :

आ.व. २०८२/०८३ मा ऋण उपसमितिको बैठक ३५ पटक बसेको थियो । धितो निरीक्षण, लगानी पूर्व परियोजना निरीक्षण, लगानी पश्चात् परियोजना अनुगमन गरी थप १४७ पटक उपस्थिति रहेको थियो साथै भाखा नाघेको ऋण असुलीको लागि ऋण उपसमितिबाट वर्षैभरि सक्रिय सहभागिता रहेको देखिन्छ ।

४. महिला तथा सामाजिक सांस्कृतिक उपसमिति :

४.१ बैठक सङ्ख्या :

आर्थिक वर्ष २०८२/०८३ मा महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको बैठक ९ पटक बसेको थियो ।

| क्र.सं. | कार्यक्रम | वितरण |
|---|---|---|
| १. | रक्तदान कार्यक्रम (२०८१।०८।२२ गते र २०८२।०१।२४) | कुल ६७ जना रक्तदाताहरूबाट ६७ पिन्ट रगत सङ्कलन । |
| २. | राहत कार्यक्रम | ६३ जना सदस्यहरूको मृत्यु भएकोमा मृतक सदस्यको परिवारलाई कूल रु. १८,६०,०००।- हस्तान्तरण । |
| ३. | जटिल रोग उपचार खर्च वितरण | ६० जना सदस्यहरुलाई कुल रू. १०,८९,९९९।- उपचार खर्च उपलब्ध हस्तान्तरण । |
| ४. | सुत्केरी उपचार सहयोग | ८३ जना सदस्यहरुलाई कुल रू. ३,१७,९५०।- सुत्केरी उपचार सहयोग हस्तान्तरण । |
| ५. | सुत्केरी भेटघाट तथा खुत्रुके वितरण | १८४ जना सुत्केरीलाई रू.१,८३,५००।- वितरण सहित भेटघाट गरी नवजात शिशुलाई बाल सदस्यता र खुत्रुके वितरण । |
| ६. | प्राकृतिक प्रकोप राहत सहयोग | २ जना सदस्यहरूलाई कुल रू. २५,०००।- प्राकृतिक प्रकोप राहत सहयोग हस्तान्तरण । |
| ७. | नव दुलही भेटघाट | ७ जना नवविवाहितलाई भेटघाट गरी प्रतिव्यक्ति १० कित्ता शेयर प्रदान सहित सदस्यता प्रदान । |

५. शिक्षा तथा प्रकाशन उपसमिति :

५.१ बैठक सङ्ख्या :

आर्थिक वर्ष २०८२/०८३ मा शिक्षा तथा प्रकाशन उपसमितिको ७ पटक बैठक बसेको थियो ।

५.२ गतिविधिहरु (सारांश) :

| क्र.सं. | कार्यक्रम | विवरण |
|---|---|---|
| १. | भित्तेपात्रो प्रकाशन | १०,००० प्रति प्रकाशन |
| २. | प्रतिवेदन पुस्तिका छपाइ | २,५०० प्रति प्रकाशन |
| ३. | कापी, कलम/पेन्सिल वितरण | ३७,००० थान कापी, १३,५०० थान पेन र १४,५०० थान पेन्सिल |
| ४. | एस.ई.ई. सम्मान कार्यक्रम (२०८२ साउन १७ गते र २०८३ असार १३ गते) | ४०६ जना विद्यार्थीहरूलाई सम्मान |

६. कर्मचारी पदपूर्ति उपसमिति :

६.१ आर्थिक वर्ष २०८२/०८३ मा कर्मचारी पदपूर्ति उपसमितिको १९ पटक बैठक बसेको थियो ।

६.२ गतिविधिहरु :

उपसमितिले विषय विज्ञ समेतको सहयोगमा आ.व. २०८२/०८३ मा खुला प्रतिस्पर्धामार्फत सहायक तेस्रो तह (करार सेवा)मा ४ जना, खुल्ला प्रतिस्पर्धामार्फत कनिष्ठ सहायक दोस्रो तह (करार सेवा) मा १ जनाको छनौट गर्ने क्रममा सूचना प्रकाशन, छोटो सूची

तयारी तथा प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन, प्रयोगात्मक परीक्षा, नतिजा प्रकाशनलगायतका विभिन्न गतिविधि सञ्चालन गरेको थियो ।

६.२ **उच्च व्यवस्थापनबाट कर्मचारी पदपूर्ति :**

आ.व. २०८२/०८३ मा उच्च व्यवस्थापनले खुला प्रतिस्पर्धामार्फत सदस्य सहजकर्ता श्रेणीविहिन तह (करार/तालिमी सेवा) मा ७ जना कर्मचारी छनौट गर्ने क्रममा सूचना प्रकाशन, छोटो सूची तयारी तथा प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशनलगायतका विभिन्न गतिविधि सञ्चालन गरी कर्मचारी पदपूर्ति गरेको थियो ।

७. **सेवाकेन्द्र व्यवस्थापन उपसमितिहरु :**

| क्र.सं. | सेवाकेन्द्रको नाम | बैठक सङ्ख्या | सम्पन्न मुख्य कार्यक्रम तथा गतिविधिहरु |
|---|---|---|---|
| १. | टुकुचा जागरण सेवाकेन्द्र | २ | एकाइ साधारण सभाः १,६११ जना उपस्थित, सुत्केरी उपचार खर्च वितरण ११ जना, सुत्केरी भेटघाट २७ जना, सदस्यता राहत वितरण ७ जना, जटिलरोग उपचार खर्च वितरण ९ जना, कापीपेन्सिल वितरण कार्यक्रम ८६० जनालाई, दीपावली कार्यक्रम १ वटा, सदस्य विस्तारित मञ्च र जागरण कार्यक्रम ७ वटा, विद्यालयमा बुसा कार्यक्रम २ वटा, सदस्यता अभिवृद्धि कार्यक्रम ७ वटा र ५ जना नयाँ सदस्यता । |
| २. | धुलिखेल सेवाकेन्द्र | १ | एकाइ साधारण सभाः १,३५६ जना उपस्थित, सुत्केरी उपचार खर्च वितरण १० जना, सुत्केरी भेटघाट २६ जना, सदस्यता राहत वितरण ५ जना, जटिल रोग उपचार खर्च वितरण ८ जना, कापीपेन्सिल वितरण कार्यक्रम ९६८ जनालाई, दीपावली कार्यक्रम १ वटा, विद्यालयमा बुसा कार्यक्रम १ वटा, सदस्य विस्तारित मञ्च र जागरण कार्यक्रम २ वटा, सदस्यता अभिवृद्धि कार्यक्रम ६ वटा र २० जना नयाँ सदस्यता । |
| ३. | बनेपा जनमैत्री सेवाकेन्द्र | ४ | एकाइ साधारण सभाः २,२१० जना उपस्थित, सुत्केरी उपचार खर्च वितरण १२ जना, सुत्केरी भेटघाट ३३ जना, सदस्यता राहत वितरण ८ जना, नवदुलही भेटघाट १ जना, जटिल रोग उपचार खर्च वितरण ६ जना, दैवी विपत्ति सहयोग १ जना, कापीपेन्सिल वितरण कार्यक्रम १,११५ जनालाई, दीपावली कार्यक्रम १ वटा, विद्यालयमा बुसा कार्यक्रम ४ वटा, सदस्य विस्तारित मञ्च र जागरण कार्यक्रम ९ वटा, सदस्यता अभिवृद्धि कार्यक्रम २ वटा र २६ जना नयाँ सदस्यता । |
| ४ | पाँचखाल सेवाकेन्द्र | २ | एकाइ साधारण सभाः ७१७ जना उपस्थित, सुत्केरी उपचार खर्च वितरण ५ जना, सुत्केरी भेटघाट ११ जना, सदस्यता राहत वितरण ४ जना, जटिल रोग उपचार खर्च वितरण २ जना, कापी पेन्सिल वितरण कार्यक्रम ४१३ जनालाई, दीपावली कार्यक्रम १ वटा, सदस्य विस्तारित मञ्च र जागरण कार्यक्रम २ वटा, विद्यालयमा बुसा कार्यक्रम १ वटा, सदस्यता अभिवृद्धि कार्यक्रम ११ वटा र ३९ जना नयाँ सदस्यता । |

(ङ) **संस्थागत कार्यक्रम तथा गतिविधिहरु :**

१. **२६ औं वार्षिक साधारण सभा :**

संस्थाको २६ औं वार्षिक साधारण सभा मिति २०८२ भदौ २९ गतेदेखि सञ्चालन गरी असोज ६ गते सम्पन्न गर्ने गरी निर्धारण गरिएकोमा मिति २०८२ भदौ २३ र २४ गतेको जेञ्जी आन्दोलनको कारण स्थगन गरी मिति २०८२ कात्तिक ३० गतेबाट चार वटा एकाइ बैठकमा सुरू भई निर्णय प्रमाणित सभा मंसिर ८ गते सम्पन्न भएको थियो । उक्त साधारण सभामा ११,१८० जना (५६।२२ प्रतिशत) सदस्यहरूको उपस्थिति रहेको व्यहोरा जानकारी गराउँदछु ।

२. **२७ औं वार्षिकोत्सव कार्यक्रम** :

मिति २०८२ साल माघ १६ गते संस्थाको २७ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो । सो अवसरमा देहायबमोजिम वर्षका उत्कृष्ट सदस्य तथा कर्मचारीहरू सम्मान तथा पुरस्कृत गरिएको थियो ।

२.१ उत्कृष्ट बचतकर्ता : महिलातर्फ श्री इन्दिरा पराजुली, पुरूषतर्फ श्री गोवर्धन थापा

२.२ उत्कृष्ट ऋणी : महिलातर्फ श्री सपना श्रेष्ठ, पुरूषतर्फ श्री विश्वनाथ मानन्धर

२.३ उत्कृष्ट कोपिला बचतकर्ता : बालिकातर्फ सुश्री रिभा उपाध्याय, बालकतर्फ श्री युवेश थापा

२.४ विशिष्ट सदस्य सम्मान : डा. दिलबहादुर तामाङ

२.५ उत्कृष्ट कर्मचारी : सदस्य सहजकर्ता दिवाकर सुवेदी

२.६ बुसा दीर्घ सेवा पदक : श्री रञ्जना सुवाल

२.७ बुसा दशक सेवा पदक : श्री उमेश आचार्य, श्री श्रीकृष्ण श्रेष्ठ, श्री कविता श्रेष्ठ, श्री सुशिला मानन्धर, श्री मुकुन्द पराजुली, श्री नवराज भुजेल

२.८ बुसा शैक्षिक सम्मान : श्री दिनेश भुर्तेल स्नातकोत्तर तह उत्कृष्ट, श्री सुमिना अवा स्नातक तह उत्कृष्ट, श्री कृशला लुईटेल दश जोड दुई तह उत्कृष्टलाई नगद सहित सम्मान साथै स्नातकोत्तर, स्नातक र दश जोड दुई तह उत्तीर्ण थप ६६ जनालाई सम्मान

२.९ रक्तदान सम्मान : ५ पटक रक्तदान गर्नुहुने श्री दिपक सुवाल

२.१० अपाङ्गता भएका सदस्यहरुसँग भेटघाट कार्यक्रम :

संस्थाको २७ औं वार्षिकोत्सव समारोहको अवसरमा घोषणा गरिए बमोजिम संस्थामा आबद्ध सदस्यहरूमध्ये अपाङ्गता भएका २८ जना सदस्य र सम्बन्धित परिवारसँग संस्थाका प्रतिनिधिहरूबाट भेटघाट कार्यक्रम सम्पन्न गरिएको थियो । भेटघाटमा अपाङ्गता भएका सदस्यहरूको स्वास्थ्य अवस्था, दैनिक जीवनयापन, पारिवारिक अवस्था, राज्यको सहयोग लगायतका विषयमा छलफल गरिएको थियो । संस्थाका अध्यक्ष कैलाश के.सी.को नेतृत्वमा सञ्चालक समितिका पदाधिकारीहरू तथा कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको भेटघाट कार्यक्रममा भेटघाट गरिएका त्यस्ता सदस्यलाई संस्थाको तर्फबाट पोलार ब्ल्याङ्केट, नुहाउने साबुन, टुथ ब्रस, मञ्जन तथा नगद रू.२००।- सहयोग हस्तान्तरण गरिएको थियो ।

३. समीक्षा बैठक :

संस्थाको आ.व. ०८१/०८२ को वार्षिक कार्ययोजना तथा निर्धारित लक्ष्य अनुसार भए गरेका उपलब्धिहरूको समीक्षा गर्न मिति २०८२ साउन १७ गते वार्षिक समीक्षा बैठक चेतना केन्द्र, बुडोलमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, विभिन्न उपसमिति, सेवाकेन्द्र व्यवस्थापन उपसमिति र उच्च व्यवस्थापनका कर्मचारीहरूको उपस्थितिमा सम्पन्न भएको थियो । बैठकले आर्थिक वर्ष ०८१/०८२ मा संस्थाले गरेको प्रगतिउपर छलफल गरी आगामी दिनहरूका लागि आवश्यक सुधारका रणनीतिहरू समेत तर्जुमा गरेको थियो । मिति २०८२ कात्तिक २८ गते आ.व. ०८२/०८३ को प्रथम त्रैमासिक समीक्षा बैठक संस्थाको मुख्य कार्यालय, बुडोलमा, मिति २०८२ फागुन २ गते अर्धवार्षिक समीक्षा बैठक चेतना केन्द्र, बुडोलमा र मिति २०८३ वैशाख १२ गते तेस्रो त्रैमासिक समीक्षा बैठक मुख्य कार्यालय, बुडोलमा सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा उपलब्धिहरूको समीक्षा गर्दै सम्पन्न हुन नसकेका कार्यक्रम तथा पूरा हुन बाँकी लक्ष्यहरू हासिल गर्न विभिन्न रणनीतिहरू समेत तय गरिएको थियो ।

४. शेयर लाभांश तथा संरक्षित पुँजीफिर्ता कोष वितरण :

आ.व. २०८२/०८३ मा सदस्यहरूलाई शेयर लाभांश कोषबाट ८ प्रतिशतको दरले हुन आउने रू.१,३५,८७,३२४।१७ वितरण गरियो । संस्थाको संरक्षित पूँजीफिर्ता कोषमा रहेको रकम योगदानको आधारमा बचतकर्ता तथा ऋणी सदस्यहरूलाई आ.व. ०८२/०८३ मा ऋणतर्फ सदस्यहरूले तिरेको ब्याजमा २.५ प्रतिशत र बचततर्फ सदस्यहरूले प्राप्त गरेको ब्याजमा २.८ प्रतिशतले हुन आउने जम्मा रू.६६,०६,०६८।१२ वितरण गरियो ।

५. आर्थिक सुरक्षा कार्यक्रम :

५.१ दुर्घटना बीमा कार्यक्रम :

संस्थामा आबद्ध १६ वर्ष माथि उमेर समूहका शेयर सदस्यहरुलाई निःशुल्क दुर्घटना बीमा सुविधा उपलब्ध गराउँदै आएकोमा दुर्घटनामा परी निधन हुने देहायबमोजिम सदस्यका परिवारलाई बीमा दावी रकम हस्तान्तरण गरियोः

| क्र.सं. | नाम, थर | ठेगाना | दावी रकम | हस्तान्तरण मिति |
|---|---|---|---|---|
| १ | विजय लामा तामाङ (स.नं.१३४०३) | बनेपा-६, बुडोल | १ लाख | २०८२।०५।२९ |
| २ | सुजना खत्री (स.नं.१३२१) | पनौती-५, सुब्बागाउँ | १ लाख | २०८२।०३।१९ |

५.२ संस्थामा आबद्ध १६ वर्ष माथि उमेर समूहका शेयर सदस्यहरुलाई निःशुल्क दुर्घटना बीमा सुविधा उपलब्ध गराउँदै आएकोमा दुर्घटनामा परी स्थायी अपाङ्गता भएकोमा देहायबमोजिम सदस्यका परिवारलाई बीमा दावी रकम हस्तान्तरण गरियोः

| क्र.सं. | नाम, थर | ठेगाना | दावी रकम | हस्तान्तरण मिति |
|---|---|---|---|---|
| १ | अशोक परियार (स.नं.३४८९) | बनेपा-५, चण्डेश्वरी | १ लाख | २०८२।१०।२२ |

५.३ संस्थामा आबद्ध लघुवित्त, बचत सापटी र व्यक्तिगत धनजमानी ऋण लिने सदस्यहरूको बीमा गराउँदै आएकोमा ऋणी सदस्यको निधन भएकोमा लघुवित्त ऋण बीमा अन्तर्गत देहायबमोजिम सदस्यका परिवारलाई बीमा दावी रकम हस्तान्तरण गरियोः

| क्र.सं. | नाम, थर | ठेगाना | दावी रकम | हस्तान्तरण मिति |
|---|---|---|---|---|
| १ | कृष्णश्वरी रञ्जितकार(स.नं. ३४४७) | बनेपा-५, चण्डेश्वरी | १ लाख | २०८२।१०।१४ |

५.४ संस्थामा आबद्ध ऋणी सदस्यहरूको धितो सुरक्षण रहेको घरको बीमा गराउँदै आएकोमा धितोमा आगलागीको कारण भएको क्षति अन्तर्गत देहायबमोजिम सदस्यलाई बीमा दावी रकम हस्तान्तरण गरियोः

| क्र.सं. | नाम, थर | ठेगाना | दावी रकम | हस्तान्तरण मिति |
|---|---|---|---|---|
| १ | रञ्जना खत्री(स.नं. ११५०) | बनेपा-६, बुडोल | ६५,३६६।- | २०८१।१२।२० |

५.५ मृत्यु राहत सहयोग, उपचार खर्च आदि वितरण :

गत वर्षहरूमा झैं यस वर्ष पनि संस्थाले सदस्य राहत कोषमार्फत आफ्ना सदस्यहरूलाई प्रदान गर्दै आएको राहत, उपचार खर्च,

सुत्केरी भत्ता, प्राकृतिक प्रकोपमा सहयोग, नवदुलही सदस्यता जस्ता सुविधाहरूलाई निरन्तरता दिइयो । आ.व. २०८२/०८३ मा देहायअनुसार सुविधाहरू वितरण गरियोः

| क्र.सं. | कार्यक्रमको विवरण | लाभान्वित सदस्यता सङ्ख्या | रकम |
|---|---|---|---|
| १ | सदस्यता मृत्यु राहत कार्यक्रम | ५३ जना | १४,००,०००।- |
| २ | जटिल रोग उपचार खर्च वितरण | ४७ जना | ८,९८,३३३।- |
| ३ | सुत्केरी उपचार खर्च वितरण | १०६ जना | ५,१८,३४३।- |
| ४ | सुत्केरी भेटघाट तथा खुत्रुके वितरण | २३० जना | २,३०,०००।- |
| ५ | प्राकृतिक प्रकोप राहत सहयोग | ३० जना | ४,१२,५००।- |
| ६ | नवदुलही भेटघाट कार्यक्रम | ११ जना | ११,०००।- |
| ७ | मातृत्व सुरक्षा सहयोग | ८८ जना | ४४,०००।- |
| जम्मा | | ५६५ जना | ३५,१४,१७६।- |

६. **सदस्य स्वागत, जागरण तथा विस्तारित मञ्च :**

संस्थामा आबद्ध सदस्यहरुलाई सहकारी सम्बन्धमा सुसूचित गर्ने उद्देश्यका साथ संस्था आबद्ध पुराना सदस्य, नयाँ प्रवेश गर्ने सदस्य तथा समुदायका सम्भावित सदस्यहरुका लागि नियमित रुपमा सदस्य स्वागत, जागरण तथा विस्तारित मञ्च कार्यक्रमको आयोजना गर्ने गरिएको छ । कार्यक्रममा सदस्यहरुलाई सहकारी अभियान, बचतको महत्व, संस्थाले सदस्यहरुलाई प्रदान गर्ने सेवा सुविधाहरुको बारेमा विस्तृत रुपमा अन्तर्क्रियात्मक कार्यक्रमद्वारा जानकारी गराउने गरिएको छ । कार्यक्रममा उपस्थित सदस्यहरूलाई संस्थाको तर्फबाट मायाको चिनो स्वरूप संस्थाको लोगो अंकित सपिङ्ग व्याग वितरण गर्ने गरिएको छ । यस आ.व.मा संस्थाबाट २० वटा सदस्य स्वागत, जागरण तथा विस्तारित मञ्च कार्यक्रमको आयोजना गरिएको थियो जसमा जम्मा ८३५ जना सदस्यहरूको सहभागिता रहेको थियो ।

७. **विद्यालयमा बुसा कार्यक्रम :**

संस्थाले विगत केही वर्षदेखि विद्यालयमा अध्ययनरत बालबालिकाहरू र युवालाई वित्तीय साक्षरता र सहकारी सम्बन्धी ज्ञान प्रदान गर्ने उद्देश्यले विभिन्न विद्यालयहरूमा गई विद्यालयमा बुसा कार्यक्रम आयोजना गर्ने गरेको छ । यस वर्ष पनि संस्थाले ग्लोबल मनी विक (Global Money Week) २०२६ को सन्दर्भमा सप्ताहव्यापी रूपमा विद्यालयमा बुसा कार्यक्रम सम्पन्न गरेको थियो । मिति २०८२ चैत्र २ गते श्री सञ्जिवनी नमूना मा.वि., धुलिखेलमा र नाईटिङ्गेल एकेडेमी, बनेपामा, मिति २०८२ चैत्र ३ गते बेलर ईन्टरनेशनल एकेडेमी, बनेपामा, मिति २०८२ चैत्र ४ गते आजाद मा.वि., पाँचखालमा, मिति २०८२ चैत्र ५ गते शिक्षा सदन मा.वि., बनेपामा, मिति २०८२ चैत्र ६ गते ज्ञानकुञ्ज मा.वि., बनेपामा, मिति २०८२ चैत्र ८ गते काभ्रे मा.वि., बनेपामा विद्यालयमा बुसा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम मार्फत २९४ जना विद्यार्थी र ११ जना शिक्षक शिक्षिकाहरू गरी कूल ३०५ जनालाई वित्तीय साक्षरता प्रदान गरिएको थियो ।

८. **कार्यविवरण हस्तान्तरण कार्यक्रम :**

मिति २०८२ साउन १ गते, संस्थामा कार्यरत कर्मचारीहरूलाई आर्थिक वर्ष ०८२/०८३ को लागि लक्ष्य सहितको कार्यविवरण हस्तान्तरण कार्यक्रम सम्पन्न भएको थियो । संस्थाका सचिव जयराम थापाले अध्यक्ष कैलाश के.सी.को समुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतलाई कार्यविवरण प्रदान गर्नुभएको थियो भने प्रमुख कार्यकारी अधिकृतले कार्यकारी अधिकृत, विभिन्न विभागीय प्रमुख, शाखा प्रमुख र सेवा केन्द्र कार्यालय प्रमुखहरूलाई लक्ष्य सहितको कार्यविवरण हस्तान्तरण गर्नु भएको थियो ।

९. **एस.ई.ई. सम्मान कार्यक्रम :**

संस्थाले मिति २०८२ साउन १७ गते शनिबार संस्थामा आबद्ध भई २०८१ सालको एस.ई.ई. परीक्षामा सामेल भई उत्तीर्ण हुने र मिति २०८३ असार १३ गते शनिबार २०८२ सालको एस.ई.ई. परीक्षामा सामेल भई उत्तीर्ण हुने कोपिला बालबचतकर्ताहरुलाई सम्मान गर्दै एस.ई.ई. सम्मान कार्यक्रम सम्पन्न गरेको थियो । बनेपा-०६, बुडोल स्थित चेतना केन्द्रको सभाहलमा सम्पन्न कार्यक्रमहरूमा २०८१ सालको एस.ई.ई. परीक्षामा सामेल भई उत्तीर्ण हुने २०७ कोपिला बालबचतकर्ताहरु र २०८२ सालको एस.ई.ई. परीक्षामा सामेल भई उत्तीर्ण हुने १९९ कोपिला बालबचतकर्ताहरुलाई सम्मान गरेको थियो ।

१०. **शोक सभा :**

मिति २०८२ भाद्र २३ र २४ गते जेन-जी पुस्ताद्वारा भएको प्रदर्शनका क्रममा सहादत प्राप्त गर्ने व्यक्तिहरूको सम्मान स्वरूप नेपाल सरकार (मन्त्रिपरिषद्)बाट राष्ट्रिय शोक मनाउने निर्णय भए अनुसार यस संस्थाको मुख्य कार्यालयमा शोक सभाको आयोजना गरी सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार र कर्मचारीहरूको उपस्थितिमा दीप प्रज्वलन सहित दिवङ्गत आत्माहरूको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

११. **प्रहरी कार्यालयलाई कम्प्युटर प्रिन्टर सहयोग :**

समुदायप्रतिको उत्तरदायित्व वहन गर्ने क्रममा संस्थाले बनेपा इलाका प्रहरी कार्यालयलाई मिति २०८२ असोज ५ गते चौरानब्बे हजार पाँचसय रुपैयाँ मूल्य बराबरको कम्प्युटर १ सेट र प्रिन्टर १ थान हस्तान्तरण गरेको थियो । २०८२ भदौ २३ र २४ गते जेञ्जी

पुस्ताद्वारा भएको प्रदर्शनका क्रममा भएको आगजनीमा परी प्रहरी कार्यालय पूर्ण रूपमा जलेको थियो। जनताको जीउधनको सुरक्षा प्रदान गर्ने निकायलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याउन सहयोग पुगोस् भन्ने उद्देश्यले संस्थाले सहयोग उपलब्ध गराएको हो।

१२. **ज्येष्ठ नागरिक सदस्य सम्मान कार्यक्रम :**

मिति २०८२ असोज ११ गते अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको सन्दर्भमा संस्थाको महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा संस्थामा आबद्ध ज्येष्ठ नागरिक सदस्यहरूलाई सम्मान गरिएको थियो। ७५ वर्ष उमेर पूरा भएका २४० जना ज्येष्ठ नागरिक सदस्यहरूलाई संस्थाको मुख्य कार्यालय र सेवाकेन्द्र कार्यालयहरूमार्फत ब्लाङ्केट, रामनामी सल, सातु र नगद रू. ३ सय ५३ रूपैयाँ सहित सम्मान गरिएको थियो। कार्यालयसम्म आउन नसक्ने अशक्त सदस्यहरूलाई संस्थाका प्रतिनिधिहरु घर घरमै पुगेर समेत सम्मान गरिएको थियो। संस्थाले विगत २२ वर्षदेखि हरेक वर्ष ज्येष्ठ नागरिकहरूलाई सम्मान कार्यक्रम आयोजना गरी सम्मान गर्दै आइरहेको छ।

१३. **असल अभ्यास सम्बन्धी अध्ययन भ्रमण :**

मिति २०८२ साल कार्तिक १० गतेदेखि कात्तिक १२ गतेसम्म ३ दिन नेपालको सहकारी अभियानमा सदस्यहरुलाई उत्कृष्ट सेवा प्रदान गर्दै आफ्नो छुट्टै पहिचान बनाउन सफल रूपन्देहीको कोटिहवास्थित जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि.को असल अभ्यासहरुबारे सिकाइ तथा अनुभव आदानप्रदान गर्ने उद्देश्यले अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको थियो। संस्थाका कोषाध्यक्ष श्री राधेश्याम के.सी.को संयोजकत्वमा सञ्चालक समिति तथा ऋण उपसमिति संयोजक श्री हरिराम कुइँकेल, प्रमुख कार्यकारी अधिकृत श्री विवेक राज ठकुरी, वरिष्ठ अधिकृत श्री उमेश आचार्य र ऋण शाखा प्रमुख श्री निराजन भुजेलसहित ५ सदस्यीय टोलीले जनउत्थान साकोसको अध्ययन अवलोकन भ्रमण गरेको थियो। उक्त भ्रमणका क्रममा जनउत्थान साकोसले अवलम्बन गर्दै आएका विभिन्न असल अभ्यासहरु, संस्थागत व्यवस्थापन, सदस्य सेवा, ऋण व्यवस्थापन, व्यवसाय प्रवर्द्धन तथा अन्य कार्यसम्पादनका विषयमा जानकारी तथा अनुभव आदानप्रदान गरिएको थियो। भ्रमणबाट प्राप्त असल अभ्यास तथा सिकाइमध्ये यस संस्थाले तत्काल कार्यान्वयन गर्न सक्ने विषयहरु पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा टोलीबीच ब्यापक छलफलसमेत गरिएको थियो।

१४. **ज्येष्ठ सदस्य तीर्थाटन कार्यक्रम :**

संस्थाले ६० वर्ष उमेर पूरा भएका सदस्यहरूको सहभागितामा मिति २०८२ पुस १० गते काठमाडौं तारकेश्वरस्थित शान्तिधामको दर्शन गराउँदै १ दिवसीय तीर्थाटन कार्यक्रम सम्पन्न गरेको थियो। २७५ जना सदस्यहरूको सहभागिता रहेको कार्यक्रममा सहभागीहरूलाई संस्थाले धार्मिक प्रवचन, भजनकिर्तन र भोजन गर्ने व्यवस्था मिलाएको थियो। संस्थाले विगत ३ वर्षदेखि नै आफ्ना ६० वर्ष उमेर पूरा भएका सदस्यहरूलाई लक्षित गरी यस प्रकारको तीर्थाटन कार्यक्रमको आयोजना गर्दै आएको छ।

१५. **रक्तदान कार्यक्रम :**

"रक्तदान जीवनदान" भन्ने सेवाभावबाट अभिप्रेरित भई संस्थाले मिति २०८२ मंसिर २३ गते मंगलबार महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा ३३ औं रक्तदान कार्यक्रम संस्थाको मुख्य कार्यालयमा सम्पन्न गरेको थियो। नेपाल रेडक्रस सोसाइटी, काभ्रेपलाञ्चोक जिल्ला शाखाको प्राविधिक सहयोगमा सम्पन्न उक्त कार्यक्रममा जम्मा ३८ जना रक्तदाताहरूले मानव जीवन रक्षार्थ रक्तदान गर्नुभएको थियो।

त्यसै गरी संस्थाले मिति २०८२ चैत्र १९ गते बिहीबार ६९ औं राष्ट्रिय सहकारी दिवसको सन्दर्भमा महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा ३४ औं रक्तदान कार्यक्रम संस्थाको मुख्य कार्यालयमा सम्पन्न गरेको थियो। नेपाल रेडक्रस सोसाइटी, काभ्रेपलाञ्चोक जिल्ला शाखाको सहकार्यमा सम्पन्न उक्त कार्यक्रममा जम्मा २६ जना रक्तदाताहरूले मानव जीवन रक्षार्थ रक्तदान गर्नुभएको थियो।

१६. **शालीनदी स्नान र पशुपतिनाथ दर्शन तीर्थाटन कार्यक्रम :**

संस्थाले श्री स्वस्थानी व्रतकथा आरम्भको अवसरमा मिति २०८२ पुस २८ गते, मिति २०८२ माघ ८ र १२ गते गरी ३ पटक संस्थाको महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा शालीनदी स्नान र पशुपति नाथ दर्शन कार्यक्रम सञ्चालन गरिएको थियो। संस्थामा आबद्ध सदस्यहरूलाई शालीनदी स्नान र पशुपतिनाथ मन्दिर दर्शनको लागि यातायात सुविधा सहित आयोजना गरिएको कार्यक्रमहरूमा पहिलो तीर्थाटन कार्यक्रममा ३२ जना, दोस्रो तीर्थाटन कार्यक्रममा ६४ जना र तेस्रो तीर्थाटन कार्यक्रममा ९६ जना गरी जम्मा १९२ जना सदस्यहरूको सहभागिता रहेको थियो।

१७. **तीर्थाटन एवम् भ्रमण कार्यक्रम :**

संस्थाले वार्षिक कार्ययोजना बमोजिम सदस्य केन्द्रित कार्यक्रम अन्तर्गत संस्थाको महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा ४ दिवसीय तीर्थाटन एवम् भ्रमण कार्यक्रम सम्पन्न गरेको थियो। संस्थामा आबद्ध सदस्यहरुको लागि स्वःलागत रहने गरी मिति २०८२ फागुन ६ गतेदेखि ९ गतेसम्म आयोजित कार्यक्रममा सहभागीहरूलाई भ्रमण अवधिभरको लागि यातायात, चिया नास्ता, खाना र आवासको सुविधा सहित सुनसरी जिल्लास्थित बराहक्षेत्र, चतरा धाम, बुढासुब्बा, दन्तकाली, पिण्डेश्वर, अर्जुनधारा धाम र ईलाम जिल्लास्थित पाथीभरा, कन्याम र श्रीअन्तुको भ्रमण गराईएको थियो। कार्यक्रममा २७ जना सदस्यहरू र व्यवस्थापनको लागि २ जना संस्थागत प्रतिनिधिहरू सहित २९ जनाको सहभागिता रहेको थियो।

१८. **भवन शिलान्यास कार्यक्रम :**

संस्थाको मिति २०८२ मंसिर ८ गते सम्पन्न २६औं वार्षिक साधारण सभाबाट पारित निर्णय बमोजिम संस्थाको प्रशासनिक भवन निर्माण कार्यको शिलान्यास कार्यक्रम मिति २०८२ फागुन १४ गते बिहीबार सम्पन्न भएको थियो। कार्यक्रममा संस्थाका अध्यक्ष

श्री कैलाश के.सी.ज्यूद्वारा विधिवत् रुपमा जगपूजा गरी भवन निर्माण कार्यको शिलान्यास गरिएको थियो । कार्यक्रममा संस्थाका सञ्चालक समिति पदाधिकारीहरु, सल्लाहकारज्यूहरु, लेखा समिति पदाधिकारीहरु, पूर्व सञ्चालकज्यूहरु, उप-समिति सदस्यहरु, शेयर सदस्यज्यूहरु तथा व्यवस्थापनको उपस्थिति रहेको थियो ।

१९. **राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट सञ्चालन इजाजत पत्र प्राप्त :**

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड, २०८२ को दफा ४ बमोजिम यस संस्थाले मिति २०८२ फागुन १४ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट सञ्चालन इजाजतपत्र (रा.स.नि.प्रा. इजाजतपत्र नं. २०५०-००४७१) प्राप्त गरेको छ ।

२०. **कर्मचारी अभिमुखीकरण कार्यक्रम :**

संस्थामा कार्यरत कर्मचारीहरूलाई सहकारीको वर्तमान अवस्था र समसामयिक विषयहरू, संस्थाको व्यावसायिक गतिविधि, कर्मचारीहरूले ध्यान दिनुपर्ने कुराहरू लगायतका विषयहरूमा अद्यावधिक गराउँदै मिति २०८२ फागुन २४ गते आइतबार १ दिवसीय कर्मचारी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत विवेक राज ठकुरीले सहजीकरण गर्नु भएको थियो ।

२१. **कर्जा सूचना केन्द्र लि.मा सदस्यता :**

यस संस्थाले कर्जा सूचना केन्द्र लि.बाट विधिवत् रूपमा मिति २०८२ चैत्र २ गते सदस्यता (सदस्यता नं. CP00299) प्राप्त गरेको छ ।

२२. **लिडरशिप बुटक्याम्प पुनर्ताजगी कार्यक्रम :**

संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिका पदाधिकारीहरूको नेतृत्व क्षमता विकासको उद्देश्यले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को प्राविधिक सहयोगमा लिडरशिप बुटक्याम्प पुनर्ताजगी कार्यक्रम सम्पन्न भएको थियो । संस्थाले यसअघि मिति २०८१ पुस १८ देखि २० गतेसम्म सञ्चालन गरेको लिडरशिप बुटक्याम्प कार्यक्रमको निरन्तरता स्वरुप पुनर्ताजगी कार्यक्रम आयोजना गरेको हो । कार्यक्रम प्रख्यात नेतृत्व विशेषज्ञ तथा लेखक John C. Maxwell को Leadeshift पुस्तकका ११ वटा अध्यायमा आधारित रही सम्पन्न कार्यक्रममा नेफ्स्कूनका प्राचार्य श्री बल्लभ तिमल्सिना तथा बरिष्ठ अधिकृत श्री प्रेमनाथ वाग्लेको सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उपसमिति तथा उच्च व्यवस्थापनका कर्मचारीहरु गरी कुल ३९ जनाको सहभागिता रहेको थियो ।

२३. **बचत तथा ऋण सहकारीका पिता एफ. डब्लु. राईफाइसनको २०८ औं जन्मजयन्ती :**

बचत तथा ऋण सहकारीका प्रवर्तक फ्रेडरिच विल्हम राईफाइसनको २०८ औं जन्मजयन्ती मिति २०८२ चैत्र १६ गते सोमबार विशेष कार्यक्रमका साथ मनाएको थियो । संस्थाको मुख्य कार्यालयमा आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष श्री कैलाश के.सी.ले राईफिसनको तस्विरमा माल्यार्पण गर्दै पानसमा दीप प्रज्वलन गरी उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो साथै एफ. डब्लु. राईफिसनको योगदानको चर्चा गर्दै सहकारी अभियानलाई सशक्त बनाउन उहाँका सिद्धान्तलाई आत्मसात् गर्नु आवश्यक रहेको बताउनु भएको थियो ।

२४. **६९ औं राष्ट्रिय सहकारी दिवसमा विविध कार्यक्रम :**

"उद्यमशीलता र पारदर्शिताः सहकारीको प्राथमिकता" भन्ने नाराका साथ मिति २०८२ चैत्र २० गते शुक्रबार ६९ औं राष्ट्रिय सहकारी दिवस संस्थाको मुख्य कार्यालय, बुडोलमा नेपालको सहकारीका पिता बखान सिं गुरूङको तस्बिरमा खादा अर्पण र दीप प्रज्वलन गरी सम्पन्न गरिएको थियो । यसै अवसरमा नैमिषारण्य गुरूकुल, गोसाईंस्थानलाई रू. २७,०००।- बराबरको ३३० थान कापी र ११० थान कलम साथै हेल्प नेपाल बालगृह, धुलिखेल शाखालाई रू.११,०००।- बराबरको १३२ थान कापी र ६६ थान कलम वितरण गरिएको छ ।

२५. **मुटु रोग जाँच शिविर :**

संस्थाको महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजना, धुलिखेल अस्पतालको प्राविधिक सहयोग र धुलिखेल नगरपालिका- वडा नं. २ को सहजीकरणमा मिति २०८३ बैशाख १२ गते शनिबार मुटु रोग जाँच शिविर सम्पन्न भएको थियो । शिविरमा धुलिखेल अस्पतालमा कार्यरत वरिष्ठ मुटु रोग विशेषज्ञ डा. राजेन्द्र प्रसाद कोजु सहितको टोलीबाट १०७ जनाको जाँच गरिएकोमा २० भन्दा बढीलाई थप उपचारका लागि रिफर गरिएको र ५५ भन्दा बढीलाई औषधि सुरू गरिएको थियो ।

२६. **पुस्तक सहयोग हस्तान्तरण कार्यक्रम :**

संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्दै सामुदायिक पुस्तकालय धुलिखेल-४ को लागि १३ हजार १ सय २१ रूपैयाँ मूल्य बराबरको २१ थान पुस्तक मिति २०८३ वैशाख ३० गते सहयोग हस्तान्तण गरेको थियो । धुलिखेल नगरपालिका वडा नं. ४ मा स्थानीय क्याम्पस/विश्वविद्यालयका विद्यार्थी, युवा तथा सर्वसाधारण नागरिकहरुका लागि अध्ययन, अनुसन्धान तथा ज्ञान अभिवृद्धिको महत्वपूर्ण केन्द्रका रुपमा सञ्चालन हुन लागेको सामुदायिक पुस्तकालयको लागि संयोजक श्रीराम थापालाई संस्थाको तर्फबाट अध्यक्ष कैलाश के.सी.ले पुस्तकहरू हस्तान्तरण गर्नु भएको हो । संस्थाका सञ्चालक समिति र कर्मचारीहरूबाट संकलन गरिएका थप ३४ थान किताब समेत यसै अवसरमा हस्तान्तरण गरिएको थियो ।

२७. **एशियाली ऋण महासंघ प्रतिनिधिबाट सद्भावना भ्रमण :**

एशियाली ऋण महासंघ (अकु) का चिफ टेक्निकल अफिसर रञ्जित हिटियाराच्चीले यस संस्थाको मिति २०८३ जेठ ४ गते सोमबार सद्भावना भ्रमण सम्पन्न गर्नुभएको छ । भ्रमण कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.का वरिष्ठ

अधिकृत प्रेमनाथ वाग्लेको समेत सहभागिता रहेको थियो । कार्यक्रममा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू, प्रमुख सल्लाहकार र उच्च व्यवस्थापनबाट उपस्थिति रहेको थियो । भ्रमणका क्रममा हिटियाराच्चीले सम्बोधन गर्दै संस्थाले सदैव सदस्यहरूलाई केन्द्रमा राखेर काम गर्नुपर्ने, सदस्यले गर्ने नियमित बचतलाई सदस्यको बानीको रूपमा रूपान्तरण गर्नुपर्ने, कोभिड १९ जस्तो महामारीको जस्तो समस्या आउन सक्ने भएकोले सदस्यलाई ६ महिनाको लागि गुजारा गर्न पुग्ने गरी आपतकालिन बचत गर्न सिकाउनुपर्ने, साना र मझौला ऋणलाई प्राथमिकता दिनुपर्ने, भाखा नाघेको ऋणलाई प्रभावकारी रूपमा गणना गरी पर्याप्त कोषको व्यवस्था गर्नुपर्ने लगायतका कुरालाई जोड दिनुभएको थियो ।

२८. **सम्पति शुद्धीकरण निवारण सम्बन्धी अभिमुखीकरण कार्यक्रम :**

संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार र संस्थामा कार्यरत कर्मचारीहरूलाई मिति २०८३ जेठ १० गते आइतबार सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अभिमुखीकरण गराउने उद्देश्यले बनेपा ६ बुडोल स्थित चेतना केन्द्रमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । नेपालका वित्तीय विज्ञ तथा नेपाल राष्ट्र बैंकका निर्देशक र हाल नेपाल सरकारको अर्थ मन्त्रालयमा कार्यरत डा. हरिकुमार नेपालले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अभिमुखीकरण गर्नुभएको थियो । कार्यक्रममा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार र कर्मचारीहरू गरी जम्मा ५० जनाको सहभागिता रहेको थियो ।

२९. **वार्षिक कार्यक्रम बजेट तथा योजना तर्जुमा कार्यक्रम :**

संस्थाको आर्थिक वर्ष ०८३/०८४ को लागि वार्षिक कार्यक्रम, बजेट तथा योजनाहरु निर्माण गर्नको लागि आयोजित वार्षिक कार्यक्रम बजेट तथा योजना तर्जुमा कार्यक्रम मिति २०८३ असार २१ गते आइतबार चेतना केन्द्र, बुडोलमा सम्पन्न भएको थियो । कार्यक्रममा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, विभिन्न उपसमिति र उच्च व्यवस्थापनका कर्मचारीहरुको सहभागिता रहेको थियो । संस्थाका वरिष्ठ अधिकृत उमेश आचार्यले सञ्चालन गर्नुभएको कार्यक्रममा आ.व. ०८२/०८३ को लागि वार्षिक कार्ययोजना बमोजिम जेठमसान्तसम्मको प्रगति र सम्पन्न भएका कार्यक्रमहरु सम्बन्धी प्रस्तुतीकरण कार्यकारी अधिकृत रञ्जना सुवालले र आगामी आर्थिक वर्ष ०८३।०८४ को लागि योजना उपर प्रस्तुतीकरण प्रमुख कार्यकारी अधिकृत विवेक राज ठकुरीले गर्नुभएको थियो । कार्यक्रममा प्राप्त सुझावहरू समेतलाई सम्बोधन गर्दै आगामी आर्थिक वर्ष ०८३/०८४ को लागि नीति तथा कार्यक्रमहरू तय गरिएको छ ।

३०. **व्यवसाय विकास सेवा कार्यक्रम :**

संस्थाको वार्षिक कार्ययोजना बमोजिम व्यवसाय विकास सेवा कार्यक्रमअन्तर्गत आबद्ध सदस्यहरुको सिप विकास गरी आत्मनिर्भर बनाउने उद्देश्यले बि.एम.के. ड्राइभिङ स्कुलसँगको समन्वय तथा सहकार्यमा ४ पाङ्ग्रे सवारी चालक सिप विकास तालिम सञ्चालन गरिएको थियो । तालिमका लागि संस्थाको मापदण्डबमोजिम १० जना सदस्य छनौट गरिएकोमा ७ जनाले तालिममा सहभागिता जनाउनु भएको थियो । सहभागीमध्ये ३ जनाले सवारी चालक अनुमति पत्र प्राप्त गरी संस्थाबाट स्वरोजगार ऋण सेवा लिई स्वरोजगार बन्ने तयारीमा हुनुहुन्छ ।

३१. **समन्वय तथा सहकार्य :**

सदस्यहरूलाई संस्थाले प्रदान गर्ने सेवासुविधाको अतिरिक्त थप सेवासुविधाहरू प्रदान गर्नको लागि संस्था सदैव प्रयत्नशील रहेको सन्दर्भमा स्थानीयस्तरमा सञ्चालित विभिन्न निकायहरूसँग समन्वय तथा सहकार्य गरी संस्थामा आवद्ध सदस्यहरूलाई छुट सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ । सोही क्रममा आ.व. २०८२/०८३ मा पनि विभिन्न निकायहरूले सदस्यहरूलाई प्रदान गरिँदै आएको देहायबमोजिम छुट सुविधाहरूलाई निरन्तरता प्रदान गरियोः

| क्र.सं. | समन्वय संस्थाको नाम | सुविधा | पेश गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १ | बनेपा हेल्थ केयर प्रा.लि., बनेपा | - दन्त सेवामा- १०% छुट<br>- ल्याव परीक्षण सेवामा- २०% छुट<br>- एक्स रे मा- १५% छुट<br>- फिजियोथेरापी सेवामा- २०% छुट<br>- औषधीमा- १०% छुट | सदस्यता परिचय पत्र |
| २ | अच्युतम फार्मेसी, धुलिखेल | औषधीमा- १०% छुट | सदस्यता परिचय पत्र |
| ३ | रेयुकाई एईको मासुनागा आँखा अस्पताल, बुडोल | नाम दर्तामा-पूरै छुट | सदस्यता परिचय पत्र |
| ४ | बि.एम.के. ड्राइभिङ्ग सेन्टर, बनेपा | सवारी प्रशिक्षण तालिममा विशेष छुट | सिफारिस पत्र |
| ५ | इनोभेटिभ हस्पिटालिटि म्यानेजमेन्ट ट्रेनिङ सेन्टर, बनेपा | तालिममा ३०-३५% छुट | सदस्यता परिचय पत्र |
| ६ | बनेपा भेटेरिनरी ड्रग सप्लायर्स, बनेपा | सबैखाले औषधीहरूमा १०-१५% छुट, निःशुल्क गोबर जाँच, मरेको कुखुराको पोस्टमार्टम र प्राविधिक परामर्श | सदस्यता परिचय पत्र |

३२. **सामाजिक उत्तरदायित्व सम्बन्धमा :**
संस्थाले सामाजिक उत्तरदायित्व वहन अर्न्तगत आफ्नो क्षेत्रमा रहेका विभिन्न निकाय तथा सङ्घसंस्थाहरूलाई यथाशक्य भौतिक तथा आर्थिक सहयोग प्रदान गर्दै आएको छ। यसै सन्दर्भमा यस आ.व.मा पनि संस्थाले विभिन्न सङ्घसंस्थाहरूलाई देहायबमोजिमका सहयोग प्रदान गरेको छः

| क्र.सं. | विवरण | सहयोग रकम |
|---|---|---|
| १. | इलाका प्रहरी कार्यालय, बनेपा | रू. ९४,५०० |
| २. | इस्कोन नेपाल, बनेपा (श्रीकृष्ण जन्माष्टमी) | रू. ४,००० |
| ३. | भक्तेश्वर मन्दिर, बनेपा (सप्ताह) | रू. २,१०० |
| ४. | न्यू गौखुरेश्वर युवा क्लब नगर स्तरिय भलिबल प्रतियोगिता | रू. ५,००० |
| ५. | लालिगुँरास टोल सुधार समिति पुस्तकालय | रू. १०,००० |
| ६. | संयुक्त अपाङ्ग एकता आवाज केन्द्र | रू. ५०० |
| जम्मा | | रू. १,१६,१००।- |

३३. **आन्तरिक निरीक्षण तथा अनुगमन:**
संस्थाका सबै सेवा केन्द्रमा भएका आर्थिक कारोबार, व्यवस्थापन तथा अवस्था आदिका बारेमा कार्यकारी अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख, ऋण शाखा प्रमुख र सदस्य सेवा शाखा प्रमुखबाट अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाइएको छ साथै मुख्य कार्यालय र सेवाकेन्द्रहरूमा लेखा सुपरिवेक्षण समितिबाट नियमित आन्तरिक लेखा परीक्षण तथा अनुगमनको कार्य भइरहेको छ।

३४. **महिनाको सदस्य तथा कर्मचारी सम्मान:**
संस्थाले २०७८ साउन महिनादेखि शुरूवात गरेको महिनाको सदस्य तथा कर्मचारी सम्मान कार्यक्रमलाई निरन्तरता दिएको छ। जसमा महिनाको सदस्यको रूपमा छनौट हुन सफल सदस्यहरूलाई तस्विर सहितको सम्मानपत्र, नगद र मायाको चिनोबाट सम्मान गरी उक्त महिनाभर सो सम्मान पत्र संस्थाका सबै कार्यालयहरूमा राख्ने व्यवस्था मिलाइएको छ। यसैगरी संस्थामा कार्यरत कर्मचारीहरूलाई दिइएको वार्षिक लक्ष्यको मासिक रूपमा १०० अङ्क सहित लक्ष्य हासिल गर्ने कर्मचारीलाई हरेक महिना महिनाको कर्मचारीको रूपमा छनौट गरी तस्विर सहितको सम्मानपत्र र मायाको चिनोबाट सम्मान गरी उक्त महिनाभर सो सम्मान पत्र सबै कार्यालयहरूमा राख्ने व्यवस्था मिलाइएको छ।

३५. **लक्ष्मी पूजा तथा शुभकामना आदानप्रदान कार्यक्रम :**
विगतका वर्षहरुमा झै यस वर्ष पनि संस्थाको मुख्य कार्यालय र ४ वटै सेवाकेन्द्र कार्यालयहरूमा मिति २०८२ कात्तिक ३ गते लक्ष्मी पूजा तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो।

३६. **राष्ट्रिय सहकारी दिवस :**
राष्ट्रिय सहकारी दिवस चैत्र २० गतेको अवसरमा मुख्य कार्यालय लगायत सम्पूर्ण कार्यालयहरूमा दीप प्रज्वलन गरी दीपावली कार्यक्रम सम्पन्न भयो।

३७. **कर तथा राजस्व योगदान सम्बन्धमा:**
संस्थाले आफ्नो वित्तीय उत्तरदायित्व निर्वाह गर्दै आ.व. २०८२/०८३ मा राज्यलाई विभिन्न कर तथा राजस्व शीर्षक अन्तर्गत जम्मा रू.१,३३,४५,०९४।४५ योगदान गरेको छ। यस योगदान मार्फत संस्थाले राज्यको राजस्व संकलनमा समेत उल्लेखनीय भूमिका निर्वाह गरेको छ।

(ङ) **विविध:**

१. **विप्रेषण (मनी ट्रान्सफर) सुविधा :**
विश्वको कुनैपनि देशबाट पठाएको रकम यस संस्थाबाट झिक्न पाउने व्यवस्था मिलाइएको छ। यसैगरी नेपालभित्र कुनैपनि ठाउँमा रकम पठाउन र जुनसुकै स्थानबाट पठाएको रकम प्राप्त गर्न सक्ने सुविधा पनि उपलब्ध रहेको छ। हाल संस्थाले आई.एम.ई., सिटी एक्सप्रेस, मनीग्राम, हिमाल र आई.एम.ई. पे मार्फत विप्रेषण (मनी ट्रान्सफर) सुविधा प्रदान गरिरहेको छ।

२. **आबद्धता :**
यस संस्थाले देहायका निकायहरूमा आबद्धता जनाई सक्रिय रूपमा सहभागिता जनाउदै आएको छ :

| क्र.सं. | निकायको नाम | आबद्धता मिति |
|---|---|---|
| २.१ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफ्स्कून) | २०५०/०८/०६ |
| २.२ | काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. | २०५९/०८/२३ |
| २.३ | जिल्ला सहकारी सङ्घ लि., काभ्रे | २०६३/०९/२५ |

| | | |
|---|---|---|
| २.४ | राष्ट्रिय सहकारी बैंक लि. | २०६५/०२/२२ |
| २.५ | बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ लि. | २०७७/१०/१३ |

३. **सम्मान तथा पुरस्कार :**

संस्थाले हालसम्म विभिन्न छाता संगठन तथा निकायहरूबाट देहाय बमोजिम सम्मान तथा पुरस्कार पाउन सफल भएको हुँदा जानकारीको लागि पेश गरेको छ।

३.१ जिल्ला सहकारी संघ लि., काभ्रेबाट समुदायमा आधारित उत्कृष्ट सहकारी संस्था पुरस्कार तथा सम्मान २०६५

३.२ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)बाट मध्यमाञ्चल उत्कृष्ट सहकारी पुरस्कार तथा सम्मान २०६७

३.३ एशियाली ऋण महासंघ (ACCU) बाट २०६९ सालमा पहिलो पटक एक्सेस ब्रोञ्ज तहको ब्राण्ड प्राप्त

३.४ राष्ट्रिय सहकारी महासंघ लि. नेपालबाट उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार तथा सम्मान २०७०

३.५ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)बाट संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विवेक राज ठकुरी नेपालको साकोस अभियानको उत्कृष्ट व्यवस्थापक पुरस्कार २०७२ बाट पुरस्कृत

३.६ एशियाली ऋण महासंघ (ACCU) बाट २०७३ सालमा एक्सेस सिल्भर तहको ब्राण्ड प्राप्त

३.७ डिभिजन सहकारी कार्यालय काभ्रेबाट ६०औं राष्ट्रिय सहकारी दिवसको अवसरमा उत्कृष्ट संस्था सम्मान २०७३

३.८ नेपाल सरकारबाट ९औं गणतन्त्र दिवसको अवसरमा संस्थाका तत्कालिन अध्यक्ष श्री रामहरि के.सी. प्रवल जनसेवाश्री पदकबाट विभुषित

३.९ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)बाट नेफ्स्कुन सर्वोत्कृष्ट संस्था सम्मान २०७४

३.१० नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.बाट "हातमा हात मिलाऔं, साथमा साथ मिलाऔं" भन्ने साकोस गानका लागि संस्थाका उपाध्यक्ष श्री प्रकाश भुर्तेल नेफ्स्कुन प्रतिभा पुरस्कार २०७९ बाट पुरस्कृत।

३.११ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.बाट २०७९ सालमा "सहकारी अभियान उन्नतिको आधार हो" बोलको साकोस गानका लागि संस्थाका उपाध्यक्ष श्री प्रकाश भुर्तेल प्रथम पुरस्कारबाट पुरस्कृत।

३.१२ बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कून)को छैटौं स्थापना दिवसको अवसरमा संस्थाको अध्यक्ष कैलाश के.सी.लाई उत्कृष्ट पदाधिकारी एवम् सञ्चालक समिति सम्मानको लागि मनोनित।

३.१३ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)बाट नेफ्स्कुन सर्वोत्कृष्ट संस्था सम्मान २०८२।

३.१४ संस्थाले हालसम्म ४ पटक ब्रोञ्ज तहको ब्राण्ड र १ पटक सिल्भर तहको ब्राण्ड प्राप्त गर्न सफल भएको छ।

४. **आन्तरिक कार्यविधि निर्माण:**

संस्थाले समयसापेक्ष आवश्यकता अनुसार आन्तरिक नीति तथा कार्यविधि र आचारसंहिताहरू तयार गर्ने र समय समयमा सोको पुनरावलोकन गरी संशोधन गर्ने वा पुनर्लेखन गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइएको छ। यस सभासमक्ष पेश गरिएका आन्तरिक कार्यविधिहरूलाई आजको सभाले आवश्यक सुझाव सहित पारित गरिदिनुहुनेछ भन्ने पूर्ण आशा राखेको छु।

५. **सदस्यहरुको रचनात्मक सुझाव :**

संस्थाले कार्यालयमा सदस्यहरुको सुझाव सङ्कलनको लागि राखिएको सुझाव पुस्तिकामा उल्लेखित सुझावहरुलाई अध्ययन गरी रचनात्मक र उपयुक्त सुझावहरू कार्यान्वयन भएको छ भने संस्थाको आन्तरिक कार्यविधिले नसमेटेका सुझावहरू भने आगामी दिनहरूमा कार्यविधिमा नै समेटेर योजना बनाई कार्यान्वयन गरिनेछ। सदस्यहरूको रचनात्मक सल्लाह सुझावहरूको लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु।

(च) **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी वार्षिक प्रतिवेदन:**

आदरणीय सदस्य महानुभावहरू,

अब म सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ (संसोधन सहित) को दफा २१ मा व्यवस्था भएबमोजिम सम्पत्ति शुद्धीकरण निवारणतर्फका कार्यहरूको कार्यान्वयनको अवस्था पेश गर्न चाहन्छु।

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन २०६४ तथा नियमावली २०७३ लाई आधार मानी सहकारी विभागबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ (संशोधन समेत) र राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२ प्रभावकारी रूपमा लागु गर्नको लागि संस्थाले सम्पत्ति शुद्धीकरण निवारण नीति तथा कार्यविधि, २०७६ तयार पारी कार्यान्वयनमा ल्याएको छ र दोस्रो संशोधन २०८२ मा अद्यावधिक गरिएको छ। संस्थाले निर्देशन बमोजिम कार्यान्वयन अधिकारी नियुक्त गरी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सम्पूर्ण व्यवस्थाको पूर्ण रूपमा पालना गर्दै आइरहेको छ। सम्पत्ति शुद्धीकरण निवारण गर्नु राज्यको एकल पहल कदमीबाट मात्रै सम्भव छैन। सम्पत्ति शुद्धीकरण निवारणको लागि हामी जस्तो पैसाको कारोबार गर्ने संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ। गैर कानुनी रूपमा आर्जित सम्पत्तिको व्यवस्थापनमा संस्थालाई प्रयोग हुन नदिन संस्थाले आवश्यक सावधानीहरू अपनाएको छ।

संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा देहायको कार्यहरू गर्दै आइरहेको छः

१. **कार्यान्वयन अधिकारी नियुक्त गरी जिम्मेवारी प्रदान गरिएको:**

संस्थाको सञ्चालक समितिले सहकारी ऐनको दफा ७(त) बमोजिम ऐन, नियमाली र सो अन्तर्गत जारी निर्देशिका बमोजिमको

दायित्व पूरा गर्न आठौं तहको कार्यकारी अधिकृतलाई कार्यान्वयन अधिकारी (कम्प्लायन्स अधिकृत) को जिम्मेवारी प्रदान गरेको छ। कार्यान्वयन अधिकारीलाई सम्पत्ति शुद्धीकरण ऐन, नियमावली, सहकारी ऐन, नियमावली, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन तथा बेला बेलामा नियामक निकायबाट तथा सम्बन्धित क्षेत्रबाट जारी गरिएको निर्देशन बमोजिमको कार्यहरू गर्न गराउन सम्पूर्ण जिम्मेवारी प्रदान गरिएको छ। कार्यान्वयन अधिकारीको विवरण देहाय बमोजिम रहेको छः

नाम, थर : रञ्जना सुवाल

पद : कार्यकारी अधिकृत (आठौं तह)

ठेगाना : पनौती न.पा. ०४, काभ्रे

सम्पर्क नं. : ९८६३१९२७१७

२. **सदस्यता पहिचानको व्यवस्थाः**

संस्थालाई जोखिमबाट जोगाउन गैरकानुनी तथा आतङ्कवादी क्रियाकलापबाट कमाएको पैसा संस्थामा भित्रिन नदिन तथा त्यस्ता धन जम्मा हुने माध्यम संस्था हुन नदिन, त्यस्ता कारोबारीलाई प्रोत्साहित हुन नदिन र संस्थाको वित्तीय लगानीलाई अपराधिक क्रियाकलापहरूमा परिचालन हुन नदिन संस्थाले त्यस्ता सदस्यहरूको पहिचान गर्नुपर्दछ सोही अनुरूप संस्थाले नयाँ सदस्य बन्न चाहने सदस्यको अनिवार्य सदस्य पहिचान अद्यावधिक गरेर मात्र सञ्चालक समितिको स्वीकृति पश्चात् सदस्यता प्रदान गर्ने गरेको छ। सदस्यको जोखिमको आधारमा सदस्य पहिचान विवरण उच्च जोखिममा रहेको सदस्यको वार्षिक, मध्यम जोखिममा रहेको सदस्यको कम्तीमा दुई वर्षमा र कम जोखिममा रहेको सदस्यको तीन वर्षमा विवरणहरू अद्यावधिक गर्ने गरेको छ। संस्थामा आबद्ध सम्पूर्ण सदस्यहरू वास्तविक धनी हुन् र कोपिला बाल बचतकर्ताको हकमा एकाघर परिवारको सदस्य संरक्षक रही खाता सञ्चालन गर्ने गरिएको छ। संस्थामा आबद्ध सदस्यहरूमध्ये ९२।८५ प्रतिशत सदस्यहरूको सदस्यता पहिचान अद्यावधिक गरिएको छ। साथै सहकारी विभागबाट उपलब्ध गराईएको लक्षित वित्तीय प्रतिबन्ध (TFS) पोर्टलको Login Name & Password लिई दैनिक पोर्टल लगिन गरी TFS सम्बन्धी जानकारी लिने गरिएको छ र TFS मा परेका व्यक्तिलाई संस्थाले सदस्यता प्रदान गर्ने गरेको छैन। संस्थामा TFS मा परेका व्यक्तिहरू हालसम्म सदस्य नरहेको र भोलिका दिनमा संस्थामा सदस्य भएको व्यक्ति TFS मा परेमा त्यस्ता सदस्यको कारोबारमा रोक लगाई सम्बन्धित निकायमा जानकारी गराइनेछ।

३. **सदस्यको वर्गीकरणः**

संस्थाले सदस्यको पेशा तथा कारोबार तथा भौगोलिक क्षेत्रको आधारमा जोखिमको वर्गीकरण गरेको छ। सदस्यको उच्च जोखिम, मध्यम जोखिम र न्यून जोखिम गरी जम्मा ३ वर्गमा जोखिमको वर्गीकरण गरिएको छ र सोही अनुरूप जोखिमको मूल्याङ्कन गरिएको छ। पद तथा पेशाको आधारमा उच्च वर्ग तथा उच्च जोखिम वर्गमा राखी त्यस्ता सदस्यको कारोबारलाई निरन्तर अनुगमन गर्ने गरिएको छ। उच्च आर्थिक कारोबार तथा वार्षिक तीस लाख भन्दा बढीको कारोबार गर्ने सदस्यलाई संस्थाले उच्च जोखिम वर्गमा वर्गीकरण गरी त्यस्ता सदस्यहरूको कारोबारलाई निरन्तर अनुगमन गर्ने गरेको छ। संस्थाले सदस्यहरूको कारोबार, सदस्यको पेशा र भौगोलिकताको आधारमा जोखिमको वर्गीकरण गरेको छ र २०८३ असारमा वर्गीकरण गरिएको सदस्यको विवरण निम्नानुसार रहेको छः

१. उच्च जोखिम स्तरका जम्मा सदस्य सङ्ख्या : २७८

२. मध्यम जोखिम स्तरका जम्मा सदस्य सङ्ख्या : ४६४

३. न्यून जोखिम स्तरका जम्मा सदस्य सङ्ख्या : १९,०५५

४. **नियामक निकायमा रिपोर्टिङ्गः**

सहकारी संस्था सञ्चालनका लागि जारी गरेको सहकारी ऐन, नियमावली, प्रदेश ऐन, नियमावली, मापदण्ड, तथा विभिन्न समयमा नियामक निकायहरूबाट जारी गरेको निर्देशन समेतको पालना गर्नु संस्थाको दायित्व भएकोले संस्था सबै ऐन, नियमावली तथा मापदण्डको पूर्ण रूपमा पालना गरी सञ्चालन भैरहेको छ। सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा देहाय बमोजिमको रिपोर्टिङ्ग कार्यान्वयन अधिकारी मार्फत नियमित रूपमा सम्बन्धित निकायमा पठाउने गरिएको छः

| क्र.सं. | विवरण | प्रतिवेदन पठाईएको निकाय | कैफियत |
|---|---|---|---|
| १ | सीमा कारोबार प्रतिवेदन (TTR) | FIU, go AML System | |
| २ | शंकास्पद कारोबार प्रतिवेदन (TTR) | FIU, go AML System | |
| ३ | जोखिम मूल्याङ्कनको अद्यावधिक वार्षिक प्रतिवेदन | सहकारी विभाग र नियामक निकाय (बागमती प्रदेश) | |

आ.व. ०८२/०८३ मा सीमा कारोबार प्रतिवेदन २० वटा go AML Syste मार्फत पठाईएको छ भने शंकास्पद कारोबार प्रतिवेदन नरहेको साथै संस्था एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध भई सदस्यको विवरण र वित्तीय विवरण मासिक तथा वार्षिक प्रतिवेदन नियमित रूपमा अद्यावधिक भैरहेको छ।

५. **विषयगत तालिम तथा गोष्ठीः**

संस्थामा कार्यरत हरेक कर्मचारी तथा सञ्चालक समितिले सम्पत्ति शुद्धीकरणको विषयमा अनिवार्य जानकारी राख्नुपर्दछ भन्ने

उद्देश्यले यससँग सम्वन्धित तालिमहरू समय सापेक्ष संस्थाले आफ्नै आयोजनामा र अन्य निकायले आयोजना गरेको तालिम तथा गोष्ठीहरूमा सम्बन्धित कर्मचारी तथा सञ्चालक समितिलाइ सहभागी गराउदै आएको छ। संस्था स्वयम्ले आ.व. ०८२/०८३ मा संस्थामा कार्यरत सम्पूर्ण कर्मचारी, सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको लागि एक दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ।

६. अन्य जानकारीः

मिति २०८३ असार सम्ममा रू.१० लाख वा सो भन्दा बढी सीमा कारोबार गर्ने जम्मा सदस्य सङ्ख्याः
(क) बचत गर्ने : २७९
(ख) शेयर लिने : २
(ग) ऋण लिने सदस्य सङ्ख्या : २९७

मिति २०८३ असार सम्ममा वार्षिक रू.३० लाखभन्दा बढी असामान्य वा उच्च आर्थिक कारोबार गर्ने जम्मा सदस्य सङ्ख्याः
(क) बचत गर्ने सदस्य सङ्ख्या : २२४
(ख) शेयर लिने सदस्य सङ्ख्या : -
(ग) ऋण लिने सदस्य सङ्ख्या : ३०

संस्थामा रू.२५ लाख भन्दा बढी बचत रकम भएका सदस्य सङ्ख्याः ९३
रू.२५ लाख भन्दा बढी ऋण रकम भएका सदस्य सङ्ख्याः १०५
पद तथा पेशाका आधारमा उच्च जोखिम सदस्य सङ्ख्याः २४

७. निष्कर्षः

जोखिम हरेक क्षेत्रमा छ, सहकारी क्षेत्रमा पनि विभिन्न जोखिमहरू हुन सक्दछन्। बचत तथा ऋणको कारोबार गर्ने संस्थामा सम्पत्ति शुद्धीकरण सम्बन्धी जोखिम बढी हुन सक्दछ। बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. सञ्चालन भएको २७ औँ वर्ष पूरा भैसकेको छ। शुरूवाती वर्षदेखि नै नियमित बचत तथा बाल बचतकर्ताले अनिवार्य मासिक रूपमा बचत गर्नुपर्ने नियम थियो। २७ वर्ष अगाडि संस्था शुरूवात हुँदा पुरूष सदस्यले न्यूनतम रू.१००।-, महिला सदस्यले न्यूनतम रू.५०।- र बालबचतकर्ताले रू.२५।- अनिवार्य बचत जम्मा गर्नुपर्ने थियो। हाल पुरूष सदस्यले रू.३००।- महिला सदस्यले रू.२००।- र बालबचतकर्ताले रू.२५।- अनिवार्य मासिक नियमित बचत गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी जम्मा भएको बचत मात्र रू.६७,११,३०,६५१।- छ जुन कुल बचतको ३५।२५ प्रतिशत रहेको छ। कुल बचतको एक तिहाई भन्दा बढी हिस्सा रहेको मासिक नियमित बचत सबै सदस्यहरूबाट थोरै थोरै रकम गरेर सङ्कलन भएको हो। यसलाई सम्पत्ति शुद्धीकरणको आधारमा जोखिम नरहेको भनेर यकीन गर्न सकिन्छ। त्यस्तै संस्थामा आवधिक बचतको हिस्सा २२।१० प्रतिशत र बाँकी अन्य साधारण बचतको हिस्सा ४२।६४ प्रतिशत रहेको छ। माथि उल्लेख गरिएको बचतको विवरणको आधारमा बचतको विविधीकरण भएको छ। एकै सदस्यको मात्र ठुलो हिस्सा रहेको छैन। राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्डमा व्यवस्था भए बमोजिम सदस्यको व्यक्तिगत बचत सीमा प्राथमिक पुँजी कोषको १० प्रतिशत रहेकोमा सो बमोजिम संस्थाको प्राथमिक पुँजीकोष रू.३३,६६,५५,३५४।४७ रहेकोमा संस्थाले प्रति सदस्य रू.३,३६,६५,५३५।०० संकलन गर्न सक्ने अवस्था रहेकोमा हाल अधिकतम प्रतिव्यक्ति बचत रू.२,३९,१२,८४१।०० मात्र रहेको छ। सदस्यहरूको बचतमा सम्पत्ति शुद्धीकरण सम्बन्धी जोखिमलाई ध्यानमा राखी रू.५ लाख वा सो भन्दा बढीको रकम जम्मा गर्दा अनिवार्य स्रोत खुलाउने गरिएको छ। रू. ५ लाख देखिको भुक्तानीमा बैकिङ्ग प्रणाली मार्फत मात्र भुक्तानी गर्ने गरिएको छ। सदस्यहरूलाई नगद कोराबार भन्दा बैकिङ्ग कारोबार तथा विद्युतीय माध्यम प्रयोगको लागि प्रोत्साहन गरिएको छ। संस्थामा नगद कारोबार निकै भएको छ। यस वर्ष वित्तीय जानकारी इकाई (FIU) मा सीमा कारोबार प्रतिवेदन सङ्ख्या जम्मा २० वटा मात्र रहेको छ, जुन गत वर्षको तुलनामा एक तिहाई सङ्ख्याले कम भएको छ। कुनैपनि सदस्यको कारोबार र सदस्यले संस्थामा उपलब्ध गराएको विवरणमा धेरै भिन्नता देखिएमा त्यस्तो कारोबारलाई अनुगमन गरी शङ्कास्पद कारोबारको रिपोर्टिङ्ग वित्तीय जानकारी इकाइमा गर्ने गरिएको छ। ऋण लगानीको सन्दर्भमा सदस्यलाई लगानी गरिएको रकम सम्पत्ति शुद्धीकरणको माध्यम नबनोस् भनी लगानी गर्नु पूर्व सदस्यको सम्पूर्ण परियोजना सूक्ष्म रूपमा अध्ययन गरेर मात्र लगानी गर्ने गरिएको छ र लगानी पश्चात् पनि ऋणको सदुपयोगिता निरीक्षण गर्ने गरिएको छ। ऋण लगानीको सन्दर्भमा पनि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्डमा व्यवस्था भए बमोजिम सदस्यको व्यक्तिगत ऋण सीमा प्राथमिक पुँजी कोषको १५ प्रतिशत रहेकोमा सो बमोजिम संस्थाले प्रति सदस्य रू.५,०४,९८,३०३।०० लगानी गर्न सक्ने अवस्था रहेकोमा ऋणलाई पनि विविधीकरण गर्नुपर्दछ भन्ने उद्देश्यले हाल अधिकतम प्रतिव्यक्ति ऋण सीमा रू.३,००,००,०००।०० मात्र कायम गरिएको छ। सम्पत्ति शुद्धीकरण सम्बन्धी जोखिमको पहिचान गरी जोखिम व्यवस्थापन तथा न्यूनीकरण गर्ने कार्यहरू संस्थाबाट भैरहेको छ।

विशेष गरी संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिम न्यूनीकरणको लागि निम्न पक्षलाई प्राथमिकतामा राखी काम गर्दै आएको छः

(क) जोखिममा आधारित सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिमको वार्षिक मूल्याङ्कन।
(ख) प्रभावकारी सदस्यता पहिचान व्यवस्थापन (KYC/CDD)
(ग) वास्तविक लाभग्राहीको पहिचान
(घ) उच्च जोखिममा परेको सदस्यहरूको निरन्तर अनुगमन

(ङ) असामान्य वा शंकास्पद कारोबारको पहिचान
(च) STR/TTR सम्बन्धी प्रभावकारी रिपोर्टिङ्ग
(छ) उच्च नगद कारोबारको निगरानी
(ज) जोखिममा आधारित आन्तरिक नियन्त्रण
(झ) क्षमता विकास तथा तालिम
(ञ) सञ्चालक समिति तथा व्यवस्थापनको प्रभावकारी निगरानी तथा पर्यवेक्षण ।

आगामी दिनमा यी पक्षहरूलाई प्रविधिको प्रयोग गरी अझै प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जानुपर्ने देखिएको छ । समग्रमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिम मूल्याङ्कन तथा विश्लेषण गर्दा संस्थामा पर्याप्त मात्रामा प्रविधिको प्रयोग कमजोर रहेकोले संस्था न्यून देखि मध्यम जोखिममा रहेको छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी विद्यमान जोखिम तथा हुन सक्ने जोखिमलाई व्यवस्थापन तथा न्यूनीकरणको लागि सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा राज्यबाट बनेका ऐन, नियमावली, निर्देशन तथा संस्थाको कार्यविधि समय सापेक्ष संशोधन गरी त्यसको पालना गर्दै आएको छ ।

(छ) <u>ऋण जोखिम विश्लेषण प्रतिवेदन:</u>

आदरणीय सदस्य महानुभावहरू,

अब म सहकारी विभागबाट मिति २०८२।०३।३२ मा जारी भएको एकीकृत निर्देशन, २०८२ बमोजिम संस्थाको ऋण उपसमितिबाट सञ्चालक समितिलाई प्राप्त भएको आर्थिक वर्ष ०८२/०८३ को ऋण जोखिम विश्लेषण प्रतिवेदन सभा समक्ष पेश गर्दछु ।

१. <u>पृष्ठभूमि:</u>

संस्था सञ्चालनको प्रारम्भिक अवस्थामा सदस्यहरुबाट संकलन भएको थोरै-थोरै बचत रकमलाई सदस्यहरुको माग र आवश्यकताको आधारमा आलोपालो गर्दै स-साना ऋणका रूपमा लगानी गर्ने अभ्यासबाट संस्थाको ऋण व्यवसायको सुरूवात भएको दृष्टान्त हामी सामु छँदैछ । आज संस्थाले आफ्नो स्थापनाको २७औं वर्ष पार गर्दै गर्दा सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक स्तर अभिवृद्धि गर्ने, सदस्यहरुलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउने र उनीहरुको आवश्यकता तथा मागलाई सम्बोधन गर्ने उद्देश्यका साथ विभिन्न शीर्षकमा ऋण प्रवाह गर्दै आएको छ ।

२०८३ असार मसान्तसम्म संस्थाले २,३१७ जना सदस्यहरुलाई रू.१,२८,४७,८८,५२०।४३ (अक्षरेपि एक अर्ब अठ्ठाइस करोड सतचालिस लाख अठासी हजार पाँच सय बीस रूपैयाँ त्रिचालिस पैसा मात्र) ऋण लगानी गरेको छ । संस्थाले समयसापेक्ष रुपमा बजारको अध्ययन तथा विश्लेषण गरी प्रतिस्पर्धात्मक ब्याजदरमा सदस्यहरुलाई ऋण सेवा उपलब्ध गराउँदै आएको छ । हाल संस्थाले विभिन्न शीर्षकअन्तर्गत न्यूनतम रू.१०,०००।- देखि अधिकतम रू.३ करोडसम्म ऋण लगानी गर्दै आएको छ । सदस्यहरुको आवश्यकता, आयस्रोत, परियोजनाको प्रकृति तथा ऋणको प्रयोजनलाई समेत दृष्टिगत गरी संस्थाले विभिन्न प्रकारका ऋण शीर्षकहरू तयार गरी ऋण प्रवाह गर्दै आएको छ ।

यसरी संस्थाले सदस्यहरुको बचतलाई सुरक्षित रुपमा परिचालन गर्दै सदस्यहरुको आर्थिक आवश्यकता पूरा गर्ने, उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्ने, रोजगार सिर्जना गर्ने तथा सदस्यहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ ऋण सेवाको विस्तार गर्दै आएको छ साथै ऋण लगानीसँग जोडिएका सम्भावित जोखिमहरुको नियमित पहिचान, विश्लेषण, वर्गीकरण तथा न्यूनीकरणका उपाय अवलम्बन गर्दै संस्थाको वित्तीय स्थायित्व र सदस्यहरुको हित संरक्षणमा विशेष ध्यान दिँदै आएको छ ।

२. <u>ऋण व्यवस्थापनको नीतिगत व्यवस्था:</u>

संस्थामा परिचालन हुने ऋणलाई सुरक्षित, व्यवस्थित तथा प्रभावकारी बनाउन सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी भएका मापदण्ड लगायत सहकारी संस्थासँग सम्बन्धित प्रचलित कानुनहरुको अधीनमा रही संस्थाले आन्तरिक ऋण नीति तयार गरेको छ । सोही नीतिअनुसार तयार गरिएको ऋण व्यवस्थापन नीति, २०८२ बमोजिम संस्थाले ऋणको प्रभावकारी, सुरक्षित तथा व्यवस्थित रुपमा परिचालन गर्दै आएको छ ।

३. <u>ऋण लगानीको क्षेत्राधिकार:</u>

ऋण लगानीलाई चुस्त-दुरूस्त बनाउने उद्देश्यका साथ संस्थाले ऋण लगानीको क्षेत्राधिकार तोकेको छ । जसअनुसार रू.२५ लाखसम्मको ऋण स्वीकृत गर्ने अधिकार व्यवस्थापन उपसमितिलाई रहेको छ। त्यस्तै रू.२५ लाखभन्दा माथि रू.१ करोडसम्मको ऋण स्वीकृत गर्ने अधिकार ऋण उपसमितिलाई र रू.१ करोडभन्दा माथिको ऋण स्वीकृत गर्ने अधिकार सञ्चालक समितिलाई रहेको छ तर व्यवस्थापन र ऋण उपसमितिबाट स्वीकृत ऋणलाई हरेक महिना सञ्चालक समिति बैठक समक्ष जानकारी गराउने गरिएको छ ।

४. <u>ऋण असुली:</u>

संस्थाको उद्देश्य सदस्यहरुको परियोजना, आयस्तर तथा आवश्यकता विश्लेषण गरी भेदभाव, नातावाद र कृपावाद रहित रुपमा सहज तथा सुरक्षित ऋण प्रवाह गर्नु हो । सदस्य केन्द्रित संस्थाका रुपमा कार्य गर्दै आएको भए पनि संस्था एक व्यावसायिक वित्तीय संस्था भएकाले संकलित बचतलाई सुरक्षित तथा व्यावसायिक रुपमा परिचालन गरी सदस्यहरुलाई उचित प्रतिफल प्रदान गर्दै आएको छ । ऋण लगानीसँगै प्रभावकारी ऋण असुलीलाई पनि संस्थाले उच्च प्राथमिकता दिएको छ । संस्थाले ऋण व्यवस्थापन कार्यविधि, २०८२ को अधीनमा रही फोन, एसएमएस, भेटघाट, पत्राचार लगायतका माध्यमबाट चरणबद्ध रुपमा ऋण ताकेता तथा असुली गर्दै आएको छ । संस्थाको २७ वर्षे यात्रामा हालसम्म केवल एकपटक मात्र धितो लिलामी गरिएको तथ्यले संस्थाले ऋण

लगानीपूर्व सदस्यको आर्थिक क्षमता, परियोजना तथा ऋण तिर्न सक्ने क्षमताको उचित विश्लेषण गरी सावधानीपूर्वक तथा क्षमतामा आधारित ऋण लगानी गर्दै आएको पुष्टि हुन्छ । संस्थामा बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मका सदस्यहरुको बचत रहने भएकाले बचतको सुरक्षा संस्थाको प्रमुख दायित्व हो । यसका लागि सुरक्षित ऋण लगानी, प्रभावकारी असुली तथा ऋण लगानी र असुलीबीचको उचित सन्तुलन कायम गर्दै संस्थालाई वित्तीय रुपमा सबल बनाउने कार्यलाई प्राथमिकता दिइएको छ ।

५. **५ सी विश्लेषण:**
संस्थाले ऋण प्रवाह गर्दा ऋण मागकर्ताको 5C (Capacity, Character, Capital, Collateral / Condition) लाई आधारभूत ऋण मूल्याङ्कन सूचकका रुपमा कार्यान्वयन गर्दै आएको छ । सदस्यहरूबाट ऋण मागपत्र प्राप्त भएपश्चात् ऋण मागकर्ताको ऋण तिर्न सक्ने क्षमता, व्यवसाय/परियोजना सञ्चालन सम्बन्धी अनुभव, व्यक्तिगत तथा वित्तीय चरित्र, आफ्नै पूँजीको सहभागिता, प्रस्तावित धितोको पर्याप्तता तथा कानुनी अवस्था र परियोजनाको समग्र आर्थिक, सामाजिक, वातावरणीय तथा कानुनी अवस्थाको अध्ययन तथा मूल्याङ्कन गरिँदै आएको छ साथै, संस्थाको ऋण नीतिअनुसार 5C मूल्याङ्कनमा Capacity तथा समग्र 5C मूल्याङ्कनको न्यूनतम अंकसम्बन्धी व्यवस्थालाई समेत पालना गरी जोखिमयुक्त ऋण प्रवाहलाई निरूत्साहित गर्दै ऋणको गुणस्तर कायम गर्ने अभ्यास संस्थाले अवलम्बन गर्दै आएको छ । 5C मूल्याङ्कनमा ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त भएमा त्यस्तो ऋणलाई ऋण स्वीकृतिको प्रक्रियामा अगाडि बढाइने छैन । यस प्रक्रियामार्फत ऋणको सदुपयोगिता, नियमित भुक्तानी क्षमता तथा ऋण असुलीको सम्भावनालाई समेत ध्यानमा राखी ऋण लगानी सम्बन्धी निर्णय गर्ने गरिएको छ ।

६. **ऋणको सीमा, वर्गीकरण र व्यवस्था सम्बन्धी व्यवस्था:**
संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट निर्देशित मापदण्डमा भएको परिच्छेद ३ को प्रकरण २ मा उल्लेखित व्यवस्था बमोजिम देहाय अनुसार कार्यान्वियन गर्दै आएको छ ।

(क) सदस्यता लिएको न्यूनतम तीन महिना नपुगेका सदस्यहरूलाई ऋण लगानी गरिएको छैन साथै कम्तीमा ६ महिना नपुगेका सदस्यहरूलाई बिनाधितो ऋण लगानी गरिएको छैन ।
(ख) संस्थाले प्रति सदस्य प्राथमिक पुँजीको अधिकतम १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्ने गरेको छैन ।
(ग) संस्थाले नियमित बचत गरिरहेका सदस्यलाई निजको बचत रकमको पाँच गुणा वा बढीमा रू.तीन लाखमध्ये जुन कम हुन्छ सो बराबर रकम मात्र बिना धितो ऋण प्रवाह गरेको छ । यसरी बिना धितो कर्जा प्रवाह गर्दा कम्तीमा दुई जना सदस्यहरूलाई अनिवार्य धन जमानी राख्ने गरिएको छ ।
(घ) सदस्यहरूको शेयरलाई धितो राखी ऋण लगानी गरिएको छैन ।
(ङ) सञ्चालक समितिका पदाधिकारीहरूलाई नियमित बचतको ९० प्रतिशत अथवा बचतको ५ गुणा बाहेकका अन्य कुनै प्रकारको ऋण लगानी गरिएको छैन ।
(च) संस्थाले ५ लाखभन्दा माथिको ऋण लगानी गर्दा अनिवार्य रूपमा सूचीकृत मूल्याङ्कनकर्ताबाट स्वीकृत प्रतिवेदन अनुसार ऋण लगानी गर्ने गरेको छ ।
(छ) संस्थाले नियमित बचतको ९० प्रतिशत वा बचतको ५ गुणा बाहेकको अन्य ऋणको हकमा अचल सम्पत्ति धितो राखी ऋण लगानी गर्ने गरेको छ ।
(ज) संस्थाले अचल सम्पत्तिको धितोमा ऋण प्रवाह गर्दा उप/महानगरपालिकामा रहेको धितो मूल्याङ्कनको बढीमा ६० प्रतिशत र नगर/गाउँपालिकामा रहेको धितोको हकमा बढीमा ७० प्रतिशतसम्म ऋण प्रदान गर्दै आएको छ ।
(झ) संस्थाले हायर पर्चेज ऋण शीर्षक अन्तर्गत लगानी भएका ऋणमा सम्बन्धित सवारी साधन, संस्थामा धितोमा राखिएका घर र परियोजनाको समेतको बीमा गराई जोखिम न्यूनीकरण गर्ने व्यवस्था गरेको छ ।
(ञ) संस्थाले बीमा कम्पनीमार्फत रू.२० लाखसम्मका ऋणको लागि सम्बन्धित ऋणी सदस्यको म्यादी जीवन बीमा गरी जोखिम न्यूनीकरण गर्न प्रयास गरेको छ ।

७. **DOSARI Loan:**
यस आ.व. को अन्त्यमा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीहरू र तिनका एकाघर परिवार गरी ८७ जनामा कुल रू.६,५७,०८,७१०।२४ ऋण लगानी भएको छ । जुन कुल ऋण लगानीको ४.२१ प्रतिशत हुन आउँछ ।

८. **०८३ असार मसान्तसम्मको शीर्षकगत ऋणको अवस्था:**

| क्र.सं. | ऋण शीर्षक | खाता संख्या | ऋण रकम | ऋण संख्याको आधारमा % | ऋण रकमको आधारमा % |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपक्षीपालन ऋण | ३९ | ६,६६,२७,९७७.५४ | १.६८ | ५.१९ |
| २ | व्यावसायिक ऋण | १५० | ४०,९८,८२,०१५.८ | ६.४७ | ३१.९० |
| ३ | सरल ऋण | ७७ | ५४,६७,७२३.९५ | ३.३२ | ०.४३ |
| ४ | शिक्षा ऋण | ७३ | ९,४६,३४,०५३.९७ | ३.१५ | ७.३७ |
| ५ | कर्मचारी सहुलियत ऋण | १४ | १,०९,१७,१२०.९१ | ०.६० | ०.८५ |
| ६ | रोजगार ऋण | २५ | १,३१,१२,८५८.८९ | १.०८ | १.०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | घडेरी खरिद ऋण | १७ | ३,६६,२७,९५९.४६ | ०.७३ | २.८५ |
| ८ | आवास ऋण | २०० | ३८,७६,३५,२४८.९ | ८.६३ | ३०.१७ |
| ९ | हायर पर्चेज ऋण (२ पाङग्रे) | ४६ | ६६,११,५३६.३६ | १.९९ | ०.५१ |
| १० | हायर पर्चेज ऋण (३ पाङग्रे) | ५ | १०,४४,०३४.२१ | ०.२२ | ०.०८ |
| ११ | हायर पर्चेज ऋण (४ पाङग्रे) | १७ | २,३०,९६,२२६.९७ | ०.७३ | १.८० |
| १२ | खरखाँचो ऋण | ७९ | ४,०६,९७,५८७.६ | ३.४१ | ३.१७ |
| १३ | जग्गा खरिद ऋण | २४ | ६,१३,२३,२८३.१६ | १.०४ | ४.७७ |
| १४ | आवधिक ऋण | ३२ | १,७०,०१,५६४.३ | १.३८ | १.३२ |
| १५ | लघुवित्त ऋण | ४ | १,२६,५९१.५५ | ०.१७ | ०.०१ |
| १६ | नियमित बचत सापटी ऋण | १,२३४ | ७,१४,९८,३०२.७६ | ५३.२६ | ५.५६ |
| १७ | व्यक्तिगत ऋण | २७८ | ३,६८,५२,७१२.७ | १२.०० | २.८७ |
| १८ | स्वरोजगार ऋण | ३ | १६,३१,७२१.४१ | ०.१३ | ०.१३ |
| | कुल जम्मा | २३१७ | १,२८,४७,८८,५२०.४३ | १००.०० | १००.०० |

**शीर्षकगत ऋणको सारांश:**

माथिको विवरण अनुसार आ.व ०८२/०८३ को अन्तिमसम्ममा शीर्षकगत ऋण लगानीको अवस्था विश्लेषण गर्दा विभिन्न १८ प्रकारका ऋण शीर्षकहरू अन्तर्गत २३१७ वटा खाता संख्याहरूमा कुल ऋण रू.१,२८,४७,८८,५२०।४३ लगानी भएको छ। सदस्यहरूको आवश्यकता र परियोजना अनुसार ऋणको विविधीकरण गरिएको छ। जसमा खाता संख्याको हिसाबले सदस्यको नियमित बचतको ९० प्रतिशत लगानी गरिने नियमित बचत सापटी ऋण शीर्षकमा अधिकतम १२३४ वटा खाता संख्या रहेको छ जुन कुल खाता संख्याको आधारमा ५३।२६ प्रतिशत हुन आउँछ। ऋण रकमको हिसाबले व्यावसायिक ऋण शीर्षकमा अन्य शीर्षकका ऋणको तुलनामा अधिकतम रू.४०,९८,८२,०१५।८ लगानी भएको देखिन्छ, जुन कुल लगानीमा रहेको ऋणको ३१।९० प्रतिशत हुन आउँछ। त्यसैगरी आवास ऋण शीर्षकमा रू.३८,७६,३५,२४८।८ भएको देखिन्छ जुन कुल ऋण लगानीको ३०।१७ प्रतिशत हुन आउँछ भने अन्य शीर्षकहरूमा लगानीमा रहेको ऋणमा १० प्रतिशतभन्दा कम हिस्सा देखिन्छ। कुल सम्पत्तिको ५५।५३ प्रतिशत ऋण लगानीको अनुपात रहेको छ।

९. ०८३ असार मसान्तसम्मको उत्पादक तथा अनुत्पादक ऋणको अवस्था:

(क) उत्पादक ऋण:

| ऋण शीर्षक | ऋण संख्या | रकम | कुल ऋणमा उत्पादक ऋणको अनुपात | कैफियत |
|---|---|---|---|---|
| कृषि तथा पशुपक्षीपालन ऋण | ३९ | ६,६६,२७,९७७.५४ | ५।१९ प्रतिशत | |
| व्यावसायिक ऋण | १५० | ४०,९८,८२,०१५.८ | ३१।९० प्रतिशत | |
| रोजगार ऋण | २५ | १,३१,१२,८५८.८९ | १।०२ प्रतिशत | |
| हायरपर्चेज ऋण तीन पाङ्ग्रे | ५ | १०,४४,०३४.२१ | ०।०८ प्रतिशत | |
| हायरपर्चेज ऋण चार पाङ्ग्रे | १७ | २,३०,९६,२२६.९७ | १।८० प्रतिशत | |
| लघुवित्त ऋण | ४ | १,२६,५९१.५५ | ०।०१ प्रतिशत | |
| स्वरोजगार ऋण | ३ | १६,३१,७२१.४१ | ०।१३ प्रतिशत | |
| कुल जम्मा | २४३ | ५१,५५,२१,४२६.४ | ४०।१३ प्रतिशत | |

(ख) अनुत्पादक ऋण:

| ऋण शीर्षक | ऋण संख्या | रकम | कुल ऋणमा अनुत्पादक ऋणको अनुपात | कैफियत |
|---|---|---|---|---|
| सरल ऋण | ७७ | ५४,६७,७२३.९५ | ०।४३ प्रतिशत | |
| शिक्षा ऋण | ७३ | ९,४६,३४,०५३.९७ | ७।३७ प्रतिशत | |
| कर्मचारी सहुलियत ऋण | १४ | १,०९,१७,१२०.९१ | ०।८५ प्रतिशत | |
| घडेरी खरिद ऋण | १७ | ३,६६,२७,९५९.४६ | २।८५ प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| आवास ऋण | २०० | ३८,७६,३५,२४८.९ | ३०।१७ प्रतिशत | |
| हायरपर्चेज दुई पाङ्ग्रे  ऋण | ४६ | ६६,११,५३६.३६ | ०।५१ प्रतिशत | |
| खरखाँचो ऋण | ७९ | ४,०६,९७,५८७.६ | ३।१७ प्रतिशत | |
| घडेरी खरिद ऋण | २४ | ६,१३,२३,२८३.१६ | ४।७७ प्रतिशत | |
| आवधिक ऋण | ३२ | १,७०,०१,५६४.३ | १।३२ प्रतिशत | |
| नियमित बचत सापटी ऋण | १२३४ | ७,१४,९८,३०२.७६ | ५।५६ प्रतिशत | |
| व्यक्तिगत ऋण | २७८ | ३,६८,५२,७१२.७ | २।८७ प्रतिशत | |
| कुल जम्मा | २,०७४ | ७६,९२,६७,०९४.१ | ५९।८७ प्रतिशत | |

**उत्पादक तथा अनुत्पादक ऋणको सारांश:**

माथि उल्लिखित विवरण अनुसार आ.व. २०८२/०८३ को अन्तिमसम्मको उत्पादक तथा अनुत्पादक ऋणको अवस्था विश्लेषण गर्दा, कुल ऋण लगानी रकमको अनुपातमा उत्पादक ऋणतर्फ २४३ वटा खाता मार्फत कुल रू. ५१,५५,२१,४२६.५ को ऋण लगानी रहेको देखिन्छ। त्यसैगरी अनुत्पादक ऋणतर्फ २०७४ वटा खाता मार्फत कुल रू. ७६,९२,६७,०९४.१ ऋण लगानी रहेको देखिन्छ। उक्त विवरणका आधारमा कुल ऋण लगानीको तुलनामा अनुत्पादक ऋणको हिस्सा उत्पादक ऋणको तुलनामा बढी रहेको देखिन्छ। अतः संस्थाको ऋण लगानीलाई थप उत्पादनमुखी तथा आयआर्जनमा योगदान पुऱ्याउने क्षेत्रमा केन्द्रित गर्दै अनुत्पादक ऋणको हिस्सा क्रमशः न्यूनीकरण गर्न आवश्यक देखिएको छ। तथापि खरखाँचो ऋण, नियमित बचत सापटी र व्यक्तिगत ऋणको उपयोग प्रष्ट नभएको हुँदा सोलाई समेत प्रष्ट्याउँदा उत्पादक ऋणको संख्या र रकम बढ्ने निश्चित छ।

१०. **ऋण लगानी तथा असुलीको अवस्था:**

| क्र.सं. | ऋण शीर्षक | गत आ.व.को बाँकी | यस आ.व.मा ऋण लगानी | यस आ.व.मा ऋण असुली | यस आ.व.को बाँकी |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन ऋण | ५,६८,९५,०२२ | ३,२४,००,००० | २,२६,६७,०४४।४६ | ६,६६,२७,९७७।५४ |
| २ | व्यावसायिक ऋण | ४०,०७,२३,८५१।२ | १२,८८,४०,००० | ११,९६,८१,८३५।४ | ४०,९८,८२०,१५।८ |
| ३ | सरल ऋण | १०,५६,९९,९०७।५ | २,२७,२९,००० | १२,२९,६१,१८३।६ | ५४,६७,७२३।९५ |
| ४ | शिक्षा ऋण | ११,०९,४७,५४१।४ | ३,५०,७५,००० | ५,१,३८८,४८७।४१ | ९,४६,३४,०५३।९७ |
| ५ | आपत्कालिन ऋण | - | २०,००० | २०,००० | - |
| ६ | कर्मचारी सहुलियत ऋण | १,२०,३३,२००।३२ | २१,२०,००० | ३२,३६,०७९।४१ | १,०९,१७,१२०।९१ |
| ७ | रोजगार ऋण | १,०४,६९,०९९।७१ | १,०४,३०,००० | ७७,८६,२४०।८२ | १,३१,१२,८५८।८९ |
| ८ | घडेरी खरिद ऋण | २,७४,०७,२७१।०४ | २,१७,००,००० | १,२४,७९,३११।५८ | ३,६६,२७,९५९।४६ |
| ९ | आवास ऋण | ४१,१७,३५,६७४।६ | ७,२२,६५,००० | ९,६३,६५,४२५।६४ | ३८,७६,३५,२४८।९ |
| १० | हायर पर्चेज ऋण (२ पाङग्रे) | ५९,३४,६५३।०३ | ५८,७१,००० | ५१,९४,११६।६७ | ६६,११,५३६।३६ |
| ११ | हायर पर्चेज ऋण (३ पाङग्रे) | १८,१६,८३५।२३ | - | ७,७२,८०१।०२ | १०,४४,०३४।२१ |
| १२ | हायर पर्चेज ऋण (४ पाङग्रे) | ३,७०,३४,९१७।७८ | ६१,००,००० | २,००,३८,६९०।८१ | २,३०,९६,२२६।९७ |
| १३ | खरखाँचो ऋण | ४,३६,५१,५१८।७३ | २,१८,१६,००० | २,४७,६९,९३१।१३ | ४,०६,९७,५८७।६ |
| १४ | जग्गा खरिद ऋण | ६,८६,४२,५४५।१९ | १,१२,००,००० | १,८५,१९,२६२।०३ | ६,१३,२३,२८३।१६ |
| १५ | आवधिक ऋण | १,८४,२६,६७६।४३ | ३,५७,२५,००० | ३,७१,५०,११२।१३ | १,७०,०१,५६४।३ |
| १६ | लघुवित्त ऋण | ५,४९,७५६.६५ | ५,५०,००० | ९,७३,१६५.१ | १,२६,५९१.५५ |
| १७ | नियमित बचत सापटी ऋण | १,३३,५१,५५७.४९ | ८,८९,०५,१०० | ३,०७,५८,३५४.७३ | ७,१४,९८,३०२.७६ |
| १८ | व्यक्तिगत ऋण | १,८५,४०,१८८.५५ | ४,१४,७०,००० | २,३१,५७,४७५.८५ | ३,६८,५२,७१२.७ |
| १९ | स्वरोजगार ऋण | १०,७१,८५४.६ | १०,००,००० | ४,४०,१३३.१९ | १६,३१,७२१.४१ |
| | जम्मा लगानी | १,३४,४९,३२,०७१.४० | ५३,८२,१६,१००.०० | ५९,८३,५९,६५०.९७ | १,२८,४७,८८,५२०.४३ |

**ऋण लगानी तथा असुलीको सारांश:**

माथिको विवरण अनुसार आ.व. ०८२/०८३ को अन्तिमसम्ममा शीर्षकगत ऋण लगानी तथा असुलीको अवस्था हेर्दा समग्रमा गत आ.व.मा लगानीमा रहेको ऋण रकम रू.१,३४,४९,३२,०७१.४५ रहेकोमा यस आ.व.मा रू.५३,८२,१६,१००.०० थप ऋण लगानी भएको र रू.५९,८३,५९,६५०.९८ ऋण असुली भएको छ। जसमा ऋण लगानीको तुलनामा रू.६,०१,४३,५५१ ले बढी ऋण असुली भएको देखिन्छ। आ.व ०८२/०८३ को अन्तिममा जम्मा लगानीमा रहेको ऋण हिसाब रू.१,२८,४७,८८,५२० रहेको छ।

११. **भाखा नाघेको ऋण र सोको जोखिम कोष अवस्था:**

| कार्यालय | कुल ऋणमा भाखा नाघेको ऋणको अनुपात | ऋण नोक्सानी कोष व्यवस्थापन |
|---|---|---|
| मुख्य कार्यालय | ४.५०% | २,२९,५०,६४२.९० |
| टुकुचा जागरण सेवाकेन्द्र | ०.०८% | २९,६४,२०८.५५ |
| बनेपा सेवाकेन्द्र | १.२६% | ३९,५३,४००.३४ |
| धुलिखेल सेवाकेन्द्र | ०.०६% | ७,१४,८९१.६९ |
| पाँचखाल सेवाकेन्द्र | ०.२२% | ५,३९,०२६.३२ |
| जम्मा | २.७१% | ३,११,२२,१६९.८० |

१२. **भाखा नाघेको ऋण र सोको कोष व्यवस्थापन हिसाब:**

| विवरण | लगानीमा रहेको ऋण रकम | ऋण नोक्सानी कोष व्यवस्थापन | प्रतिशत |
|---|---|---|---|
| खराब ऋण, १ वर्षभन्दा बढी भाखा नाघेको (Loss) | ५८,५१,०९०.१८ | ५,८५१,०९०.१८ | १०० |
| शंकास्पद ऋण, ६ देखि १२ महिनासम्म भाखा नाघेको (Doubtful) | २,२१,४५,६८३.७३ | ११,०७२,८४१.८७ | ५० |
| कमसल ऋण, ३ देखि ६ महिनासम्म भाखा नाघेको (Sub Standard) | ६७,९३,००१.२२ | १,६९८,२५०.३१ | २५ |
| असल ऋण (Good loan) | १,२४,९९,९८,७४५.३० | १२,४९९,९८७.४५ | १ |
| जम्मा | १,२८,४७,८८,५२०.४३ | ३,११,२२,१६९.८० | |
| अतिरिक्त ऋण नोक्सानी कोष व्यवस्थापन | | ३,००,००,०००.०० | |
| जम्मा ऋण नोक्सानी कोष व्यवस्थापन | | ६,११,२२,१६९.८० | |

**भाखा नाघेको ऋण, ऋणको वर्गीकरण र सोको नोक्सानी कोष सम्बन्धी सारांश:**

आ.व. ०८२/०८३ को अन्तिमसम्ममा संस्थाको लगानीमा रहको कुल ऋणमध्ये २।७१ प्रतिशत भाखा नाघेको ऋण रहेको छ। जसमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्डको प्रकरण ३ मा भएको ऋणको वर्गीकरण सम्बन्धी व्यवस्था बमोजिम असल ऋण (Good loan) रू.१,२४,९९,९८,७४५।३०, कमसल ऋण ३ देखि ६ महिनासम्म भाखा नाघेको (Sub Standard) रू.६७,९३,००१।२२, शंकास्पद ऋण ६ देखि १२ महिनासम्म भाखा नाघेको (Doubtful) रू.२,२१,४५,६८३।७३ र खराब ऋण १ वर्षभन्दा बढी भाखा नाघेको (Loss) रू.५८,५१,०९०।१८ गरी जम्मा रू. ३,११,२२,१६९।८० ऋण नोक्सानी कोष व्यवस्था गरिएको छ भने अतिरिक्त ऋण नोक्सानी कोष बापत रू.३,००,००,०००।- समेत गरी जम्मा रू.६,११,२२,१६९।८० ऋण नोक्सानी कोष व्यवस्था गरिएको छ।

१३. **पाउनुपर्ने ब्याज हिसाब:**

| कार्यालय | पाउनुपर्ने ब्याज हिसाब |
|---|---|
| मुख्य कार्यालय | ४५,३३,३९४.६१ |
| टुकुचा जागरण सेवाकेन्द्र | ३,१६,०५६.२७ |
| धुलिखेल सोवकेन्द्र | ५१,५४६.१३ |
| बनेपा जनमैत्री सेवाकेन्द्र | ५,८६,५६९.६९ |
| पाँचखाल सेवाकेन्द्र | ८७,३७२.६१ |
| जम्मा | ५५,७४,९३९.३१ |

पाउनुपर्ने ब्याज हिसाबको सारांश:

आ.व. ०८२/०८३ को अन्तिमसम्म संस्थाको कुल ऋण लगानीबाट पाउनुपर्ने ब्याज हिसाब जम्मा रू.५५,७४,९३९।३१ रहेको छ। समग्रमा औसत १८ दिन बराबरको ब्याज उठ्न बाँकी रहेको देखिन्छ।

१४. निष्कर्ष:

हालको विद्यमान अवस्थाका बाबजुद आ.व. २०८२/८३ मा संस्थाको समग्र ऋण व्यवस्थापनको अवस्था सन्तोषजनक देखिन्छ। संस्थाले अधिक तरलताको अवस्था सामना गरिरहेको भए पनि कुल सम्पत्तिमा ऋण लगानीको अनुपात ५५.५३% कायम रहनु केही चुनौतीपूर्ण देखिन्छ। त्यसैगरी संस्थाबाट लगानी भएका परियोजना तथा व्यवसायमा आएको शिथिलताका कारण सदस्यहरुको आयस्तरमा सङ्कुचन आउन सक्ने अवस्था रहे पनि संस्थाले कुल ऋण लगानीमा भाखा नाघेको ऋणलाई २.७१% मा सीमित गर्न सक्नु संस्थाको सबल पक्षको रुपमा देखिएको छ।

त्यस्तै संस्थाको ऋण लगानीबाट प्राप्त हुनुपर्ने ब्याज रकमलाई रू. ५५,७४,९३९.३१ मा सीमित राख्न सफल हुनुले ऋण र ब्याज असुली व्यवस्थापन प्रभावकारी रहेको देखाउँछ साथै संस्थाले व्यवस्था गर्नुपर्ने ऋण नोक्सानी कोषभन्दा ३ करोड रूपैयाँ थप नोक्सानी कोष व्यवस्था गरेकोले संस्थाको वित्तीय स्थायित्व तथा सम्भावित ऋण जोखिम व्यवस्थापनका दृष्टिले यसलाई संस्थाको अर्को महत्वपूर्ण सबल पक्षको रुपमा लिन सकिन्छ।

अन्त्यमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत यस प्रगति प्रतिवेदन पारित गरिदिनु हुनेछ भन्ने विश्वासका साथ संस्थालाई मर्यादित रूपले सञ्चालन गर्दै अन्तर्राष्ट्रिय स्तरमा परिचित बनाउन प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने एशियाली ऋण महासंघ (ACCU), राष्ट्रिय सहकारी महासङ्घ लि. नेपाल, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक, बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ (प्रोस्कुन), जिल्ला सहकारी सङ्घ लि., जिल्ला बचत सङ्घ, विभिन्न सरकारी नियामक निकाय लगायत अभियानमा आबद्ध सहकारी पत्रपत्रिका साथै सहकारीकर्मी प्रति हार्दिक आभार व्यक्त गर्दै भविष्यमा निरन्तर साथ, सहयोगको आशा र विश्वास राख्दै यस संस्थाको विभिन्न तहमा रही संस्थाको उन्नति र प्रगतिपथमा योगदान गर्नुहुने सम्पूर्णमा हृदय देखि नै धन्यवाद तथा आभार व्यक्त गर्दछु।

धन्यवाद।

जय सहकारी, जय बुसा।

★★★★★

# साधारण सभा के हो?

- साधारणसभा भनेको सहकारी संस्थाको एक शीर्षस्थ भेला हो।
- यो संस्थामा आबद्ध शेयर सदस्यहरुको महत्वपूर्ण वार्षिक सभा हो।
- यस सभामा संस्थाले एक आर्थिक वर्षमा गरेका काम, आम्दानी-खर्च, संस्थाले लिएको लक्ष्य उपलब्धि तथा समग्र वित्तीय अवस्थाबारे सदस्यहरुलाई जानकारी गराइन्छ।

त्यसैगरी, आगामी वर्षका लागि प्रस्तावित योजना तथा बजेट, संस्थाको नीति तथा कार्यक्रम, सञ्चालक समिति तथा कार्यालय प्रमुखको सेवासुविधा लगायत विभिन्न महत्वपूर्ण विषयमा छलफल गरी आवश्यक निर्णय तथा अनुमोदन गर्ने गरिन्छ।

**साधारणसभा सदस्यहरुको सहभागिता र निर्णय प्रक्रियाको महत्वपूर्ण माध्यम हो।**

त्यसैले प्रत्येक शेयर सदस्यले साधारणसभामा उपस्थित भई संस्थाको गतिविधिबारे जानकारी लिनुका साथै आफ्नो विचार राख्दै निर्णय प्रक्रियामा सहभागी हुनु आफ्नो अधिकार र जिम्मेवारी दुवै हो।

# २७ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८३/०८४ को अनुमानित वार्षिक कार्ययोजना तथा बजेट

यस सभाका आदरणीय सभापति महोदय,

संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी एवं सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न उप-समितिका संयोजक तथा सदस्यज्यूहरू, सम्पर्क व्यक्तिहरू, कर्मचारीवर्ग, आदरणीय शेयर सदस्य महानुभावहरू, बालबचतकर्ता भाइबहिनीहरू, संस्थाका सम्पूर्ण शुभचिन्तकज्यूहरूमा न्यानो अभिवादन व्यक्त गर्दछु ।

आज हामी बुडोल सामुदायिक साकोसको गौरवमय २७ औं वार्षिक साधारण सभाको अवसरमा उपस्थित छौं । यस संस्थाले विगत ३ वर्षदेखि नै सहकारी विभागबाट जारी भएको सहकारी संस्थाको साधारण सभा कार्यव्यवस्था निर्देशिका २०७६ को निर्देशन बमोजिम साधारण सभा सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा संस्थाको २७ औं वार्षिक साधारण सभालाई पनि हामीले एकाइगत रूपमा सम्पन्न गर्ने गरी साधारण सभाको यस एकाइ बैठक सँगसँगै अन्य ३ स्थानमा पनि एकाइ बैठकहरू आयोजना भइरहेको व्यहोरा जानकारी गराउँदछु । आदरणीय शेयर सदस्य महानुभावहरूले संस्थाको सञ्चालक समितिको तर्फबाट प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को अनुमानित वार्षिक कार्ययोजना तथा बजेट उपर विभिन्न माध्यमबाट आफ्ना रचनात्मक सल्लाह, सुझावहरू उपलब्ध गराई हामीलाई मार्गदर्शन प्रदान गर्नु हुनेछ भन्नेमा म विश्वस्त छु । यसै वार्षिक कार्ययोजना तथा बजेट अनुरूप नै संस्थाले गत २०८३ साउन १ गतेदेखि विभिन्न कार्यक्रमहरू सञ्चालन र खर्चहरू गर्दै आएकोमा हालसम्म भइसकेका कार्यक्रम तथा खर्चलाई समेत अनुमोदन गरिदिनु हुन अनुरोध गर्दछु ।

आर्थिक वर्ष २०८२/०८३ मा संस्थाले लिएको सबै लक्ष्यहरू पूरा हुन नसके पनि महत्वपूर्ण लक्ष्यहरूमा सन्तोषजनक प्रगति देखिन्छ । हरेक सङ्कट पश्चात् नयाँ-नयाँ अवसरहरू पनि सृजना भएर आउने भएकोले आगामी दिनमा संस्थाले नयाँ उचाइ बनाउने कुरामा हामी विश्वस्त छौं ।

सभापति महोदय, अब आर्थिक वर्ष २०८३/०८४ को अनुमानित वार्षिक कार्ययोजना तथा बजेट प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेट

### १. सदस्य वृद्धि योजना :

| विवरण | आ.व.०८२/०८३ को वास्तविक | आ.व. २०८३/०८४ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल सदस्य |
|---|---|---|---|
| सदस्य | १९,७९७ | २०३ | २०,००० |
| कोपिला बाल बचतकर्ता | ८१७५ | ३२५ | ८,५०० |

संस्थामा गुणस्तरिय सदस्य निर्माणलाई प्राथमिकता दिइने भएकोले निस्क्रिय रहेका सदस्यलाई सक्रिय सदस्यमा रुपान्तरण गर्ने वा हटाउँदै जाने रणनीति अख्तियार गरिनेछ । जस अनुरुप १,५०३ जना नयाँ सदस्य थप भई १,३०० जना सदस्यको सदस्यता खारेज गरी माथि उल्लेखित सदस्य सङ्ख्या कायम हुने प्रक्षेपण गरिएको छ । कोपिला बाल बचतकर्ता तर्फ १,०५५ जना थप भई ७३० जनाको खाता बन्द हुने प्रक्षेपण गरिएको छ ।

### २. कुल सम्पति वृद्धि योजना :

| विवरण | आ.व.०८२/०८३ को वास्तविक | आ.व. २०८३/०८४ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल सम्पति |
|---|---|---|---|
| कुल सम्पत्ति | २,२६६,६९४,७९९.१५ | १४२,९९४,४८६.३६ | २,४०९,६८९,२८५.५१ |

ऋण लगानीको अवसरहरु कम भएको र तरलता बढ्दै गएको सन्दर्भमा कुल सम्पत्ति निर्माणलाई सामान्य मात्र पहल गरिनेछ र सम्पत्तिको गुणस्तरीयता कायम गर्न प्रभावकारी पहलकदमी हुनेछ ।

### ३. शेयर पुंजी वृद्धि योजना :

| विवरण | आ.व.०८२/०८३ को वास्तविक | आ.व. २०८३/०८४ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल शेयर |
|---|---|---|---|
| शेयर रकम | १४५,५०२,९००.०० | १४,४९७,१००.०० | १६०,०००,०००.०० |

संस्थामा आबद्ध हरेक सदस्यको क्रमिक रुपमा औसत शेयर रु.१० हजार कायम गरिनेछ । यस सन्दर्भमा कम शेयर भएकालाई सदस्यलाई शेयर थप गर्न र बढी शेयर भएका सदस्यलाई आंशिक रुपमा शेयर फिर्ता गर्दै उल्लेखित सीमा कायम गर्न पहल गरिनेछ ।

४. बचत/निक्षेप वृद्धि योजनाः

| विवरण | आ.व.०८२/०८३ को वास्तविक | आ.व. २०८३/०८४ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल बचत |
|---|---|---|---|
| बचत रकम | १,८८३,५९७,३१०.७७ | १२२,४३३,८२५.२० | २,००६,०३१,१३५.९७ |

संस्थामा आबद्ध हरेक सदस्यलाई नियमित बचतमा अनिवार्य सहभागिता गराइनेछ साथै कुल बचत रकममध्ये नियमित बचतको हिस्सा ३५ प्रतिशत भन्दा माथि पुर्‍याइनेछ ।

५. सदस्यहरुलाई ऋण लगानी वृद्धि योजनाः

| विवरण | आ.व.०८२/०८३ को वास्तविक | आ.व. २०८३/०८४ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल ऋण लगानी |
|---|---|---|---|
| ऋण लगानी हिसाब | १,२२३,९१८,९६२.७० | २४१८६७३५७.७६ | १,४६५,७८६,३२०.४६ |

सदस्यहरुमाझ ऋण लगानी गर्नको लागि नयाँ नयाँ अवसरहरुको खोजी गरिनेछ साथै उत्पादनमूलक क्षेत्रमा ऋण लगानीको हिस्सा ५० प्रतिशतभन्दा बढी बनाउन पहल गरिनेछ ।

६. संस्थागत पुँजी वृद्धि योजनाः

| | रकम | प्रतिशत |
|---|---|---|
| आ.व.२०८२/०८३ को वास्तविक | १९८,६३७,०८२.७० | ८.७६ |
| वृद्धि लक्ष्य | १०,४७९,९९६.३६ | |
| आ.व. २०८३/०८४ को वर्षान्तमा पुग्ने कुल संस्थागत पुँजी | २०९,११७,०७९.०६ | ८.६८ |

७. वाह्य ऋण सापटी योजनाः

| | रकम | प्रतिशत |
|---|---|---|
| आ.व.२०८२/०८३ को वास्तविक | - | - |
| वृद्धि लक्ष्य | - | - |
| आ.व. २०८३/०८४ को वर्षान्तमा पुग्ने कुल ऋण सापटी | - | - |

८. भाखा नाघेको ऋण व्यवस्थापन योजनाः

| | रकम | प्रतिशत |
|---|---|---|
| आ.व.२०८२/०८३ को वास्तविक | ३४,७८९,७७५.१३ | २.७१ |
| आ.व. २०८३/०८४ को वर्षान्तमा हुने भाखा नाघेको ऋण | ३८,२४५,६२३.१३ | २.५० |

९. भौतिक पूर्वाधार विकास तथा सम्पत्ति सामान खरिद योजनाः

विशेषत संस्थाले भौतिक पूर्वाधार विकास योजनातर्फ संस्थाको आफ्नै प्रशासनिक भवन निर्माणको प्रक्रिया शुरू गरिसकेको छ । यस सन्दर्भमा संस्थाले आफ्नो नाममा रहेको जग्गा हालसाविक गर्ने कार्य सकाएर भवन निर्माणको सम्पूर्ण प्रक्रिया अगाडि बढाउन परामर्शदाता कम्पनीको रूपमा ड्राफ्टर्स इन्जिनियरिङ्ग कन्सल्ट्यान्सी, बनेपालाई नियुक्त गरिसकेको अवस्था छ । आर्थिक वर्ष ०८३/०८४ र ०८४/०८५ गरी दुई आर्थिक वर्षभित्र भवन निर्माण सम्पन्न गरी आफ्नै भवनबाट कर्पोरेट कार्यालय सञ्चालन गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

| क्र. सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | संस्थाको भवन निर्माण | १ | ५०,०००,०००.०० | सम्पत्ति | सञ्चालक समिति | आ.व. ०८४।०८५ को पुसमसान्त |
| २ | सर्भर | १ | १,५००,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८३ चैत्रमसान्त |
| ३ | फोटोकपी मेशिन | १ | २००,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८३ असोजमसान्त |
| ४ | ल्यापटप | १ | १००,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८४ असारमसान्त |
| ५ | डेस्कटप कम्प्युटर | १ | ७५,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८४ असारमसान्त |
| ६ | प्रिन्टर | १ | ४०,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८४ असारमसान्त |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | पेपर स्रेडर | १ | २५,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८३ असोजमसान्त |
| ८ | दैनिक ट्याब | १ | ३०,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८४ असारमसान्त |
| ९ | फर्निचर | आ.अ. | १००,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८३ पुसमसान्त |
| १० | वाटर डिस्पेन्सर | ५ | ५०,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८३ असोजमसान्त |
| ११ | अन्य | आ.अ. | १००,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८४ असारमसान्त |
| | जम्मा | | ५२,२२०,०००.०० | | | |

१०. **प्रविधि तर्फको विकास योजना:**

संस्थाको सेवा सञ्चालनलाई प्रभावकारी, विश्वासिलो, भरपर्दो र समय सापेक्ष बनाउनका लागि प्रतिस्पर्धीहरूले प्रयोग गरेका वित्तीय बजारमा उपलब्ध भएका प्रविधिहरूलाई संस्थामा अबलम्बन गरी संस्थाको सेवा विस्तार गरिनेछ।

| क्र.सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | सिबिएस अद्यावधिक (क्लाउड ब्याकअपसहित) | १ | १,०००,०००.०० | सम्पत्ति | सू.सं.प्र.उ | २०८३ पुसमसान्त |
| २ | वेभसाईट अद्यावधिक (अनलाईन सदस्यता, केवाईएम, ऋण माग) | १ | १२०,०००.०० | सम्पत्ति | सू.सं.प्र.उ | २०८३ पुसमसान्त |
| ३ | मोबाइल बैकिङ्ग सेवा अद्यावधिक | १ | १५०,०००.०० | सम्पत्ति | सू.सं.प्र.उ | २०८३ पुसमसान्त |
| ४ | श्रव्यदृष्य सामग्रीहरुको निर्माण | आ.अ. | ५०,०००.०० | खर्च | सू.प्र. शाखा | हरेक महिनामा |
| ५ | डिजिटल सूचना प्रणाली (टिभीमा) | ५ | ५०,०००.०० | खर्च | सू.सं.प्र.उ | २०८४ असारमसान्त |
| ६ | भू-सेवा सम्बन्धी पूर्वाधार | | ४०,०००.०० | सम्पत्ति | सू.सं.प्र.उ | २०८३ असोजमसान्त |
| | जम्मा | | १,४१०,०००.०० | | | |

११. **मानव संसाधन विकास योजना:**

(क) संस्था संचालनलाई पारदर्शी, व्यवस्थित र परिणाममुखी बनाउनका लागि संस्थाको सञ्चालक समितिको निरन्तर क्षमता विकास अपरिहार्य रहेकोले यस आ.वमा सञ्चालक क्षमता विकासका कार्यक्रमहरू संचालन गरिनेछ। संस्थाको सदस्य सेवास्तरमा निरन्तर वृद्धि र गुणस्तर कायमका लागि कार्यरत कर्मचारीहरूको क्षमता विकास अनिवार्य रहेकोले कार्यरत कर्मचारीको प्रतिस्पर्धी क्षमता विकासका लागि यस आ.वमा देहायका कार्यक्रमहरू सञ्चालन गरिनेछ। कुल कर्मचारी तलब भत्ताको कम्तीमा २ प्रतिशत रकम कर्मचारी तालिम शिक्षामा खर्च गरिनेछ।

| क्र.सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापनको लागि: | | | | | |
| १ | कर्मचारी उत्प्रेरणा तालिम | १ | २२५,०००.०० | शिक्षा कोष | प्र. का. अ. | २०८३ साउनमसान्त |
| २ | कर्मचारी अनुशिक्षण कार्यक्रम | २ | १००,०००.०० | शिक्षा कोष | प्र. का. अ. | ०८३ पुस/०८४ असार |
| ३ | फ्रन्ट डेक्स कर्मचारीहरुको जिम्मेवारीसँग सम्बन्धित तालिम | २ | ५०,०००.०० | शिक्षा कोष | प्र. का. अ. | २०८३ पुसमसान्त |
| ४ | अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण, कार्यक्रम सहभागिता | २ | १००,०००.०० | शिक्षा कोष | सञ्चालक समिति | २०८४ असारमसान्त |
| ५ | अन्य निकायबाट आयोजना गरिने कार्यक्रममा सहभागिता | आ.अ. | १००,०००.०० | शिक्षा कोष | प्र. का. अ. | २०८४ असारमसान्त |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | महिनाको उत्कृष्ट कर्मचारी | १२ | १२,०००.०० | खर्च | प्र. का. अ. | हरेक महिनाको ७ गतेभित्र |
| | सञ्चालकको लागिः | | | | | |
| ७ | सञ्चालकहरुको क्षमता विकास कार्यक्रम (अध्ययन अवलोकन भ्रमण) | १ | ३००,०००.०० | शिक्षा कोष | सञ्चालक समिति | २०८३ चैत्रमसान्त |
| ८ | विषयगत गोष्ठी, तालिम, अध्ययन भ्रमण | आ.अ. | १००,०००.०० | शिक्षा कोष | सञ्चालक समिति | २०८३ चैत्रमसान्त |
| ९ | सम्पर्क व्यक्ति अनुशिक्षण कार्यक्रम | १ | २००,०००.०० | खर्च | सञ्चालक समिति | २०८४ असारमसान्त |
| १० | समिति तथा उपसमिति अनुशिक्षण कार्यक्रम | २ | १००,०००.०० | शिक्षा कोष | सञ्चालक समिति | २०८३ चैत्रमसान्त |
| ११ | अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण, कार्यक्रम सहभागिता (सञ्चालक) | २ | २५०,०००.०० | शिक्षा कोष | सञ्चालक समिति | २०८४ असारमसान्त |
| १२ | अन्य निकायबाट आयोजना गरिने कार्यक्रममा सहभागिता | आ.अ. | ५०,०००.०० | शिक्षा कोष | सञ्चालक समिति | २०८४ असारमसान्त |
| | जम्मा | | १,५८७,०००.०० | | | |

(ख) कर्मचारी दरबन्दीः
संस्थामा देहाय बमोजिम दरबन्दी कायम गरिनेछ।

| क्र.सं. | पद | तह | कायम रहेको कर्मचारी सङ्ख्या | प्रस्तावित कर्मचारी दरबन्दी |
|---|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | १० | १ | १ |
| २ | कार्यकारी अधिकृत | ८ | १ | १ |
| ३ | वरिष्ठ अधिकृत | ७ | १ | १ |
| ४ | अधिकृत | ६ | २ | २ |
| ५ | सहायक अधिकृत | ५ | ४ | ५ |
| ६ | वरिष्ठ सहायक | ४ | २ | ३ |
| ७ | सहायक | ३ | १३ | १३ |
| ८ | कनिष्ठ सहायक | २ | ७ | ८ |
| ९ | सहयोगी | १ | ९ | ९ |
| १० | सहयोगी | श्रेणी विहीन 'क' | ० | २ |
| ११ | सहयोगी | श्रेणी विहीन 'ख' | ८ | १३ |
| १२ | कम्पनीमार्फत | | ३ | ० |
| | जम्मा | | ५१ | ५८ |

(ग) प्रमुख कार्यकारी अधिकृत र सञ्चालकहरुको सेवा सुविधा, तलब भत्ता सम्बन्धी व्यवस्थाः

(१) प्रमुख कार्यकारी अधिकृतलाई मासिक आधारभूत तलब रू.१,०४,३३६।- र भत्ता रू. ५५,४६०।- सहित संस्थाको मानव संसाधन व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम स्थायी कर्मचारी सरह अन्य सेवा सुविधा उपलब्ध गराईनेछ।

(२) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको लागि प्रति बैठक भत्ता रू.१,७६५।- (अक्षरेपि एक हजार सातसय पैसठ्ठी रूपैयाँ मात्र) र संस्थाले मासिक रू.२१०।- रिचार्ज गरिदिने गरी सियुजी सिमकार्ड उपलब्ध गराईनेछ। ऋण उपसमिति संयोजकको हकमा मासिक २० लिटर पेट्रोल उपलब्ध गराइनेछ। अन्य उपसमिति तथा कार्यदललाई प्रति बैठक भत्ता रू.१,०५९।- (अक्षरेपि एक हजार उनान्साठी रूपैयाँ मात्र) उपलब्ध गराइनेछ।

(३) समिति तथा उपसमिति/कार्यदलको अधिकतम बैठक सङ्ख्या देहाय बमोजिम निर्धारण गरिएको छः
(अ) सञ्चालक समितिको हकमाः वार्षिक २० वटा
(आ) ऋण उपसमितिको हकमाः वार्षिक १४४ वटा
(इ) सेवा केन्द्र व्यवस्थापन उपसमितिको हकमाः वार्षिक १२ वटा
(ई) अन्य उपसमितिको हकमाः वार्षिक ४० वटा
(उ) अन्य कार्यदलको हकमाः वार्षिक ३० वटा
(ऊ) आमन्त्रितलाई परिवहन खर्च बापत प्रति बैठक रू.५००।- उपलब्ध गराउने ।

१२. सदस्य केन्द्रीत कार्यक्रम योजना:

| क्र.सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | महिनाको सदस्य (Member of The Month) कार्यक्रम | २४ | २४,०००.०० | खर्च | प्र.का.अ. | हरेक महिनाको ७ गतेभित्र |
| २ | ऋण सदुपयोगिता निरीक्षण | ४८ | २५,०००.०० | खर्च | ऋण उपसमिति | हरेक महिना |
| ३ | विस्तारित मञ्च: | | | | | |
| | क) युवा भेला तथा वित्तीय साक्षरता | १ | ५०,०००.०० | खर्च | शिक्षा तथा प्रकाशन उ.स. | २०८३ चैत्रमसान्त |
| | ख) नीति तथा योजना सभा | १ | ५०,०००.०० | खर्च | सञ्चालक समिति | २०८३ चैत्रमसान्त |
| | ग) सदस्य जागरण तथा विस्तारित मञ्च | आ.अ. | ४००,०००.०० | खर्च | प्र.का.अ. | हरेक महिना |
| | घ) वृहत महिला भेला तथा विस्तारित मञ्च | १ | १५०,०००.०० | खर्च | महिला तथा सा.सां.उ.स. | २०८३ चैत्रमसान्त |
| ४ | ज्येष्ठ नागरिक सम्मान | १ | ३५०,०००.०० | खर्च | महिला तथा सा.सां.उ.स. | २०८३ असोजमसान्त |
| ५ | एस.ई.ई. सम्मान कार्यक्रम | १ | ३००,०००.०० | खर्च | शिक्षा तथा प्रकाशन उ.स. | २०८४ असारमसान्त |
| ६ | कपी पेन्सिल/कलम वितरण | १ | १,५००,०००.०० | खर्च | शिक्षा तथा प्रकाशन उ.स. | २०८३ चैत्रमसान्त |
| ७ | व्यवसाय विकास सेवा कार्यक्रम | आ.अ. | २००,०००.०० | खर्च | सञ्चालक समिति | २०८४ असारमसान्त |
| ८ | तीर्थाटन कार्यक्रम (ज्येष्ठ सदस्य तथा अन्य सदस्यको लागि) | | | | | |
| | क) ज्येष्ठ सदस्य तीर्थाटन | १ | १२०,०००.०० | खर्च | महिला तथा सा.सां.उ.स. | २०८३ फागुनमसान्त |
| | ख) धार्मिक पर्यटन | १ | ५०,०००.०० | खर्च | महिला तथा सा.सां.उ.स. | २०८३ फागुनमसान्त |
| | जम्मा | | ३,२१९,०००.०० | | | |

१३. आर्थिक सुरक्षा कार्यक्रम योजना:
संस्थामा आबद्ध भई कारोबार गर्ने सदस्यहरूको दुःख सुखको साथीको रूपमा सहकारी संस्थालाई स्थापित गराउनका लागि संस्थाबाट आर्थिक सुरक्षा कार्यक्रम अन्तर्गत देहाय बमोमिजका क्रियाकलापहरू सञ्चालन गरिनेछ। सम्पूर्ण सदस्यहरूलाई आर्थिक सुरक्षा कार्यक्रममा आबद्धताको लागि प्रयास पनि गरिनेछ।

| क्र.सं. | आगामी आ.वको लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | मातृत्व सुरक्षा बचत सहभागिता | आ.अ. | १००,०००.०० | सदस्य राहत कोष | व्यवस्थापन | आवश्यकता अनुसार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | सुत्केरी भेटघाट कार्यक्रम | आ.अ. | २००,०००.०० | सदस्य राहत कोष | व्यवस्थापन र सम्पर्क व्यक्ति | आवश्यकता अनुसार |
| ३ | सुत्केरी उपचार सहयोग कार्यक्रम | आ.अ. | ४५०,०००.०० | सदस्य राहत कोष | व्यवस्थापन र सम्पर्क व्यक्ति | आवश्यकता अनुसार |
| ४ | खुत्रुके वितरण (सुत्केरी भेटघाट कार्यक्रम अन्तर्गत) | आ.अ. | १००,०००.०० | खर्च | व्यवस्थापन र सम्पर्क व्यक्ति | आवश्यकता अनुसार |
| ५ | नवदुलही सदस्यता कार्यक्रम | आ.अ. | २०,०००.०० | खर्च | व्यवस्थापन र सम्पर्क व्यक्ति | आवश्यकता अनुसार |
| ६ | सदस्यता राहत वितरण कार्यक्रम | आ.अ. | १,९५०,०००.०० | सदस्य राहत कोष | सञ्चालक र व्यवस्थापन | आवश्यकता अनुसार |
| ७ | सदस्य बीमा कार्यक्रम | आ.अ. | ७२५,०००.०० | खर्च | व्यवस्थापन | आवश्यकता अनुसार |
| ८ | जटिल रोग उपचार सहयोग कार्यक्रम | आ.अ. | १,३००,०००.०० | सदस्य राहत कोष | सञ्चालक र व्यवस्थापन | आवश्यकता अनुसार |
| ९ | प्राकृतिक प्रकोप सहयोग | आ.अ. | १००,०००.०० | सदस्य राहत कोष | सञ्चालक र व्यवस्थापन | आवश्यकता अनुसार |
| १० | राहत उपलब्ध गराउने सन्दर्भमा हुने खर्च | आ.अ. | ३०,०००.०० | खर्च | | आवश्यकता अनुसार |
| ११ | औषधी उपचार सहयोग | आ.अ. | १,६८९,०००.०० | सदस्य राहत कोष | व्यवस्थापन | |
| | **जम्मा** | | ६,६६४,०००.०० | | | |

१४. **सामाजिक उत्तरदायित्वतर्फको कार्यक्रम योजना:**
यस संस्था सदस्य केन्द्रीत र समुदायमा आधारीत संस्था भएकोले समुदायप्रति संस्थाको आफ्नै उत्तरदायित्व रहेको हुन्छ। तसर्थ यस आर्थिक वर्षमा सामाजिक उत्तरदायित्वतर्फ देहाय बमोजिमका कार्यक्रममार्फत योगदान पुर्‍याइनेछ।

| क्र.सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | वातावरण संरक्षण सम्बन्धी कार्यक्रम | १ | ५०,०००.०० | सा. विकास कोष | महिला तथा सा.सां.उ.स. | आवश्यकता अनुसार |
| २ | स्वास्थ्य शिविर | ५ | १००,०००.०० | सा. विकास कोष | महिला तथा सा.सां.उ.स. | आवश्यकता अनुसार |
| ३ | नियमित रक्तदान कार्यक्रम | ३ | ३०,०००.०० | खर्च | महिला तथा सा.सां.उ.स. | आवश्यकता अनुसार |
| ४ | पर्व, जात्रा तथा उत्सवमा सहजीकरण | आ.अ. | ३५,०००.०० | सा. विकास कोष | व्यवस्थापन | आवश्यकता अनुसार |
| ५ | सामाजिक सांस्कृतिक कार्यक्रम, खेलकुद आदिमा सहयोग | आ.अ. | ७०,०००.०० | सा. विकास कोष | सञ्चालक समिति | आवश्यकता अनुसार |
| ६ | विकास निर्माणमा सहभागिता | आ.अ. | ७०,०००.०० | सा. विकास कोष | सञ्चालक समिति | आवश्यकता अनुसार |
| ७ | विद्यालयमा बुसा कार्यक्रम | १० | ५०,०००.०० | सा. विकास कोष | शिक्षा तथा प्रकाशन उ.स. | २०८४ बैशाखमसान्त |
| | **जम्मा** | | ४०५,०००.०० | | | |

१५. **संस्थागत कार्यक्रम योजना:**
संस्थाले प्रचलित कानुन बमोजिम गर्नुपर्ने साधारण सभा लगायत संस्थाको वार्षिकोत्सव कार्यक्रम नियमित रूपमा गर्दै आएको छ। यी कार्यक्रमहरूलाई निरन्तरता दिनुको साथै संस्थाले यस आर्थिक वर्षमा देहाय बमोजिम संस्थागत कार्यक्रमहरू सञ्चालन गर्नेछ।

| क्र. सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | साधारण सभा | १ | ३,५००,०००.०० | खर्च | सञ्चालक समिति | २०८३ असोजमसान्त |
| २ | वार्षिकोत्सव कार्यक्रमः | १ | ४००,०००.०० | खर्च | सञ्चालक समिति | २०८३ माघमसान्त |
| | -बुसा शैक्षिक सम्मान | | | | | |
| | -विशिष्ट सदस्य सम्मान | | | | | |
| | -बुसा सहकारी साधना सम्मान | | | | | |
| | -उत्कृष्ट सदस्य सम्मान | | | | | |
| | -उत्कृष्ट कर्मचारी सम्मान/दिर्घसेवा पदक/दशक सेवा सम्मान | | | | | |
| | -फरक क्षमता भएका सदस्य सहयोग | | | | | |
| | -प्रतियोगितात्मक कार्यक्रम | | | | | |
| ३ | भित्तेपात्रो छपाइ | ९,००० | १६०,०००.०० | खर्च | शिक्षा तथा प्रकाशन उ.स. | २०८३ चैत्रमसान्त |
| ४ | समीक्षा बैठक (वार्षिक र त्रैमासिक) | ४ | १००,०००.०० | खर्च | सञ्चालक समिति | त्रैमासिक रुपमा |
| ५ | सहकारी दिवस कार्यक्रम | १ | ६०,०००.०० | खर्च | सञ्चालक समिति | सहकारी दिवस र राइफेसन डे |
| ६ | दीपावली तथा शुभकामना आदानप्रदान कार्यक्रम | ५ | ४०,०००.०० | खर्च | व्यवस्थापन | २०८३ कात्तिक |
| ७ | स्क्यान कार्यक्रम (एक्सेस अन्तिम परीक्षण सहित) | १ | २००,०००.०० | खर्च | सञ्चालक समिति | २०८४ असारमसान्त |
| ८ | रणनीतिक योजना पुनरावलोकन/तर्जुमा कार्यक्रम | १ | १००,०००.०० | खर्च | सञ्चालक समिति | २०८३ चैत्रमसान्त |
| ९ | उपहार, शुभकामना तथा मायाको चिनो | आ.अ. | ३५,०००.०० | | | |
| | **जम्मा** | | ४,५९५,०००.०० | | | |

१६. **सम्पति शुद्धीकरण निवारण सम्बन्धमा योजनाः**

सम्पत्ति शुद्धीकरण अन्तर्गत राज्यको सम्बन्धित ऐन, नियमावली नियामक निकायबाट जारी गरिएको निर्देशन र संस्थाको आन्तरिक सम्पत्ति शुद्धीकरण निवारण नीति तथा कार्यविधि बमोजिम आ.व. ०८३/०८४ मा सम्पत्ति शुद्धीकरण निवारणको लागि देहाय बमोजिमको वार्षिक कार्ययोजना तयार गरी लागु गरिनेछः

(क) प्रभावकारी सदस्यता पहिचान व्यवस्थापन गर्न १०० प्रतिशत सदस्यको सदस्य पहिचान विवरण अद्यावधिक तथा सम्पुष्टि गर्ने ।

(ख) नियामक निकायको निर्देशन बमोजिम संस्थाको आन्तरिक सम्पत्ति शुद्धीकरण निवारण नीति तथा कार्यविधि, २०७६ मा आवश्यक संसोधन गरी साधारण सभाबाट पारित गर्ने ।

(ग) सम्पत्ति शुद्धीकरण निवारणको लागि ऐन, नियमावली र नियामक निकायको निर्देशनको पालना सम्बन्धमा सिस्टमबाट नै हुनुपर्ने सम्बन्धमा संस्थाको Core Banking System नै परिवर्तन गरी सो सम्बन्धी व्यवस्था भएको सिस्टम सहितको Core Banking System प्रयोगमा ल्याउने ।

(घ) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम कार्यक्रममा सम्बन्धित कर्मचारी र आवश्यकता हेरी सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिलाई सहभागी गराउने ।

(ङ) उच्च नगद कारोबारको निगरानी गर्ने ।

(च) उच्च जोखिममा परेको सदस्यहरूको थप अनुगमन तथा निगरानी गर्ने ।
(छ) सञ्चालक समिति तथा व्यवस्थापनले प्रभावकारी निगरानी तथा पर्यवेक्षण गर्ने ।

१७. वित्तीय स्थिति विवरण:

| शीर्षक | आ.व.०८२/०८३ को वास्तविक रकम | आ.व.०८३/०८४ को लागि प्रक्षेपित | |
|---|---|---|---|
| | | वृद्धि हुने रकम | रकम |
| **पुँजी तथा दायित्व:** | | | |
| शेयर पुँजी | १४५,५०२,९००.०० | १४,४९७,१००.०० | १६०,०००,०००.०० |
| जगेडा कोष | १८६,१३३,४०६.०१ | ९,७२८,१२८.०६ | १९५,८६१,५३४.०७ |
| नियमनकारी कोषहरु | ३१,९४८,२२५.८१ | ७३९,८३५.०५ | ३२,६८८,०६०.८६ |
| अन्य कोष | ४,५९६,१७७.७७ | (२,०७१,७८१.१४) | २,५२४,३९६.६३ |
| NFRS समायोजना कोष | १,९१३,१५४.१७ | २००,०००.०० | २,११३,१५४.१७ |
| बचत/निक्षेप हिसाब | १,८८३,५९७,३१०.७७ | १२२,४३३,८२५.२० | २,००६,०३१,१३५.९७ |
| पट्टा दायित्व | ४,५७०,६०१.४३ | (२,११०,९६९.६६) | २,४५९,६३१.७७ |
| अन्य दायित्व | ८,४३३,०२३.१९ | (४२१,६५१.१६) | ८,०११,३७२.०३ |
| **कुल पुँजी तथा दायित्व** | २,२६६,६९४,७९९.१५ | १४२,९९४,४८६.३५ | २,४०९,६८९,२८५.५० |
| **सम्पत्ति:** | | | |
| नगद मौज्दात | ४,४०७,९५९.२४ | -८८१,५९१.८५ | ३,५२६,३६७.३९ |
| बैंक मौज्दात | ५५९,६०७,८९०.७३ | -१२७,७७४,९८०.२० | ४३१,८३२,९१०.५३ |
| वित्तीय लगानी हिसाब | ४२०,०००,०००.०० | ३०,०००,०००.०० | ४५०,०००,०००.०० |
| ऋण लगानी हिसाब | १,२२३,९१८,९६२.७० | २४१,८६७,३५७.७६ | १,४६५,७८६,३२०.४६ |
| लगानी उपकरण | ३२,०४८,५००.०० | ०.०० | ३२,०४८,५००.०० |
| चालु कर सम्पत्ति | १०,८७७,२३२.१९ | ५४३,८६१.६१ | ११,४२१,०९३.८० |
| स्थिर सम्पत्ति | ८,७६२,१३९.३८ | ४३८,१०६.९७ | ९,२००,२४६.३५ |
| पट्टा सम्पत्ति | ३,३५०,९१७.२४ | -१,३४०,३६६.९० | २,०१०,५५०.३४ |
| ख्याति तथा अमूर्त सम्पत्ति | २५०,०७०.३० | -५०,०१४.०६ | २००,०५६.२४ |
| स्थगन कर सम्पत्ति | २६,५०९.५० | १९,८८२.१३ | ४६,३९१.६३ |
| अन्य सम्पत्ति | ३,४४४,६१७.८७ | १७२,२३०.८९ | ३,६१६,८४८.७६ |
| **कुल सम्पति** | २,२६६,६९४,७९९.१५ | १४२,९९४,४८६.३५ | २,४०९,६८९,२८५.५० |

१८. अनुमानित आय विवरण:

| क्षेत्र | विवरण | आ.व.०८२/०८३ को वास्तविक | आ.व.०८३/०८४ को अनुमानित |
|---|---|---|---|
| वित्तीय लगानीबाट आम्दानी | शेयर लगानीबाट आम्दानी | १११,७६०.६१ | - |
| | बचतमा लगानी आम्दानी | ३,०७१,६८६.२३ | २,७६४,५१७.६१ |
| | मुद्दती हिसाब खाता आम्दानी | २०,१०५,२९९.२६ | १८,०९४,७६९.३३ |
| | चार्जअफबाट आम्दानी | - | १००,०००.०० |

| | | | |
|---|---|---|---|
| ऋण लगानीबाट आम्दानी | | १४१,९३१,५५९.६१ | १४०,७३०,६७२.२७ |
| संरक्षित पुँजी फिर्ता कोष आम्दानी | | ६२,०६९.४१ | ३१,०३४.७१ |
| अन्य आम्दानी | प्रवेश शुल्क | ८६,७००.०० | १२०,०००.०० |
| | छुट तथा कमिशन | १३३,९८४.४६ | १४७,३८२.९१ |
| | ऋण व्यवस्थापन शुल्क | ४,४७३,४२९.०० | ४,०२६,०८६.१० |
| | अन्य सञ्चालन आम्दानी | ६९५,०८२.५१ | ७६४,५९०.७६ |
| ऋण जोखिम व्यवस्थाबाट आम्दानी | | - | - |
| **जम्मा कुल आम्दानी** | | १७०,६७१,५७१.०९ | १६६,७७९,०५३.६९ |

१९. **अनुमानित व्यय विवरण:**

| क्षेत्र | विवरण | आ.व.०८२/०८३ को वास्तविक | आ.व.०८३/०८४ को अनुमानित |
|---|---|---|---|
| कर्मचारी खर्च | कर्मचारी तलब, ग्रेड खर्च | २०,१९८,३३८.७६ | २१,८९१,५८२.३० |
| | सञ्चयकोष खर्च | १,२५६,६५८.३० | १,३८३,५४५.७३ |
| | कर्मचारी पोशाक खर्च | ४३२,०००.०० | ४३२,०००.०० |
| | चाडपर्व खर्च | १,१९५,७०६.१७ | १,२६६,६९२.१७ |
| | सञ्चित बिदा खर्च | ६२०,१७५.२६ | ६८२,१९२.७९ |
| | ओभरटाइम खर्च | ३८४,११४.०० | ३१०,६२०.०० |
| | कर्मचारी उपदान खर्च | १,०४६,७९६.३६ | १,१५२,४९३.५९ |
| | सामाजिक सुरक्षा खर्च | २०९,८६२.७५ | २३१,०५२.१४ |
| | प्रोत्साहन खर्च | ४००,७३४.२८ | ५००,९१७.८५ |
| | NFRS अन्तर्गतको वित्तीय खर्च | २०९,४४५.२६ | २२०,०००.०० |
| | **जम्मा** | २५,९५३,८३१.१४ | २८,०७१,०९६.५७ |
| प्रशासनिक खर्च | घरबहाल खर्च | - | - |
| | इन्धन खर्च | ७७५,२५६.४३ | ७९०,७६०.०० |
| | बिमा खर्च | १२१,३३५.०० | १२५,०००.०० |
| | मसलन्द तथा छपाइ खर्च | ७६४,६०३.२३ | ८५९,८९५.०० |
| | पोष्टेज, टेलिफोन, ईन्टरनेट र फ्याक्स खर्च | ७७३,०८३.०० | ७८८,५४०.०० |
| | पत्रपत्रिका खर्च | ४,०००.०० | ४,०००.०० |
| | मिडिया खर्च | ८४,०८४.०० | ९०,०००.०० |
| | अतिथि सत्कार खर्च | ५७,४१६.०० | ६०,२८५.०० |
| | सरसफाई खर्च | १०२,२५०.०० | १०७,३६२.०० |
| | विद्युत महसुल खर्च | ३५५,१०५.०० | ३६२,२०७.०० |
| | खानेपानी महशुल खर्च | ५२,९५०.०० | ५६,५५०.०० |
| | बाह्य लेखापरीक्षण खर्च | २५०,०००.०० | ४००,०००.०० |
| | परिवहन खर्च | ६४,४५७.०० | ६८,९७०.०० |
| | चियापान खर्च | ५४८,४६०.०० | ३५१,८४०.०० |
| | फिल्ड खर्च | - | १५०,०००.०० |
| | कार्यालय सामग्री खर्च | २१०,५८९.०० | २२५,३३०.०० |

| | | | |
|---|---|---|---|
| प्रशासनिक खर्च | कर्मचारी छनौट खर्च | १७,३७०.०० | २५,०००.०० |
| | वातावरणमैत्री झोला | ७५,००४.०० | ७५,०००.०० |
| | बैठक सञ्चालन खर्च | १५७,५७०.०० | १६५,४४८.०० |
| | स्थानीय कर खर्च | २३,३६९.०० | २५,०००.०० |
| | बैठक भत्ता | ८५२,२५६.०० | ९८८,७५३.०० |
| | ज्याला खर्च | १३८,३५४.०० | ९६,८४८.०० |
| | ऋण असुली खर्च | ७६,८३०.०० | ८०,६७२.०० |
| | बैंक सेवा शुल्क | ४,५०१.५६ | ५,६२७.०० |
| | सुरक्षा तथा सहयोगी सेवा शुल्क | ७०७,२७२.०० | ९७,५००.०० |
| | परामर्श खर्च | - | १००,०००.०० |
| | जम्मा | ६,२१६,११५.२२ | ६,१००,५८७.०० |
| सहकारी कार्यक्रम खर्च | साधारण सभा | ३,२४८,४७०.०० | ३,५००,०००.०० |
| | वार्षिकोत्सव कार्यक्रम | २९३,९६१.८० | ४००,०००.०० |
| | ज्येष्ठ नागरिक सम्मान कार्यकम | ३३८,७६८.०० | ३५०,०००.०० |
| | रक्तदान कार्यकम | १७,८३५.०० | ३०,०००.०० |
| | सञ्चालक समितिको क्षमता विकास तालिम | १८३,६३१.०० | - |
| | स्क्यान कार्यकम खर्च (एक्सेस कार्यक्रम समेत) | ११०,०००.०० | २००,०००.०० |
| | कापी पेन्सील/कलम वितरण कार्यकम खर्च | १,४७३,५२९.०० | १,५००,०००.०० |
| | खुत्रुके वितरण (सुत्केरी भेटघाट कार्यकम अन्तर्गत) | ८५,४४०.०० | १००,०००.०० |
| | एस.ई.ई सम्मान कार्यक्रम | ४९७,८४८.२० | ३००,०००.०० |
| | भित्तेपात्रो प्रकाशन तथा वितरण कार्यक्रम खर्च | १६४,८९५.०० | १६०,०००.०० |
| | नवदुलही सदस्यता कार्यकम खर्च | ७,०००.०० | २०,०००.०० |
| | सहकारी दिवस कार्यकम खर्च | ५,४१०.०० | ६०,०००.०० |
| | सदस्यता राहत वितरण कार्यकम खर्च | २६,३४०.०० | ३०,०००.०० |
| | उपहार तथा शुभकामना खर्च | २९,७३५.०० | ३५,०००.०० |
| | त्रैमासिक/वार्षिक समीक्षा बैठक | ५६,८९०.०० | १००,०००.०० |
| | सदस्यता वृद्धि कार्यकम खर्च | १४,०२०.०० | - |
| | बुसा दर्पण प्रकाशन खर्च | १४,१२५.०० | - |
| | व्यवसाय विकास सेवा कार्यक्रम | ५६,५००.०० | २००,०००.०० |
| | दीपावली शुभकामना कार्यक्रम खर्च | २१,७६५.०० | ४०,०००.०० |
| | सम्पर्क व्यक्ति अनुशिक्षण कार्यक्रम | - | २००,०००.०० |
| | सदस्य बीमा कार्यक्रम | ७०५,६२७.०० | ७२५,०००.०० |
| | योजना तर्जुमा कार्यक्रम (वार्षिक/व्यावसायिक) | ४०,५५०.०० | १००,०००.०० |
| | कर्मचारी सञ्चालक अन्तर्क्रिया कार्यक्रम | ११९,४०५.०० | - |
| | सदस्य तीर्थाटन कार्यक्रम | ९१,१५०.०० | १७०,०००.०० |
| | भवन शिलान्यास कार्यक्रम | २९,९१५.०० | - |
| | महिनाको उत्कृष्ट कर्मचारी सम्मान | ७,०८०.०० | १२,०००.०० |

| | | | |
|---|---|---|---|
| सहकारी कार्यक्रम खर्च | सदस्य विस्तारित मञ्च | ५४,८५०.०० | ६५०,०००.०० |
| | ऋण सदुपयोगिता निरीक्षण | - | २५,०००.०० |
| | महिनाको सदस्य (Member of the month) | - | २४,०००.०० |
| | उपसमितिस्तरीय गोष्ठी, तालिम, अध्ययन भ्रमण | ६७,२७७.०० | - |
| | श्रव्यदृष्य सामग्रीहरु निर्माण/डिजिटल सूचना प्रणाली | - | १००,०००.०० |
| | जम्मा | ७,७६२,०१७.०० | ९,०३१,०००.०० |
| अद्यावधिक खर्च (फायरवाल, सफ्टवेयर नवीकरण शुल्क आदि) | | ८८२,१५९.०० | ९७०,३७५.०० |
| मर्मत सम्भार खर्च (कार्यालय सामान, कम्प्युटर, मेशिनरी) | | २२७,६८०.०० | २६१,८३२.०० |
| वित्तीय खर्च | बचतमा तिरेको ब्याज | ८८,०६६,४७१.७२ | ८२,०४७,२२३.६७ |
| | ऋणको ब्याज छुट खर्च | ६६३,५६३.५९ | ७०३,६५३.३६ |
| | ऋणमा तिरेको ब्याज | - | - |
| | **जम्मा** | ८८,७३०,०३५.३१ | ८२,७५०,८७७.०३ |
| ऋण जोखिम कोष व्यवस्थापन खर्च | | ३,९६०,२२४.७८ | २,९१६,४३४.७८ |
| ह्रासकट्टी खर्च | | ३,४३९,८११.४७ | ३,४५१,५२७.५७ |
| जम्मा कुल खर्च | | १३७,१७१,८७३.९२ | १३३,५५३,७२९.९६ |
| कुल सञ्चालन नाफा = कुल आम्दानी-कुल खर्च | | ३३,४९९,६९७.१७ | ३३,२२५,३२३.७३ |

अन्त्यमा, हामीलाई रचनात्मक सल्लाह सुझाव प्रदान गरी विश्वास र मायाका साथ संस्थालाई यस उचाइमा पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण आदरणीय शेयर सदस्यहरूमा हार्दिक आभार प्रकट गर्दछु । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारहरू, उपसमितिहरू, संस्थामा कार्यरत कर्मचारीहरू, केन्द्रीय, प्रादेशिक र जिल्लास्तरीय छाता सङ्गठनहरू, बैंक तथा वित्तीय संस्थाहरू एवम् समस्त शुभचिन्तकहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु साथै प्रस्तुत प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटहरू सकारात्मक सुझावका साथ सर्वसम्मत पारित गरिदिनु हुन सम्मानित सभा समक्ष हार्दिक अनुरोध गर्न चाहन्छु ।

धन्यवाद । जय सहकारी, जय बुसा ।

★★★★★

## के तपाईं यस बुडोल सामुदायिक साकोसमा सदस्य हुनुहुन्छ ?

### यदि सदस्य हुनुहुन्छ भने ख्याल गर्नुहोस् ...........

- तपाईं नै यो संस्थाको मालिक हो ।
- यस संस्थाबाट प्रदान गरिने लाभहरू तपाईं वा तपाईंको परिवारले नै प्राप्त गर्ने हो ।
- संस्थालाई सबल र सुरक्षित बनाउन तपाईंको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

### तसर्थ अलिकति समय दिएर संस्थाका जिम्मेवार व्यक्तिहरुसँग छलफल गर्नुहोस् र ...

- संस्थाबाट के कस्ता लाभ पाईन्छन् राम्रोसँग बुझ्नुहोस् ।
- तपाईंले जम्मा गर्नु भएको बचत सुरक्षित छ छैन यकिन गर्नुहोस् ।
- संस्थाले के कसरी ऋण लगानी गरेको छ र ऋण लगानी गर्दा पर्याप्त सुरक्षण विधि अपनाएको छ छैन थाहा पाउनुहोस् ।
- संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिहरूको विषयमा जानकारी लिनुहोस् ।
- संस्थामा कार्यरत कर्मचारीहरूको व्यवहार र सेवा प्रवाह चित्त बुझ्दो रहे नरहेको मूल्याङ्कन गरी सुझाव दिनुहोस् ।
- संस्थाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूको विषयमा पर्याप्त जानकारी लिनुहोस् ।
- तपाईंलाई लागेका जिज्ञासाहरू राख्नुहोस्, आफ्ना रचनात्मक सल्लाह, सुझावहरू प्रदान गर्नुहोस् ।

**किनकी, तपाईं यस संस्थाको मालिक हो, यो संस्था तपाईंको हो ।**

# लेखा सुपरिवेक्षण समितिको आ.व. २०८२/०८३ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन

यस बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को २७ औं गरिमामय साधारण सभाका सभाध्यक्ष एवम् संस्थाका अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका सहकर्मी साथीहरू, सल्लाहकारज्यूहरू, विभिन्न उपसमितिका संयोजक एवम् सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू, सम्पर्क व्यक्ति, संस्थामा आबद्ध कर्मचारी साथीहरू, बालबचतकर्ता भाइबहिनीहरू लगायत यस सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयर सदस्य महानुभावहरू !

गत भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशीमा तिब्बतमा हीमपहिरो बिस्फोट भई आएको अकल्पनीय बाढी पहिरोबाट रसुवा, नुवाकोट, धादिङ जिल्लाहरूका नदी तटीय किनारका बासिन्दाको ठूलो धनजनको क्षति भई देश रोइरहेको त्रासदीपूर्ण अवस्थामा हामी बैधानिक दायित्व (गर्नैपर्ने) अनुसार नगरी नहुने भएकोले यस संस्थाको २७ औं वार्षिक साधारण सभा गरिरहेका छौं । यस कालरात्रीमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण महानुभावहरूको आत्माको चिर शान्तिको कामना गर्दछु । बाढी पहिरो पीडितहरूको उद्धारमा आफ्नो ज्यानको जोखिम मोलेर खटिनु भएका महानुभावहरू, राहत तथा पुनर्स्थापनामा उदात्त भावनाले आर्थिक, भौतिक, प्राविधिक सहयोग गर्नु हुने संघ, संस्था, दातृराष्ट्र, स्वदेश तथा विदेशमा रहनु भएका महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसै सन्दर्भमा बुसाले कर्मचारी, सञ्चालक समिति, लेखा समिति र संस्थाबाट समेत रू.२,५१,०००/- सहयोग गरेको छ ।

सभाध्यक्ष महोदय,

यस बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को २७ औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफूलाई भाग्यशाली ठानेको छु । लेखा सुपरिवेक्षण समितिले सहकारीमा सम्पूर्ण सदस्यहरूको हितको लागि इमान्दारी एवम् निष्ठापूर्वक पक्षपातरहित ढङ्गबाट संस्थामा सुशासन एवम् सुव्यवस्था निर्माणार्थ मार्गनिर्देशकको भूमिका निर्वाह गर्दछ । सबल, दिगो, पारदर्शी र जोखिम रहित संस्था निर्माणमा लेखा सुपरिवेक्षण समितिको गहन जिम्मेवारी रहेको हुन्छ । सहकारी संस्थामा रहेको बिल भरपाई, भौचर, खाता प्रविष्ट भए नभएको, ऋण लगानी प्रक्रिया, ऋण असुली, सञ्चालक समितिले गरेको निर्णय कार्यान्वयनको अवस्था, नीतिगत व्यवस्था, विभिन्न उपसमितिका कार्य तथा सेवाकेन्द्र व्यवस्थापन उपसमितिको क्रियाशीलता, साधारण सभाले पारित गरेका विषयवस्तुको कार्यान्वयनको समीक्षा, वाह्य लेखापरीक्षकले दिएका सुझावहरूको पालना, कर्मचारीहरूको कार्यकुशलता आदि यावत विषयमा लेखा सुपरिवेक्षण समितिले परीक्षण गरी प्रतिवेदन दिनुपर्ने दायित्व रहेको छ ।

आदरणीय शेयर सदस्यज्यूहरू,

हाल बदलिंदो परिस्थिति, विश्व बजारमा आएको आर्थिक मन्दी आदिका कारण वित्तीय संस्थाहरू आर्थिक क्रियाकलापमा सङ्कुचित हुन पुगेका छन् । यसले वित्तीय संस्थामा मात्र नभई देशको सिङ्गो अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पर्न गएको छ । सहकारी क्षेत्रमा सरकारको फितलो नीति र अनुगमनको अभावका कारण सहकारीहरूले शेयर सदस्यको अरबौं रूपैयाँ हिनामिना गरेकाले कैयौं सहकारी पीडित सडकमा आउनु परेको बिडम्बना रहेको छ । यति हुँदाहुँदै पनि सञ्चालक समिति र व्यवस्थापन पक्षको सक्रियताले बुडोल सामुदायिक साकोस प्रगतिपथमै रहेको कुरा संस्थाको प्रतिवेदनले प्रष्ट पारेको छ । यद्यपी तपाईंहरूको संस्थाप्रतिको विश्वास र साथले अझ सुव्यवस्थित हुने प्रेरणा मिलेको छ । यसको लागि हामी कृतज्ञ छौं । आ.व. २०८२/०८३ मा राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको लागि जारी गरेको नियामकीय मापदण्ड २०८२ अनुरूप आगामी दिनमा संस्थाको ऋणको जोखिमलाई मध्यनजर गरी अतिरिक्त ऋण नोक्सानी कोषको व्यवस्था गरेकोले मुनाफा घट्न गई रू.३,३४,९९,६९७।१७ मात्र मुनाफा भएको छ । गत आ.व.को तुलनामा २७.४२ प्रतिशत कम भएको छ । गत आ.व. को २०८२ असार मसान्तसम्ममा बाँकी रहेको ऋणमा रू.२५,७५,९०,१२५।७५ थप गरी रू १,५४,५५,४०,७५४।५२ पुऱ्याउने लक्ष्य लिएकोमा रू.५३,८२,१६,१००।- लगानी गर्न सफल भए पनि रू.५९,८३,५९,६५०।९७ ऋण असुली हुन गएकोले रू. ६,०१,४३,५५०।९७ ऋण लगानीमा कमी हुन गई रू.१,२८,४७,८८,५२०।४३ ऋण लगानीमा रह्यो । यो लक्ष्यको -२४.८६% कमी हो । यसबाट ऋणीहरूमा आफूले लिएको ऋण तिर्नुपर्छ भन्ने सकारात्मक सोचको विकास भएको छ । यस आ.व. मा रू.१२,३८,६३,७८४।७३ थप गरी रू.२,२५,१५,८४,०२०।५९ कूल पुँजी पुऱ्याउने लक्ष्य रहेकोमा रू.१३,८९,७४,५६३।२९ थप हुन गई ११२.२०% वृद्धि भएको छ ।

लेखा सुपरिवेक्षण समितिले मुख्य कार्यालयमा महिनाको एक पटक र सेवाकेन्द्रहरू (बनेपा, नाला, धुलिखेल र पाँचखाल) मा प्रत्येक ३ महिनामा एक पटक बैठक बसी आन्तरिक लेखा परीक्षण सुक्ष्म रूपमा सम्पन्न गरी सुधारका लागि सञ्चालक समिति, व्यवस्थापकीय पक्षलाई मार्ग निर्देशन गरेको हुँदा २०८३ असार मसान्तसम्म आइपुग्दा त्रुटि निकै कम पाइएको छ । लेखा सुपरिवेक्षण समितिको यो प्रतिवेदन तयार गर्न लेखा सुपरिवेक्षण समितिका सहकर्मी सदस्यहरू शर्मिला नेपाल र दिपक के.सी. तथा व्यवस्थापन प्रमुखज्यू लगायत अन्य कर्मचारी मित्रहरूबाट प्राप्त सहयोगको लागि हार्दिक आभार व्यक्त गर्दछु । अब म सहकारी ऐन २०७४ को दफा ४९ (च) ले दिएको जिम्मेवारी अनुसार बागमती प्रदेशको सहकारी सङ्घ/ संस्था सञ्चालन, अनुगमन तथा लेखा परीक्षण सम्बन्धी मापदण्ड २०७९ को दफा २८ सँग सम्बन्धित अनुसूची ९ मा आधारित भएर उल्लेखित अनुसूची बमोजिम यस साधारण सभामा बुडोल सामुदायिक साकोसको आ.व. २०८२/०८३ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. **अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :**

अघिल्लो साधारण सभाबाट पारित भएको वार्षिक कार्ययोजना बमोजिम तय गरिएका कार्यक्रमहरूमध्ये युवा भेला तथा वित्तीय साक्षरता कार्यक्रम, बृहत महिला भेला, वित्तीय साक्षरता/शिक्षा शिविर र सदस्य सन्तुष्टि सर्वेक्षण बाहेक अन्य कार्यक्रम कार्यान्वयन भएको छ ।

२. **आ.व. २०८२/०८३ मा बसेको बैठक सङ्ख्या तथा कार्यान्वयनको अवस्था :**

| | | |
|---|---|---|
| २.१ | सञ्चालक समितिको बैठकः | २५ |
| २.२ | लेखा सुपरिवेक्षण समितिको बैठकः | |
| | २.२.१ मुख्य कार्यालय | १२ |
| | २.२.२ टुकुचा जागरण सेवाकेन्द्र | ४ |
| | २.२.३ बनेपा जनमैत्री सेवाकेन्द्र | ४ |
| | २.३.४ धुलिखेल सेवाकेन्द्र | ४ |
| | २.३.४ पाँचखाल सेवाकेन्द्र | ४ |
| २.३ | ऋण उपसमितिको बैठक | ३५ |
| २.४ | शिक्षा तथा प्रकाशन उपसमितिको बैठक | ७ |
| २.५ | महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको बैठक | ९ |
| २.६ | सम्पत्ति सामान व्यवस्थापन उपसमिति | १७ |
| २.७ | एक्सेस कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन कार्यदल | ४ |
| २.८ | भवन निर्माण कार्यदल | १३ |
| २.९ | सूचना तथा सञ्चार प्रविधि उपसमिति | २ |
| २.१० | कर्मचारी पदपूर्ति उपसमिति | १९ |
| २.११ | व्यवसाय विकास सेवा उपसमिति | ४ |
| २.१२ | सेवाकेन्द्र व्यवस्थापन उपसमितिको बसेको बैठक सङ्ख्या तथा कार्यान्वयनको अवस्था : | |
| | २.१२.१ टुकुचा जागरण सेवाकेन्द्र | २ |
| | २.१२.२ बनेपा जनमैत्री सेवाकेन्द्र | ४ |
| | २.१२.३ धुलिखेल सेवाकेन्द्र | १ |
| | २.१२.४ पाँचखाल सेवाकेन्द्र | २ |

उल्लेखित सम्पूर्ण उपसमितिहरूको बैठकमा भएका निर्णय एवम् कार्यान्वयन तथा उपलब्धि औचित्यका बारेमा सञ्चालक समितिको प्रतिवेदनबाट बुझ्न सकिन्छ ।

३. **ऋण लगानी प्रक्रिया, ऋण बापतको सुरक्षण र धितोसम्बन्धी व्यवस्था :**

३.१ रू. २५ लाखसम्म व्यवस्थापनबाट, रू. १ करोड सम्म ऋण उप-समितिबाट र सोभन्दा बढी सञ्चालक समितिको निर्णयले ऋण दिने गरेको पाइयो ।

३.२ गत आ.व.मा रू.१,३४,४९,३२,०७१.४० लगानीमा रहेको ऋण भएकोमा यस आ.व.मा थप रू.५३,८२,१६,१००.०० ऋण लगानी भएको र रू.५९,८३,५९,६५०.९७ असुली भएको देखिन्छ । लगानी भन्दा असुली रू. ६,०१,४३,५५०.९७ बढी भएको कारणबाट ऋण लगानी वर्षान्तमा रू. १,२८,४७,८८,५२०।४३ रहेको छ ।

३.३ यस संस्थाको ऋण लगानी तथा असुलीका लागि संस्थाको ऋण व्यवस्थापन कार्यविधिमा उल्लेख भएका मूल्यमान्यताको अधीनमा रही सुरक्षणका लागि धितो साथै खास सूचना लिई धितो मूल्याङ्कनकर्ता आरम्भ इन्जिनियरिङ्ग कन्सल्ट्यान्स एण्ड रिसर्च सेन्टर, ईनोभेशन इन्जिनियरिङ्ग कन्सल्ट्यान्सी र बिकल्प इन्जिनियरिङ्ग कन्सल्टेन्सीसँग सम्झौता गरी सोको आधारमा कार्य सम्पन्न गर्ने गरेको ।

४. **नियामक निकायहरुबाट जारी गरिएको मापदण्डहरुको पालनासम्बन्धी विवरण :**

संस्थाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश ऐन, प्रदेश नियमावली, सहकारी विभागबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ (संशोधन समेत) र सहकारी संघ संस्थामा सुशासन प्रवर्धनको लागि एकिकृत निर्देशन, २०८२, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२, तथा नियामक निकायहरूबाट बेला बेलामा जारी गरिएको निर्देशनहरू पालना गर्दै आएको ।

५ **पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाको विवरण :**

५.१ पदाधिकारीहरूको पारिश्रमिक व्यवस्था नभएको ।

५.२ सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति लगायत विभिन्न उपसमितिहरूलाई बैठक भत्ता क्रमशः रू.१,७६५।-, रू.१,७६५।- र रू.१,०५९।- व्यवस्था भएको ।

५.३ व्यवस्थापन प्रमुखलाई आ.व. २०८२/०८३ मा मासिक तलब रू.१,००,९७०।- र भत्ता रू.५५,४६०।- गरी जम्मा रू.१,५६,४३०।-

व्यवस्था गरेको ।

५.४ अन्य सुविधाहरू :

५.४.१ सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमितिका साथै कर्मचारीहरूलाई मासिक रू.२१० को सियुजी सिम (सञ्चार)को व्यवस्था मिलाइएको ।

५.४.२ ऋण उपसमिति संयोजकलाई मासिक २० लिटर इन्धन खर्च व्यवस्था भएको ।

**६. कर्मचारी प्रशासनसम्बन्धी व्यवस्था :**

६.१ साधारण सभाबाट पारित मानव संसाधन व्यवस्थापन कार्यविधि, २०८१ रहेको ।

६.२ मानव संसाधन व्यवस्थापन कार्यविधि, २०८१ प्रयोगमा रहेको ।

६.३ भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी रहेको ।

६.४ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :
व्यवस्थापन विषय स्नातक र कार्य सम्पादनमा सक्षम, आधुनिक प्रविधिसम्बन्धी राम्रो ज्ञान रहेको, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरको तालिम प्राप्त, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफ्स्कून) बाट नेपालको साकोस अभियानको उत्कृष्ट व्यवस्थापक पुरस्कार प्राप्त गर्नुभएको ।

६.५ कर्मचारीको भर्ना प्रक्रिया र सङ्ख्या :
संस्थाको मानव संसाधन व्यवस्थापन कार्यविधि, २०८१ को व्यवस्था अनुसार प्रक्रिया पुऱ्याई कर्मचारी नियुक्ति गरेको पाइन्छ ।

६.५.१ यस आ.व.मा यस संस्थामा रिक्त भएका पदहरूमा खुल्ला प्रतिस्पर्धाका आधारमा १२ जना कर्मचारीहरू नियुक्ति भएका छन् ।

६.५.२ संस्थामा २०८३ असार मसान्तमा १० जना करार, ७ जना तालिमी, ३१ जना स्थायी गरी जम्मा ४८ जना कर्मचारीहरू कार्यरत रहेको ।

६.५.३ यस आ.व.मा संस्थाले भेट्रान सेक्युरिटी ट्रेनिङ्ग एण्ड सप्लाई प्रा.लि., काठमाडौं मार्फत २ जना सुरक्षा सहयोगी र १ जना कार्यालय सहयोगीको सेवा लिइरहेको छ ।

६.५.४ संस्थाले अन्य सहकारीहरूको तुलनामा आफ्नो वर्कतले भ्याएसम्म राम्रै सेवा सुविधा दिएको भए पनि नयाँ नियुक्ति भएका कर्मचारीहरू छोटो समयमै संस्था छोड्ने गरेका छन् । यस आ.व.मा ८ जनाले राजिनामा दिएका र रिक्त स्थानमा नयाँ नियुक्ति गरिएको छ साथै २ जना कर्मचारीहरूले स्वेच्छिक अवकाश लिएका छन् ।

**७. लेखा सुपरिवेक्षण समितिले दिएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :**
लेखा सुपरिवेक्षण समितिले दिएको सुझावहरू अधिकांश कार्यान्वयन भएको छ ।

**८. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :**

८.१ २४औं साधारण सभामा ५७.६४ प्रतिशत (१०,२४१ जना), २५औं साधारण सभामा ५५.३० प्रतिशत (१०,५०७ जना) सदस्यहरूको उपस्थिति रहेकोमा २६ औं साधारण सभामा ५६.२२ प्रतिशत (११,१८० जना) मात्र रहेकोले आगामी वर्षदेखि सदस्यहरूको उपस्थिति अझै धेरै वृद्धि गर्नेतर्फ ध्यान दिनु हुन ।

८.२ संस्थामा निष्क्रिय सदस्य सङ्ख्या बढिरहेको र सदस्यता छोड्ने क्रम बढ्दो रूपमा रहेको हुँदा यसतर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

**९. लेखा सुपरिवेक्षण समितिका थप सुझावहरु :**

९.१ सेवाकेन्द्र व्यवस्थापन उपसमितिहरू प्राय निष्क्रिय रहेकाले सक्रिय बनाउनुपर्ने ।

९.२ संस्थाबाट प्रदान गरिंदै आएका सुविधाहरूमा परिमार्जन गरी समयानुकुल बनाइनुपर्ने ।

९.३ गत वर्ष लेखा तथा सुपरिवेक्षण समितिले दिएका सुझावहरू कार्यान्वयन गरिनुपर्ने ।

अन्त्यमा, संस्थालाई आजको अवस्थामा पुऱ्याउन र सफलता प्राप्त गर्न सहयोग पुऱ्याउनुहुने विगतदेखि वर्तमानसम्मका सञ्चालकहरू, सल्लाहकारहरू, कर्मचारी परिवार तथा शुभेच्छुक सङ्घ, संस्था, छाता सङ्गठन, स्थानीय जनप्रतिनिधि, लगायत शेयर सदस्य महानुभावहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दछु र यो प्रतिवेदन उपर छलफल गरी रचनात्मक सुझाव सल्लाह पाउने आशा राख्दै प्रतिवेदन यही अन्त गर्छु । धन्यवाद ।

जय सहकारी, जय बुसा ।

संयोजक : पूर्णबहादुर कार्की
सदस्य : शर्मिला नेपाल
सदस्य : दिपक के.सी.

★★★★★

SHRESTHA SUNIL & ASSOCIATES
Chartered Accountants

**स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन,**

**सदस्य महानुभावहरु,**

**बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड,**

**बुडोल, बनेपा-६, काभ्रे**

***राय,***

हामीले **बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (यस पछि **'संस्था'** भनिएको छ) यसै साथ संलग्न मिति २०८३ आषाढ मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सोही मितिमा अन्त्य भएको आर्थिक वर्ष २०८२/०८३ को नाफा वा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा वित्तीय विवरणहरुसँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८३ आषाढ मसान्तको वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य विस्तृत आम्दानीको अवस्था, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम उचित र यथार्थ चित्रण गर्दछ ।

***राय व्यक्त गर्ने आधारहरु,***

हामीले लेखा परीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखा परीक्षण मानको आधारमा लेखा परीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखा परीक्षण मान अनुसार लेखा परीक्षण योजना तयार गरी तदअनुसार लेखा परीक्षण सम्पन्न गरिएको छ । सो अनुरुप हाम्रो जिम्मेवारी यस प्रतिवेदनको वित्तीय विवरणको लेखा परीक्षण उपर लेखा परीक्षकको दायित्व खण्डमा उल्लेख गरिएको छ ।

हामी नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाले जारी गरेको आचार संहिता (Code of Ethics) बमोजिम संस्थाबाट स्वतन्त्र छौं र सो आचार संहिता बमोजिम हामीले आचरणगत जिम्मेवारी बहन गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखा परीक्षकको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

***लेखा परीक्षणको मुख्य विषयहरु (Key Audit Matters)***

संस्थाको यस अवधिको वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो व्यावसायिक निर्णयका आधारमा लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरीक्षणको मुख्य विषयहरु हुन् । यी विषयहरु हाम्रो समग्र वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यी विषयहरुमा छुट्टै राय प्रदान गर्दैनौ । हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखापरीक्षण सम्बन्धित निम्न मुख्य विषयहरु रहेको हामीले निर्धारण गर्यौं ।

| **१. संस्थाको वित्तीय प्रतिवेदनलाई असर पार्ने सूचना प्रविधि प्रणालीहरू र नियन्त्रणहरू** | |
|---|---|
| **लेखापरीक्षणको मुख्य विषय** | **हाम्रो लेखापरीक्षणले मुख्य लेखापरीक्षण विषयलाई कसरी सम्बोधन गर्यो** |
| संस्थाको सम्पूर्ण कारोबारहरुको प्रशोधन तथा अभिलेख व्यवस्थापन गर्न सूचना प्रविधि प्रणालीहरूमा निर्भर छन । वित्तीय प्रतिवेदन प्रणालीको यथार्थपरकता (Accuracy) र विश्वसनियता (Reliability) सूचना प्रविधि प्रणालीहरू र यससँग सम्बन्धित नियन्त्रण वातावरण (Control Environment) मा निर्भर हुन्छ ।<br>संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियामा सूचना प्रविधि प्रणालीहरू र सम्बन्धित नियन्त्रण वातावरणको व्यापक महत्वका कारण, हामीले संस्थाको सूचना प्रविधि प्रणालीहरू र सम्बन्धित | वित्तीय प्रतिवेदनसँग सम्बन्धित सूचना प्रणालीहरूको निष्ठाको मूल्याङ्कन गर्ने क्रममा हाम्रो टोलीले सम्बन्धित नियन्त्रणहरूको मूल्याङ्कन तथा परीक्षणका लागि संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियासँग सम्बन्धित सूचना प्रविधि पूर्वाधार र प्रणालीहरूको बुझाइ प्राप्त गऱ्यो । हामीले नमुनागत रुपमा ऋणको ब्याज आम्दानी र निक्षेपको ब्याज खर्चको परिक्षण गर्यौं । |

Shrestha Sunil & Associates Chartered Accountants

Contact No: +977-9851238831
Email: info@sns-associate.com, cashresthasunil@gmail.com
New Baneshwor, Opposite Baneshwor Banquet, Kathmandu, Nepal

| | |
|---|---|
| नियन्त्रण वातावरणको परीक्षणलाई चालु वर्षको लेखापरीक्षणको प्रमुख लेखापरीक्षण विषयको रूपमा पहिचान गरेका छौं । | |
| **२. निष्क्रिय कर्जाको पहिचान तथा वर्गीकरण र कर्जा तथा सापटका लागि नोक्सानी व्यवस्था** | |
| **लेखापरीक्षणको मुख्य विषय** | **हाम्रो लेखापरीक्षणले मुख्य लेखापरीक्षण विषयलाई कसरी सम्बोधन गर्यो** |
| राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको नियामकिय मापदण्डले निष्क्रिय कर्जाको पहिचान तथा वर्गीकरण र कर्जा तथा सापटीका लागि नोक्सानी व्यवस्था सम्बन्धी प्रावधानहरु तोकेको छ ।<br>पहिचान गरिएका निष्क्रिय कर्जाका लागि नोक्सानी व्यवस्था कर्जाको समयावधि र वर्गीकरण, असुली अनुमान, धितो/सुरक्षणको मूल्य र अन्य गुणात्मक कारकहरूका आधारमा अनुमान गरिन्छ र यो प्राधिकरणद्वारा तोकिएको न्यूनतम नोक्सानी व्यवस्थाको मानदण्ड र ICAN द्वारा प्रदान गरिएको छुट (Carve-out) अनुसारको जोखिम सम्पत्तिको ह्रास/नोक्सानीको अधीनमा रहन्छ ।<br>वित्तीय संस्थाको कुल सम्पत्तिमा ऋण लगानीको हिस्सा ठुलो रहने, कर्जा जोखिम व्यवस्थापन प्रणाली संस्थाको वित्तीय स्वास्थसंग प्रत्यक्ष रुपमा जोडिने हुनाले कर्जा नोक्सानी व्यवस्थाका लागि ठूलो मात्रामा अनुमान आवश्यक पर्ने विषय सहित समग्र लेखापरीक्षणमा यसको उच्च महत्वलाई ध्यानमा राख्दै हामीले यसलाई प्रमुख लेखापरीक्षण विषयका रूपमा लिएका छौं । | हाम्रा मुख्य लेखापरीक्षण प्रक्रियाहरूमा निम्न विषयहरू समावेश थिए, तर यी मात्र सीमित थिएनन,<br>क. प्राधिकरणद्वारा तोकिएका कर्जा लगानी, वर्गीकरण तथा जोखिम व्यवस्थापनको मापन,<br>ख. संस्थाको कर्जा नीति अनुसार नयाँ कर्जा सुविधाहरूको स्वीकृति र ऋण उपसमितिको कर्जा मूल्याङ्कन र जोखिम विश्लेषण कार्यसम्पादन,<br>ग. प्राधिकरणको मापदण्ड अनुसार कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तताको मूल्याङ्कन,<br>घ. नमुनागत कर्जा फाईलहरु अवलोकन । |

***विषयगत जोड, (Emphasis of Matter)***

**१. नोट ४.१९- "NFRS समायोजन कोष"**

संस्थाद्वारा नेपाल वित्तीय प्रतिवेदन मानको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा प्रोदभावी आधारमा लेखाङ्कन प्रणालीको अवलम्बन गरी आर्जन गरेको ब्याज आम्दानी र सम्बन्धित स्थगन कर खर्चलाई वितरण योग्य नाफामा गणना नगर्नका निमित्त NFRS समायोजन कोष अन्तर्गत लेखाङ्कन गर्ने नीति अपनाइएको छ । उक्त विषयका सन्दर्भमा हाम्रो रायमा कुनै परिमार्जन भएको छैन ।

***अन्य विषय, (Other Matter)***

लेखा परीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसँग सम्बन्धित कमीकमजोरीहरु तथा सो निराकरणका लागि दिइएका सुझावहरु (व्यवस्थापन पत्र) प्रति यहाँहरुको ध्यानाकर्षण गर्दछौं ।

***अन्य जानकारी (वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखा परीक्षकको प्रतिवेदन बाहेकको)***

वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखा परीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखा परीक्षकको प्रतिवेदन बाहेकको संस्थाको समितिहरुको प्रतिवेदन पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखा परीक्षणको प्रतिवेदन मिति पश्चात् प्राप्त हुने अपेक्षा गरेका छौं ।

वित्तीय विवरण उपरको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासनको निचोड व्यक्त गर्दैनौ ।

**बिरामी बिदा:** कर्मचारीहरुलाई प्रत्येक आ.व. १२ दिन बिरामी बिदा प्रदान गरिन्छ ।

उपयोग नभएका घर बिदा र बिरामी बिदालाई सञ्चित गर्न सकिन्छ र सञ्चित बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ र प्रयोग नगरिएको सञ्चित बिदालाई रोजगारी पूरा हुने बखत भुक्तानी गरिन्छ ।

NAS 19 "Employee Benefits" को प्रावधान बमोजिम भुक्तान बिदा योजनाहरू बापतको दायित्वको गणना गर्दा Actuarial Valuation गर्नु पर्ने हुन्छ ।

कर्मचारी संचित बिदा दायित्वको Actuarial Valuation मुल्यांकनको लागत, संस्थाले सो मुल्यांकन बाटप्राप्त गर्ने लाभ भन्दा बढी रहेको व्यवस्थापनको अनुमान छ जसका कारण व्यवस्थापनले बक्यौता रहेको संचित बिदा आ.व. को अन्तिम तलब स्केलमा मापन गरि संचित बिदा व्यवस्था गरेको छ ।

यसरी गरिएको संचित बिदा व्यवस्था Actuarial Valuation मुल्यांकनबाट हुन आउने व्यवस्था समान रहने व्यवस्थापनले आंकलन गरेको छ । अघिल्लो आर्थिक वर्षमा पनि संस्थाले सोहि बिधि मार्फत संचित बिदा बिरामी व्यवस्था गर्दै आएको छ ।

Shrestha Sunil & Associates ★ Chartered Accountants ★

### ४.१५ अन्य दायित्व :
अन्य दायित्वहरुको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८३ आषाढ ३२ | २०८२ आषाढ ३२ |
|---|---|---|
| *गैर चालु* | - | - |
| *चालु* | | |
| स्रोतमा कर कट्टी (बाह्य लेखापरीक्षण शुल्क कर) | ३,३१९.०० | ३,३१९.०० |
| स्रोतमा कर कट्टी (सामाजिक सुरक्षा कर) | ३९९.६९ | १७७.०० |
| स्रोतमा कर कट्टी (ब्याज कर) | १,१९५,६०८.१४ | ९७,९६१.९२ |
| स्रोतमा कर कट्टी (भत्तामा कर) | १७२,३४७.४७ | १४,५९०.०० |
| स्रोतमा कर कट्टी (पारिश्रमिक कर) | ५१,०३३.०० | ५४,७८७.३७ |
| स्रोतमा कर कट्टी (अन्य) | २१,८९२.०० | ३,५२७.०० |
| मूल्य अभिवृद्धि कर | ३९७.०० | - |
| भुक्तानी दिनु पर्ने हिसाब (खारेज सदस्यता तर्फ) | ७१९,८३३.३९ | - |
| धितो मूल्याङ्कनकर्ताबाट धरौटी | ५०,०००.०० | ४५,०००.०० |
| भुक्तानी दिनुपर्ने बाह्य लेखापरीक्षण शुल्क | २४६,६८१.०० | २४६,६८१.०० |
| कर्मचारी बोनस व्यवस्था | ३,३०८,३५३.६२ | ४,४०२,७८२.२६ |
| भुक्तानी दिनुपर्ने (हायर पर्चेज ऋण तर्फ) | - | ३३५,०००.०० |
| भुक्तानी दिनुपर्ने धितोमूल्याङ्कन शुल्क | ८२,५००.०० | ६६,५००.०० |
| भुक्तानी दिन बाँकी लाभांश रकम | ८३६,६१४.३३ | ८६२,२०८.२८ |
| भुक्तानी दिनुपर्ने ब्याज रकम | ५९१.७८ | ६१७.५३ |
| भुक्तानी दिनुपर्ने रकम (सदस्य) | २८९,९४६.९९ | २८९,९४२.९५ |
| अन्य भुक्तानी दिनुपर्ने | ७९,९०५.२७ | ५२,९७७.२८ |
| **जम्मा** | **७,०५९,४२२.६८** | **६,४७६,०७१.५९** |

### ४.१६ शेयर पूँजी :
शेयर पूँजीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८३ आषाढ ३२ | २०८२ आषाढ ३२ |
|---|---|---|
| वर्ष सुरुवातको शेयर पूँजी | १७२,१८९,७००.०० | १६५,७७६,७००.०० |
| शेयर निष्काशन खुद | (२६,६८६,८००.००) | ६,४१३,०००.०० |
| **जम्मा** | **१४५,५०२,९००.००** | **१७२,१८९,७००.००** |

*संस्थाको कुल शेयर पूँजी रु पचास करोड रहेको छ ।*

### ४.१७ साधारण जगेडा कोष :
सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफा रकमको कम्तीमा २५ प्रतिशत रकम, कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम, स्थिर सम्पत्ति बिक्री बापत प्राप्त रकम र अन्य स्रोत बापत प्राप्त रकम साधारण जगेडा कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडफाँड पछिको रकमको कम्तीमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ ।

साधारण जगेडा कोषको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८३ आषाढ ३२ | २०८२ आषाढ ३२ |
|---|---|---|
| साउन १ गतेको मौज्दात | १७२,८१६,६९८.४१ | १५५,५३८,७७४.६९ |
| यस वर्षको नाफाबाट बाँडफाँड | ६,७३२,२९४.३४ | ९,७०५,०४४.५८ |
| कोषमा सोझै थपिएको खुद | २७७,९५९.९४ | ४५२,९१८.०५ |
| अन्य कोषबाट स्थानान्तरण | ६,३०६,४५३.३२ | ७,११९,९६१.०९ |
| **जम्मा** | **१८६,१३३,४०६.०१** | **१७२,८१६,६९८.४१** |

### ४.१८ अन्य नियमनकारी कोषहरु :

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चात्को खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा र ०.५ प्रतिशत रकम सहकारी प्रवर्धन कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात् खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्धन कोषमा सार्ने नीति लिएको छ। उक्त संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम सहकारी ऐनले तोकेको कार्यविधि अनुसार सदस्यहरुलाई वितरण गरिन्छ। आउँदो आर्थिक वर्षको अन्त्यसम्ममा बाँडफाँड हुन बाँकी रहेको संरक्षित पूँजी फिर्ता कोषको रकम साधारण जगेडा कोषमा स्थानान्तरण गर्नुपर्छ। सहकारी प्रवर्द्धन कोषमा रहेको रकम सहकारी ऐन, २०७४ को दफा ७० अनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको कोषमा जम्मा गर्नु पर्दछ।

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवधन कोषको रकम कट्टा गरे पश्चात्को खुद मुनाफा रकमको कमीतमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरु: शेयर लाभांस कोष, सामुदायिक विकास कोष, स्थिरिकरण कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस तथा कल्याण कोष, सहकारी विकास कोष, सहकारी शिक्षा कोष र अन्य जोखिम व्यवस्थापन कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ तर संस्थाले NFRS खुद मुनाफाबाट NFRS समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्धन कोष र संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड पछिको रकम कर्मचारी बोनस तथा कल्याण कोष बाहेक माथि उल्लेखित कोषहरुमा बाँडफाँड गर्ने नीति लिएको छ।

अन्य नियमनकारी कोषहरुको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८३ आषाढ ३२ | २०८२ आषाढ ३२ |
|---|---|---|
| संरक्षित पूँजी फिर्ता कोष | ५,०४९,२२०.७५ | ७,२७८,७८३.४४ |
| सहकारी प्रवर्धन कोष | १००,९८४.४१ | १४५,५७५.६७ |
| शेयर लाभांश कोष | १०,५३२,६७४.४९ | १५,१८३,५४२.२५ |
| सहकारी शिक्षा कोष | ७५२,३३३.८९ | १,०८४,५३८.७३ |
| सहकारी विकास कोष | ७५२,३३३.९० | १,०८४,५३८.७३ |
| सामुदायिक विकास तथा सदस्य हित कोष | ७५२,३३३.९० | १,०८४,५३८.७३ |
| घाटापूर्ति कोष | १२,५०३,६७६.६९ | ११,७५१,३४२.८० |
| स्थिरीकरण कोष | ७५२,३३३.८९ | १,०८४,५३८.७३ |
| अन्य जोखिम व्यवस्थापन कोष | ७५२,३३३.८९ | १,०८४,५३८.७३ |
| जम्मा | ३१,९४८,२२५.८१ | ३९,७८१,९३७.८१ |

### ४.१९ NFRS समायोजन कोष :

संस्थाले नेपाल वित्तीय प्रतिवेदन मान बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा प्रोदभावी आधारमा लेखांकन प्रणालीको अवलम्बन गरी आर्जन गरेको ब्याज आम्दानी र सम्बन्धीत स्थगन कर खर्चलाई वितरण योग्य नाफामा गणना नगर्नका निमित्त NFRS समायोजन कोषमा समावेश गरेको छ। NFRS समायोजन कोषको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८३ आषाढ ३२ | २०८२ आषाढ ३२ |
|---|---|---|
| साउन १ गतेको मौज्दात | १,६८०,५३५.३२ | २,४५७,१५४.६२ |
| समायोजन/पुन:मूल्याङ्कन | २३२,६१८.८५ | (७७६,६१९.३०) |
| जम्मा | १,९१३,१५४.१७ | १,६८०,५३५.३२ |

### ४.२० अन्य कोषहरु :

अन्य कोषहरुको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८३ आषाढ ३२ | २०८२ आषाढ ३२ |
|---|---|---|
| बुसा कल्याणकारी कोष | ७३७,२०४.६३ | १,०२६,५३१.४६ |
| सदस्य राहत कोष | ३,६७१,७८१.१४ | ४,२५१,५०८.८८ |
| विपद व्यवस्थापन कोष | १८७,१९२.०० | १८७,१९२.०० |
| जम्मा | ४,५९६,१७७.७७ | ५,४६५,२३२.३४ |

Shrestha Sunil & Associates Chartered Accountants

**४.२१ सम्भावित दायित्व र प्रतिबद्धता :**

सम्भावित दायित्व र प्रतिबद्धताको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८३ आषाढ ३२ | २०८२ आषाढ ३२ |
|---|---|---|
| सम्भावित दायित्व | - | - |
| वितरण नगरिएको कर्जा सुविधाहरु | - | - |
| पूँजीगत प्रतिबद्धता | - | - |
| पट्टा (लिज) प्रतिबद्धता | - | - |
| मुद्दा मामिला | - | - |
| अन्य | - | - |
| **जम्मा** | - | - |

**४.२१.१ पूँजीगत प्रतिबद्धता :**

| विवरण | २०८३ आषाढ ३२ | २०८२ आषाढ ३२ |
|---|---|---|
| स्वीकृत र सम्झौता गरिएको | - | - |
| स्वीकृत गरिएको तर सम्झौता नगरिएको | - | - |
| **जम्मा** | - | - |

संस्थाको २०८३ आषाढ ३२ मा कुनै पुँजीगत प्रतिवद्धता रहेको छैन ।

Shrestha Sunil & Associates ★ Chartered Accountants ★

**४.२२ ब्याज आम्दानी :**

ब्याज आम्दानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| कर्जा लगानी बापत प्राप्त ब्याज आम्दानी | १४१,७२२,११४.३५ | १७१,४७५,१६४.७३ |
| बैंक निक्षेपबाट प्राप्त ब्याज आम्दानी | ३,०७१,६८६.२३ | ३,११०,५८४.९४ |
| लगानीबाट प्राप्त ब्याज आम्दानी | २०,१०५,२९९.२६ | ३०,३५०,४३०.४७ |
| कर्मचारी ऋण लगानी बापत NFRS बमोजिम ब्याज आम्दानी | २०९,४४५.२६ | २१६,३७३.६४ |
| घटाउने : ब्याज छुट (संस्थाको नीति अनुसार) | (६६३,५६३.५९) | (९१३,०४८.७५) |
| **जम्मा** | **१६४,४४४,९८१.५१** | **२०४,२३९,५०५.०३** |

ब्याज आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ । तर क्रेडिट जोखिम उल्लेखनीय वृद्धि भएको ऋण लगानीमा ब्याज आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छैन । संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिशुरुै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज ३ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संस्थाले आ.व २०८२/८३ मा रु ३४,४९,२१२.४६ र आ.व २०८१/८२ मा रु २८,६१,५५८.०४ ब्याज आम्दानीमा लेखाङ्कन गरेको छैन ।

**४.२३ ब्याज खर्च :**

ब्याज खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| सदस्यहरुबाट संकलन गरेको निक्षेपमा ब्याज खर्च | ८७,४२१,३१३.४२ | १०५,४८८,९५८.९४ |
| अन्य (पट्टा दायित्व) | ६४५,१५८.३० | ८६१,७५८.४० |
| **जम्मा** | **८८,०६६,४७१.७२** | **१०६,३५०,७१७.३४** |

**४.२४ शुल्क तथा कमिशन आम्दानी :**

शुल्क तथा कमिशन आम्दानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| ऋण व्यवस्थापन शुल्क | ४,४७३,४२९.०० | ४,७३९,१४२.०० |
| निवेदन दस्तुर | १५४,१८०.०० | २१९,७९५.०० |
| कमिशन आम्दानी | ११५,०६८.२९ | १८२,१२७.८७ |
| खाता बन्द शुल्क | १३,३१६.०० | ६५,३४९.३१ |
| रेमिट्यान्स आम्दानी | ३१,०६४.११ | २५,४८५.४४ |
| मोबाइल बैंकिङ्ग आम्दानी | ४८१,३७५.५७ | ४१३,१८७.९७ |
| सदस्यता शुल्क | ८६,७००.०० | ६०,६००.०० |
| **जम्मा** | **५,३५५,१३२.९७** | **५,७०५,६८७.५९** |

**४.२५ शुल्क तथा कमिशन खर्च :**

शुल्क तथा कमिशन खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| कमिशन तथा अन्य शुल्क खर्च | - | - |
| **जम्मा** | - | - |

Shrestha Sunil & Associates Chartered Accountants

### ४.२६ खुद व्यापारिक आम्दानी :

खुद व्यापारिक आम्दानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| व्यापारिक सम्पत्तिको उचित मूल्यमा परिवर्तन | - | - |
| व्यापारिक सम्पत्तिको निसर्गमा लाभ/हानी | - | - |
| व्यापारिक सम्पत्तिमा लाभांश आम्दानी | - | - |
| विदेशी विनिमय कारोबारमा लाभ/हानी | - | - |
| **जम्मा** | - | - |

### ४.२७ अन्य सञ्चालन आम्दानी :

अन्य सञ्चालन आम्दानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| लाभांश आम्दानी | १११,७६०.६१ | १,१८६,५१८.८६ |
| संरक्षित पूँजी फिर्ता आम्दानी | ६२,०६९.४१ | १८२,१५६.४० |
| विविध | ३४,०६३.०० | ५४,५४०.९४ |
| **जम्मा** | **२०७,८९३.०२** | **१,४२३,२१६.२०** |

### ४.२८ कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) :

कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता)को विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/(फिर्ता) | ३,९६०,२२४.७८ | १६,३१९,१३३.१५ |
| लगानी उपकरणमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| सम्पत्ति तथा उपकरणमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| ख्याति र अमूर्त सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| लगानी सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| **जम्मा** | **३,९६०,२२४.७८** | **१६,३१९,१३३.१५** |

### ४.२९ कर्मचारी खर्च :

कर्मचारी खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| कर्मचारी तलब, ग्रेड खर्च | २०,१९८,३३८.७६ | १९,३८८,३०१.२० |
| सञ्चयकोष खर्च | १,२५६,६५८.३० | १,१६५,८८९.३९ |
| कर्मचारी पोशाक खर्च | ४३२,०००.०० | ४३२,०००.०० |
| चाडपर्व खर्च | १,१९५,७०६.१७ | १,२१३,९७०.३५ |
| संचित बिदा खर्च | ६२०,१७५.२६ | ५१३,५८६.०४ |
| ओभरटाइम खर्च | ३८४,११४.०० | २९८,६२८.०० |
| कर्मचारी उपदान खर्च | १,०४६,७९६.३६ | ९७१,१८६.४८ |
| सामाजिक सुरक्षा खर्च | २०९,८६२.७५ | ११४,७०४.७५ |
| प्रोत्साहन खर्च | ४००,७३४.२८ | २६५,६३४.०० |
| NFRS अन्तर्गतको वित्तीय खर्च | २०९,४४५.२६ | २१६,३७३.६४ |
| **जम्मा** | **२५,९५३,८३१.१४** | **२४,६६०,२७३.८५** |
| कर्मचारी बोनस व्यवस्था | ३,३०८,३५३.६२ | ४,४०२,७८२.२६ |
| **कुल जम्मा** | **२९,२६२,१८४.७६** | **२९,०६३,०५६.११** |

Shrestha Sunil & Associates
Chartered Accountants

४.३० अन्य सञ्चालन खर्च :

अन्य सञ्चालन खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| कार्यालय व्यवस्थापन खर्च (४.३०.१) | ६,०७७,१७३.२२ | ५,४९९,१५४.०६ |
| लेखापरीक्षकको पारिश्रमिक | २५०,०००.०० | २५०,०००.०० |
| सहकारी कार्यक्रम खर्च (४.३०.२) | ७,७५०,९७२.०० | ७,१६४,७५४.६० |
| समिति तथा उपसमिति बैठक भत्ता खर्च | ८५२,२५६.०० | १,०६६,०५०.०० |
| समिति तथा उपसमिति बैठक सञ्चालन खर्च | १५७,५७०.०० | १५४,९८४.०० |
| अन्य | - | - |
| जम्मा | १५,०८७,९७१.२२ | १४,१३४,९४२.६६ |

४.३०.१ कार्यालय व्यवस्थापन खर्च :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| ईन्धन खर्च | ७७५,२५६.४३ | ७९१,०९५.५५ |
| बीमा खर्च | १२१,३३५.०० | १२४,५४७.२५ |
| मसलन्द तथा छपाई खर्च | ७६४,६०३.२३ | ७३७,७१८.८७ |
| पोष्टेज, टेलिफोन र ईन्टरनेट खर्च | ७७३,०८३.०० | ७४७,७५१.०० |
| पत्रपत्रिका खर्च | ४,०००.०० | १७,८००.०० |
| मिडिया खर्च | ८४,०८४.०० | ८३,०३७.०० |
| अतिथि सत्कार खर्च | ५७,४१६.०० | ५७,३१०.०० |
| सरसफाई खर्च | १०२,२५०.०० | ११०,२६१.०० |
| विद्युत महशुल खर्च | ३५५,१०५.०० | ३६२,४१४.०० |
| खानेपानी महशुल खर्च | ५२,९५०.०० | ६५,०९०.०० |
| परिवहन खर्च | ६४,४५७.०० | ५६,९३२.०० |
| चियापान खर्च | ५४८,४६०.०० | २६८,१६३.०० |
| कार्यालय सामग्री खर्च | २१०,५८९.०० | १९९,१३८.०० |
| सालतमामी खर्च | - | ११०,८५०.०० |
| वातावरणमैत्री झोला खर्च | ७५,००४.०० | - |
| सफ्टवेयर नवीकरण शुल्क | ६४३,०२७.०० | ६६१,००८.०० |
| स्थानीय कर खर्च | २३,३६९.०० | २१,७१३.०० |
| ज्याला खर्च | १३८,३५४.०० | २३४,६३९.०० |
| सुरक्षा कर्मी खर्च | ७०७,२७२.०० | १२०,३९३.०० |
| ऋण असुली खर्च | ७६,८३०.०० | २३२,९२५.०० |
| बैंक सेवा शुल्क | ४,५०१.५६ | ४,५९३.४९ |
| मर्मत सम्भार खर्च (कार्यलय सामान तथा कम्प्युटर) | २१४,०६३.०० | २०७,८०५.९० |
| कर्मचारी छनौट खर्च | १७,३७०.०० | - |
| उत्कृष्ट कर्मचारी सम्मान खर्च | ७,०८०.०० | - |
| विदाई कार्यक्रम खर्च | ३,९६५.०० | - |
| घरबहाल खर्च | - | - |
| माईक्रो बैंकर वार्षिक सञ्चालन शुल्क | २३९,१३२.०० | २३९,१३२.०० |
| मर्मत सम्भार खर्च (अन्य) | १३,६१७.०० | ४४,८३७.०० |
| जम्मा | ६,०७७,१७३.२२ | ५,४९९,१५४.०६ |

Shrestha Sunil & Associates
Chartered Accountants

४.३०.२ सहकारी कार्यक्रम खर्च :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| सदस्य तीर्थयात्रा खर्च | ९१,१५०.०० | ८७,७७६.०० |
| साधारण सभा खर्च | ३,२४८,४७०.०० | ३,३९४,१४९.०० |
| ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ३३८,७६८.०० | २९९,६२१.०० |
| रक्तदान कार्यक्रम खर्च | १७,८३५.०० | २१,१९०.०० |
| अध्ययन अवलोकन भ्रमण कार्यक्रम खर्च | ६७,२७७.०० | - |
| एक्सेस कार्यक्रम खर्च | ११०,०००.०० | १०५,०००.०० |
| कपी पेन्सील वितरण कार्यक्रम खर्च | १,४७३,५२९.०० | १,३८४,१७१.०० |
| सुत्केरी भेटघाट कार्यक्रम खर्च | ८५,४४०.०० | ११०,४००.०० |
| महिला क्षमता विकास कार्यक्रम खर्च | - | ५४,२७२.०० |
| वार्षिक भित्तेपात्रो प्रकाशन तथा वितरण कार्यक्रम खर्च | १६४,८९५.०० | १६६,५००.०० |
| नवदुलही सदस्यता कार्यक्रम खर्च | ७,०००.०० | ११,०००.०० |
| राष्ट्रिय सहकारी दिवस कार्यक्रम खर्च | ३,०४०.०० | ४८,७७१.०० |
| सदस्यता राहत वितरण कार्यक्रम खर्च | २६,३४०.०० | ५०,३९५.०० |
| उपहार तथा शुभकामना खर्च (एसइइ समेत) | २५,७७०.०० | २३,०३०.०० |
| त्रैमासिक समिक्षा कार्यक्रम खर्च | ५६,८९०.०० | २७,१६०.०० |
| एस.ई.ई. सम्मान खर्च | ४९७,८४८.२० | २०२,०००.०० |
| वार्षिकोत्सव कार्यक्रम खर्च | २९३,९६१.८० | ३७३,५७६.३५ |
| कार्यशाला, सेमिनार र तालिम खर्च | - | ३३,३१४.०० |
| सदस्यता वृद्धि कार्यक्रम खर्च | १४,०२०.०० | ३७,४५५.०० |
| बुसा दर्पण प्रकाशन खर्च | १४,१२५.०० | ३४,०००.०० |
| उपसमिति अभिमुखीकरण कार्यक्रम खर्च | - | ३९,२८७.५० |
| भवन शिलान्यास कार्यक्रम खर्च | २९,९१५.०० | |
| सञ्चालक समिति तथा कर्मचारी अन्तरक्रिया कार्यक्रम खर्च | ११९,४०५.०० | - |
| संचालक समिति क्षमता विकास कार्यक्रम खर्च | १८३,६३१.०० | - |
| सदस्य वित्तीय साक्षरता कार्यक्रम खर्च | ५४,८५०.०० | - |
| दिपावली शुभकामना कार्यक्रम खर्च | २१,७६५.०० | १८,४४३.०० |
| फोकल पर्सन सहभागिता कार्यक्रम खर्च | - | - |
| सदस्य बीमा खर्च | ७०५,६२७.०० | ६४०,१५८.७५ |
| व्यवसाय योजना कार्यक्रम खर्च | ५६,५००.०० | ३,०८५.०० |
| वार्षिक कार्ययोजना खर्च | ४०,५५०.०० | - |
| एफडब्लु राईफाइसन कार्यक्रम खर्च | २,३७०.०० | - |
| जम्मा | ७,७५०,९७२.०० | ७,१६४,७५४.६० |

४.३१ ह्रासकट्टी र परिशोधन :

ह्रासकट्टी र परिशोधनको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी (नोट ४.७) | १,५१९,५२७.३६ | १,७३०,६८५.६० |
| पट्टा सम्पत्ति ह्रासकट्टी (नोट ४.८) | १,८३८,१०२.११ | १,८३८,१०२.११ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी (नोट ४.६) | - | - |
| अमूर्त सम्पत्तिमा परिशोधन (नोट ४.९) | ८२,१८२.०० | १४७,०९९.२१ |
| जम्मा | ३,४३९,८११.४७ | ३,७१५,८८६.९२ |

Shrestha Sunil & Associates Chartered Accountants

**४.३२ गैर सञ्चालन आम्दानी :**

गैर सञ्चालन आम्दानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| अपलेखन गरिएको कर्जा असुली | - | - |
| विविध आम्दानी | - | - |
| **जम्मा** | - | - |

**४.३३ गैर सञ्चालन खर्च :**

गैर सञ्चालन खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| सम्पत्ति निसर्गमा नोक्सानी | - | २६,६०९.०७ |
| अन्य खर्च | - | - |
| **जम्मा** | - | २६,६०९.०७ |

**४.३४ आयकर खर्च :**

आयकर खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| **चालु कर खर्च** | | |
| यस वर्ष | ३,०१४,५०९.२२ | ४,१७०,५७४.२५ |
| गत वर्षको लागि समायोजन | - | - |
| **स्थगन कर खर्च** | | |
| अल्पकालीन भिन्नताहरुको शुरुवात र रिभर्सल | १५,०३८.१३ | (४५६,०६९.७१) |
| पहिले लेखाङ्कन नगरिएको कर नोक्सानी | - | - |
| **जम्मा कर खर्च** | **३,०२९,५४७.३५** | **३,७१४,५०४.५४** |

**४.३४.१ कर खर्च र लेखा मुनाफाको मिलान :**

| विवरण | २०८२/०८३ | २०८१/०८२ |
|---|---|---|
| **NFRS बमोजिम कर अघिको नाफा** | **३०,१९१,३४३.५५** | **४१,७५८,०६३.५७** |
| **जोड्नेः** | | |
| आयको गणना गर्दा कट्टी नहुने खर्चहरु: | | |
| कर्मचारी बिदा व्यवस्था | ६२०,१७५.२६ | ५१३,५८६.०४ |
| NFRS बमोजिम ह्रासकट्टी खर्च (नोट ४.३२) | ३,४३९,८११.४७ | ३,७१५,८८६.९२ |
| NFRS बमोजिम पट्टा दायित्व ब्याज खर्च (नोट ४.२४) | ६४५,१५८.३० | ८६१,७५८.४० |
| NFRS अन्तर्गतको वित्तीय खर्च (नोट ४.३०) | २०९,४४५.२६ | २१६,३७३.६४ |
| अन्य समायोजन | २७७,९५९.९४ | ४७९,५२७.१२ |
| **घटाउनेः** | | |
| अन्तिम रुपमा कर कट्टी हुने आय (लाभांश र संरक्षित पूँजी फिर्ता आम्दानी) | (१७३,८३०.०२) | (१,३६८,६७५.२६) |
| भुक्तानीको आधारमा यस आ.व. मा खर्च दाबी गर्न सकिने खर्चहरु | | |
| कर्मचारी उपदान भुक्तानी | - | (१,८८९,३७४.००) |
| कर्मचारी बिदा भुक्तानी | (२८०,२१७.१७) | (५०,५०५.६६) |
| आयकर ऐन बमोजिम ह्रासकट्टी खर्च | (१,६७५,८८७.७९) | (१,९५८,६४७.८६) |
| ऋण सापटीमा NFRS बमोजिम थप ब्याज आम्दानी | (२५८,४६५.३८) | २,१४३,६३९.२३ |
| कर्मचारी ऋण बापत NFRS बमोजिम थप ब्याज आम्दानी | (२०९,४४५.२६) | (२१६,३७३.६४) |
| घरबहाल खर्च भुक्तानीको आधारमा | (२,६४०,९५६.००) | (२,४९९,५१६.००) |
| अन्य | - | - |
| **आय कर गणनाका निमित्त व्यवसायको आय** | **३०,१४५,०९२.१६** | **४१,७०५,७४२.५०** |
| **आय करको दर प्रतिशत** | १०.०० | १०.०० |
| **कुल आय कर खर्च** | **३,०१४,५०९.२२** | **४,१७०,५७४.२५** |
| **प्रभावकारी करको दर** | ९.९८% | ९.९९% |

Sthestha Sunil & Associates
Chartered A...

**५. प्रकटीकरण तथा थप जानकारी**

**५.१ जोखिम व्यवस्थापन**

सहकारी संस्थाको व्यावसायिक कियाकलापमा जोखिम निहित रहेको हुन्छ । विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ । यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ । त्यसैले सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र सञ्चालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरी उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

**लेखा सुपरिवेक्षण समिति**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखा परीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्को समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ । समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन् ।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | पूर्ण बहादुर कार्की | संयोजक |
| २ | शर्मिला नेपाल | सदस्य |
| ३. | दिपक के.सी. | सदस्य |

**जोखिम सम्बन्धी सुशासन प्रणाली**

सहकारी संस्थाले उद्यम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागु गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरी स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सञ्चालक समिति, यस अन्तर्गतका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

**तरलता जोखिम**

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो । यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ । सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणाम स्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ । भुक्तानीको लागि तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन् । तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन् । त्यसैले सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**ब्याजदर जोखिम**

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो । सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछः

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ ।

**कर्जा जोखिम**

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो । कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ । लगानी गरिएको

ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ। ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ। जोखिम-मूल्याङ्कनको लागि देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने,
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितोमा लिएको ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने।

**सञ्चालन जोखिम**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ। यस कार्यक्रमअन्तर्गत साना तर ठूलो सङ्ख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ। एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ। संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ। सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ। तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ। यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ। सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ।

**बजार जोखिम**

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोही अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन्। यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ।

बजार विश्लेषणमा निम्न तत्वलाई विचार गरिएको छ:

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरू बारे जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीतिनियम परिवर्तनहरूबाट हुने उतार-चढाव
- आफ्ना सदस्यहरूलाई आकर्षित गर्न अन्य संस्थाहरूले अपनाएका रणनीतिहरू
- सदस्यता फिर्ता/अवधारण दर

**संस्थागत वा रणनीतिक जोखिम**

संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ। संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छ :

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

**आन्तरिक नियन्त्रण जोखिम**

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन

Shrestha Sunil & Associates * Chartered Accountants *

सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागु हुने कानुन र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ। सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ।
सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रुपमा समीक्षा गरिन्छ। लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ।

**अनुपालन जोखिम**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ। यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ। दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ। रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन, अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन्। रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ। अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ। रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ।

**५.२ वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्य (Fair Value)**

वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ:

**श्रेणी-१**

यस श्रेणीमा उचित मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रुपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन बिना लिइन्छ।
यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त सङ्ख्या तथा मात्रामा असम्बन्धित व्यक्तिबीच खरिद बिक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको उचित मूल्य निर्धारण गर्ने छनौटमा पर्छ।

**श्रेणी-२**

यस श्रेणीमा उचित मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ। यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्:
सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृत उचित मूल्य

- तुलनात्मक रुपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृत उचित मूल्य
- वित्तीय उपकरणहरुको उचित मूल्यको मापन गर्दा सोको मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदा मात्र गरिन्छ

यदि कुनै वित्तीय उपकरणको उचित मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा संस्थाले सोको उचित मूल्य मूल्याङ्कनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ। उक्त मूल्याङ्कन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको उचित मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरी मूल्य निर्धारण गर्ने गरिएको हुन्छ। वित्तीय उपकरणको सुरुवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोबार मूल्यलाई उचित मूल्यको रुपमा लिईन्छ।

**श्रेणी-३**

उचित मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई उचित मूल्यको रुपमा लिने गरिन्छ। मूल्याङ्कन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको Net Present Value/Discounted Cash Flow Model अनुसारको मूल्यलाई समेत तुलनात्मक रुपमा हेरिन्छ।

Shrestha Sunil & Associates ★ Chartered Accountants ★

### ५.२.१ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण

NFRS 9: वित्तीय उपकरण, पहिचान, लेखाङ्कन तथा मापन अन्तर्गत वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरुलाई परिशोधित मूल्य (Amortized Cost) , नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL) र अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्य (FVTOCI) मा वर्गीकरण गरिन्छ। संस्थाको वित्तीय सम्पति तथा वित्तीय वित्तीय दायित्वहरुको वर्गीकरण निम्न तालिकामा प्रस्तुत गरिएका छन् :

| वित्तीय सम्पत्ति | २०८३ साल आषाढ ३२ को | | | |
|---|---|---|---|---|
| | परिशोधित मूल्य | नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL) | अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्य (FVTOCI) | जम्मा |
| नगद तथा नगद समान | ६२४,०१५,८४९.९७ | - | - | ६२४,०१५,८४९.९७ |
| बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट | ३६०,०००,०००.०० | - | - | ३६०,०००,०००.०० |
| कर्जा लगानी | १,२२३,९१८,९६२.७० | - | - | १,२२३,९१८,९६२.७० |
| लगानी उपकरण | - | - | ३२,०४८,५००.०० | ३२,०४८,५००.०० |
| अन्य सम्पति | २४४,७१४.९९ | - | - | २४४,७१४.९९ |
| **कुल वित्तीय सम्पत्ति** | **२,२०८,१७९,५२७.६६** | **-** | **३२,०४८,५००.००** | **२,२४०,२२८,०२७.६६** |
| **वित्तीय दायित्व** | | | | |
| निक्षेप दायित्व | १,८८३,५९७,३१०.७७ | - | - | १,८८३,५९७,३१०.७७ |
| सापटी | - | - | - | - |
| अन्य दायित्व | ५०,००० | - | - | ५०,०००.०० |
| **कुल वित्तीय दायित्वहरु** | **१,८८३,६४७,३१०.७७** | **-** | **-** | **१,८८३,६४७,३१०.७७** |

| वित्तीय सम्पत्ति | २०८२ साल आषाढ ३२ को | | | |
|---|---|---|---|---|
| | परिशोधित मूल्य | नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL) | अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्य (FVTOCI) | जम्मा |
| नगद तथा नगद समान | ३६४,२३३,०९५.९९ | - | - | ३६४,२३३,०९५.९९ |
| बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट | ४१५,०००,०००.०० | - | - | ४१५,०००,०००.०० |
| कर्जा लगानी | १,२८७,९५०,६२८.७७ | - | - | १,२८७,९५०,६२८.७७ |
| लगानी उपकरण | - | - | ३२,०४८,५००.०० | ३२,०४८,५००.०० |
| अन्य सम्पत्ति | ३७०,६४२.८२ | - | - | ३७०,६४२.८२ |
| **कुल वित्तीय सम्पत्ति** | **२,०६७,५५४,३६७.५८** | **-** | **३२,०४८,५००.००** | **२,०९९,६०२,८६७.५८** |
| **वित्तीय दायित्व** | | | | |
| निक्षेप दायित्व | १,७२१,७१०,०१८.८५ | - | - | १,७२१,७१०,०१८.८५ |
| सापटी | - | - | - | - |
| अन्य दायित्व | ४५,०००.०० | - | - | ४५,०००.०० |
| **कुल वित्तीय दायित्वहरु** | **१,७२१,७५५,०१८.८५** | **-** | **-** | **१,७२१,७५५,०१८.८५** |

BUSA

Shrestha Sunil & Associates ★ Chartered Accountants ★

**५.३ सम्बन्धित पक्षहरुको विवरण**

**सञ्चालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures" अनुसार संस्थाको गतिविधिहरु सम्बन्धी योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरुप संस्थाको सञ्चालक समितिका सदस्यहरु र प्रमुख कार्यकारी अधिकृतलाई सम्बन्धित पक्षको रुपमा पहिचान गरेको छ ।

नेपाल लेखामान (NAS २४)अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | कैलाश के.सी. | अध्यक्ष |
| २ | प्रकाश भुर्तेल | उपाध्यक्ष |
| ३ | जयराम थापा | सचिव |
| ४ | राधेश्याम के.सी. | कोषाध्यक्ष |
| ५ | गीता कुँवर क्षेत्री | सह-सचिव |
| ६ | राधाकृष्ण श्रेष्ठ | सह-कोषाध्यक्ष |
| ७ | हरिराम कुइकेल | सदस्य |
| ८ | गायत्री खड्का | सदस्य |
| ९ | सुनिता मल्ल | सदस्य |
| १० | भवानी के.सी. | सदस्य |
| ११ | अर्मेसा लामा | सदस्य |
| १२ | विवेक राज ठकुरी | प्रमुख कार्यकारी अधिकृत |

**सञ्चालकहरु र प्रमुख कार्यकारी अधिकृतसँगको कारोबार र भुक्तानी**

**सञ्चालक समिति बक्यौता कर्जा, भत्ता र सुविधाहरुः**

| विवरण | चालू वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ता | ३,३०,०५५।- | ४,८७,१४०।- |
| अन्य सुविधाहरू | - | - |
| **कुल** | ३,३०,०५५।- | ४,८७,१४०।- |
| बक्यौता कर्जा सापटी आषाढ मसान्तको (एकाघर परिवार सदस्य समेत) | ७,८५,०६४.८५ | ९,१५,१७५.०७ |

यी भत्ता तथा सुविधाहरु संस्थाको वार्षिक साधारण सभामा स्वीकृत भएका भत्ता तथा सुविधाहरु हुन् ।

**संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको तलब तथा सुविधाहरुः**

| विवरण | चालू वर्ष | गत वर्ष |
|---|---|---|
| तलब, भत्ता तथा सुविधाहरु | २५,४२,७२३.६७ | २२,९६,२५६.४२ |
| अन्य सुविधाहरू | - | - |
| **कुल** | २५,४२,७२३.६७ | २२,९६,२५६.४२ |
| बक्यौता कर्जा सापटी आषाढ मसान्तको (एकाघर परिवार सदस्य समेत) | १३,३७,४११.०७ | ११,९७,१३१.८१ |

माथिका सुविधा बाहेक संस्थाले आर्थिक नीति अनुसार यात्रा भत्ता जस्ता अन्य सुविधाहरु पनि उपलब्ध गराएको छ ।

**५.४ गाभ्ने र गाभिने (Merger and Acquisition)**

चालु आर्थिक वर्षमा अन्य कुनै पनि संस्थासँग Merger and Acquisition भएको छैन ।

**५.५ समावेश नगरिएका संस्थाको अतिरिक्त प्रकटीकरण**

संस्थाको कुनै पनि किसिमको सहायक संस्थाहरु नरहेको हुदाँ यस वित्तीय विवरणमा समावेश गर्नुपर्ने तर समावेश नगरिएको कुनै कारोवार छैन ।

BUSA

Shrestha ... Associates ★ Chartered Accountants ★

**५.६ रिपोर्टिङ मिति पछिका घटनाहरु**

संस्थाले रिपोर्टिङ अवधि सकिएपछि समायोजन वा गैर-समायोजन घटनाहरूको रूपमा योग्य तथा सम्भावित प्रभाव पार्न सक्ने घटनाहरुको अनुगमन र विश्लेषण गरेको छ। सबै समायोजन घटनाहरू अतिरिक्त प्रकटीकरणको साथ विवरणमा समावेश गरिएको छ र गैर-समायोजन घटनाहरू सम्भावित वित्तीय प्रभाव सकेसम्म नोटमा खुलाइएको छ। यस वित्तीय विवरणमा हस्ताक्षर हुने बेलासम्मको अवधिमा कुनै उल्लेख्य घटनाहरु भएका छैनन्।

Shrestha Sunil & Associates
Chartered Accountants

# २०८३ असारमसान्तको पर्ल्स विश्लेषण

| Indicators (सूचकहरु) | | Goal | Numerator | Denominator | Result |
|---|---|---|---|---|---|
| **P = Protection (सुरक्षण)** | | | | | |
| P1 | १२ महिनाभन्दा बढी भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था | १००% | ५,८५१,०९०.१८ | ५,८५१,०९०.१८ | १०० |
| P2 | ६ महिनादेखि १२ महिनासम्म भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था | ५०% | ११,०७२,८४१.८७ | २२,१४५,६८३.७३ | ५०.०० |
| P2x | ४ महिना भन्दा बढी देखि ६ महिनासम्म भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था | २५% | १,६९८,२५०.३१ | ६,७९३,००१.२२ | २५.०० |
| P2Y | भाखा ननाघेको असल ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोषको अवस्था | १% | ४२,४९९,९८७.४५ | १,२४९,९९८,७४५.३० | ३.४० |
| P3 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋण अपलेखन गरिएको खर्च रकम | १००% | १,१८३,१८४.०० | ५,८५१,०९०.१८ | २०.२२ |
| P4 | वार्षिक अपलेखन गरिएको ऋण | न्यूनतम | २३९,०५९.४० | ५,८५१,०९०.१८ | ४.०९ |
| P5 | सञ्चित अपलेखन ऋण असुली | ७५% | ३७२,०६१.३० | ८११,१२२.७० | ४५.८७ |
| P6 | तिर्न सक्ने सक्षमता | ११०% भन्दा बढी | २,३१७,६२७,८०९.७९ | २,०२९,१००,२१०.७७ | ११४.२२ |
| **E = Effective financial structure (प्रभावकारी वित्तीय संरचना)** | | | | | |
| E1 | कुल सम्पत्तिमा खुद ऋणको अुनपात | ७०%–८०% | १,२२३,९१८,९६२.७० | २,२६६,६९४,७९९.१५ | ५४.०० |
| E2 | कुल सम्पत्तिको अनुपातमा तरल लगानी | बढीमा १६% | ५५५,४०२,८६१.९० | २,२६६,६९४,७९९.१५ | २४.५० |
| E 3 | कुल सम्पत्तिको अनुपातमा वित्तीय लगानी | बढीमा २% | ४५६,२५३,५२८.८३ | २,२६६,६९४,७९९.१५ | २०.१३ |
| E4 | कुल सम्पत्तिको अनुपातमा गैर वित्तीय लगानी | ०% | - | २,२६६,६९४,७९९.१५ | ०.० |
| E5 | कुल सम्पत्तिमा बचतको अुनपात | ७०%–८०% | १,८८३,५९७,३१०.७७ | २,२६६,६९४,७९९.१५ | ८३.१० |
| E6 | कुल सम्पत्तिमा बाह्य ऋणको अनुपात | ५% भदा कम | - | २,२६६,६९४,७९९.१५ | ०.० |
| E7 | कुल सम्पत्तिमा शेयर पुंजीको अनुपात | बढीमा २०% | १४५,५०२,९००.०० | २,२६६,६९४,७९९.१५ | ६.४२ |
| E9 | कुल सम्पत्तिमा खुद संस्थागत पुँजीको अनुपात | कम्तीमा १०% | १९८,६३७,०८२.७० | २,२६६,६९४,७९९.१५ | ८.७६ |
| **A = Assets quality (सम्पत्तिको गुणस्तर)** | | | | | |
| A1 | कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण | ५% भन्दा कम | ३४,७८९,७७५.१३ | १,२८४,७८८,५२०.४३ | २.७१ |
| A2 | कुल सम्पत्तिमा नकमाउने सम्पत्तिको अनुपात | ५% भन्दा कम | ३१,११९,४४५.७२ | २,२६६,६९४,७९९.१५ | १.३७ |
| A3 | आयआर्जन नगर्ने सम्पत्तिको अनुपातमा शुद्ध लागतरहित कोष | २००% भन्दा बढी | २३३,९२२,८०७.२४ | ३१,११९,४४५.७२ | ७५१.६९ |
| **R = Rate of return (आम्दानी र खर्चको प्रतिफल दर)** | | | | | |
| R1 | औषत कुल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी | औषत ब्याजदर | १४१,९३१,५५९.६१ | १,२५५,९३४,७९५.७४ | ११.३० |
| R2 | औषत तरल सम्पत्तिको अनुपातमा तरल लगानीबाट प्राप्त आम्दानी | बजार दर | ३,०७१,६८६.२३ | ४०२,४४७,४८०.१९ | ०.७६ |
| R3 | औषत वित्तीय लगानीको अनुपातमा वित्तीय लगानीबाट प्राप्त आम्दानी | बजार दर | २०,१०५,२९९.२६ | ५०७,६९६,२८८.८६ | ३.९६ |
| R5 | औषत बचतको अनुपातमा बचतमा तिरेको व्याज खर्च | बजार दर | ८७,४२१,३१३.४२ | १,८०२,६५३,६६४.८१ | ४.८५ |
| R6 | औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको व्याज खर्च | बजार दर | ०.०० | ०.०० | ०० |
| R7 | औषत शेयर पुँजीको अनुपातमा लाभांश वितरण | बजार दर >= R5 | १३,५८७,३२४.१७ | १५८,८४६,३००.०० | ८.५५ |
| R9 | औषत सम्पत्तिमा सञ्चालन खर्चको अनुपात | ५% भन्दा कम | ४७,७८९,९६७.४५ | २,१९७,२०७,५१७.५१ | २.१८ |
| **L = Liquidity (तरलता)** | | | | | |
| L1 | कुल निक्षेपमा तलरता (साप्ताहिक औषत) | १६% | ४३६,४४५,३५६.३८ | १,८७२,०६८,४७२.१५ | २३.३१ |
| L3 | कुल सम्पत्तिमा आय आर्जन नगर्ने तरल सम्पत्तिको अनुपात | १% भन्दा कम | ४,४०७,९५९.२४ | २,२६६,६९४,७९९.१५ | ०.१९ |
| **S = Sign of growth (वृद्धिका सङ्केतहरु)** | | | | | |
| S10 | सदस्य वृद्धिदर | १५% भन्दा बढी | २२४ | १९,५७३ | १.१४ |
| S11 | कुल सम्पत्ति वृद्धिदर | मुद्रास्फीति भन्दा बढी | १३८,९७४,५६३.२९ | २,१२७,७२०,२३५.८६ | ६.५३ |

# सहकारीका सिद्धान्तहरू (Principles of Co-operative)

१. पहिलो सिद्धान्त: स्वैच्छिक तथा खुला सदस्यता (Voluntary and Open Membership) :

- निर्धारित योग्यता पुगेका कुनै व्यक्तिलाई संस्थाको सदस्य बन्न राजनैतिक, आर्थिक, जातीय, लैङ्गिक विभेद गर्न नहुने,
- सदस्य संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको हुनुपर्ने,
- सदस्यको हैसियतले वहन गर्नुपर्ने जिम्मेवारी वहन गर्न स्वीकार गर्नुपर्ने,
- संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने,
- सदस्यले संस्थाको सदस्यता त्याग्न चाहेमा सदस्यता त्यागी अलग हुन सक्ने,
- कृत्रिम छेकवार/बन्देज लगाई सदस्य बन्नबाट वञ्चित गर्न नहुने ।

२. दोश्रो सिद्धान्तः सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic control by Members) :

- शेयर जतिसुकै खरिद गरे पनि सदस्यहरूद्वारा सदस्यहरूको आर्थिक सामाजिक विकास गर्ने उद्देश्यले गठन हुने हुँदा सदस्यहरूले नै नियन्त्रण गर्नुपर्ने,
- एक सदस्य एक मतको पद्धति लागु हुने,
- संस्थाका सबै सदस्यहरू संलग्न हुन पाउने साधारण सभाद्वारा संस्थाको नीति निर्माण गरिने,
- सहकारीमा साधारण सभा नै सर्वोच्च अंग हुने भएकोले यसले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको कार्य सम्पादन गर्ने,
- सदस्यहरूमध्येबाटै साधारण सभाद्वारा निर्वाचित प्रतिनिधिहरूद्वारा छानिएको सञ्चालक समितिले सञ्चालन गर्ने,
- सदस्य-सदस्य बीच सेवामा विभेद नगरिने,
- संस्था सञ्चालन कार्यमा संलग्न प्रतिनिधि व्यक्तिगत रूपमा साधारण सदस्यप्रति र सामूहिक रूपमा सञ्चालक समितिप्रति उत्तरदायी हुने ।

३. तेश्रो सिद्धान्तः सदस्यको आर्थिक सहभागिता (Economic participation of Members) :

सहकारी संस्थामा प्रत्येक सदस्यको सानो-सानो पुँजी शेयरको रूपमा सङ्कलित भई सदस्यको आर्थिक सहभागिताद्वारा व्यवसायिक शक्तिको सिर्जना हुन्छ । साथै शेयर रकमको घटी र बढीले सदस्यहरूको अधिकारमा विभेद गरिदैन । यस अन्तर्गत मुख्य रूपमा निम्न विषयहरू पर्दछन् ।

- सहकारीलाई आर्थिक कार्य, व्यवसाय गर्ने माध्यमको रूपमा स्वीकार गर्ने,
- प्रति शेयर समान मूल्य र एउटा शेयर र एकभन्दा बढी शेयर लिने सदस्यको कानुनी हैसियत र स्तर बराबर हुने,
- सीमित लाभ (धेरै लाभांशले ऐक्यवद्धताको भावना घट्न सक्दछ) वितरण गर्ने,
- सदस्यले गरेको कारोवारका आधारमा संरक्षित पुँजी कोषबाट प्रतिफल पाइने,
- बचत (नाफा) बाट जगेडा कोष र अन्य कोषहरू खडा गरी प्रभावकारी व्यवस्थापन गर्ने ।

४. चौंथो सिद्धान्तः स्वायत्तता र स्वतन्त्रता (Autonomy and Independence) :

सहकारी संस्थाहरू सदस्यहरूद्वारा गठित, सञ्चालित एवम् नियन्त्रित स्वायत्त एवम् स्वतन्त्र हुन्छ ।

- संस्था वाह्य नियन्त्रण, हस्तक्षेपबाट मुक्त हुने,
- सदस्यहरूद्वारा स्वयं (आन्तरिक) नियन्त्रण र सन्तुलनको व्यवस्था अर्थात संस्थामा हिनामिना तथा अन्य गलत कार्य भएमा सदस्यहरू स्वयं जिम्मेवार हुने व्यवस्था,
- संस्थाले अन्य संस्था/व्यक्ति/सरकार सबैसँग निश्चित शर्त र सम्झौताको आधारमा कार्य गर्न सक्ने अधिकार, आफ्ना संस्था सञ्चालन गर्न चाहिने विनियम आफै बनाउन सक्ने अधिकार,
- सहकारी संस्थाले उपयोग गर्ने स्वायत्तता र स्वतन्त्रता प्रचलित ऐन, नियम, सहकारी मूल्य, सिद्धान्तको परिधिमा रही उपयोग गर्नुपर्दछ ।

५. पाँचौं सिद्धान्तः शिक्षा, तालिम र सूचना (Education, Training and Information) :

थाहा पाएको विषय संस्था सहकारीका प्रत्येक सदस्यलाई सहकारी सम्बन्धी शिक्षा, तालिम दिएर योग्य र सक्षम बनाउनु पर्दछ भन्ने मान्यता यो सिद्धान्तले राख्दछ । यसमा संस्थामा हुने प्रत्येक क्रियाकलापको जानकारी सदस्यहरूलाई दिनुपर्ने र सदस्यले पनि आफूले जानकारी दिने दोहोरो सूचना प्रणालीको व्यवस्था लगायत निम्न विषयहरू पर्दछन् ।

- संस्थाले सदस्यहरूलाई सहकारी शिक्षा आवश्यकता अनुरूप व्यवसायिक सीप विकास व्यवस्थापन तालिम प्रदान गर्नुपर्ने,
- सहकारी शिक्षा कोषको व्यवस्था हुनुपर्ने,
- प्रशिक्षित/शिक्षित सदस्यहरूद्वारा संस्थाको समुन्नतिमा योगदान पुग्ने,
- संस्थाभित्र र बाहिर सूचना प्रणालीको विकास र युग अनुसारको सूचना प्रदान गर्नुपर्ने ।

६. छैठौं सिद्धान्तः अन्तर सहकारी सहयोग (Cooperation among Cooperatives) :

एउटै मात्र संस्था स्वयंमा पूर्ण हुन कठिन हुने भएकोले सहकारी मार्फत साना स्तरमा गरिने व्यवसायिक क्रियाकलापलाई बढाएर निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने उर्जा विकास गर्ने, सहकारी-सहकारीबीच परस्पर सहयोग जरूरी हुन्छ ।

- प्रारम्भिकदेखि अन्तर्राष्ट्रियस्तरसम्मका सहकारीहरूबीच सूचना एवम् व्यवसायिक सञ्जालको विकास गर्ने,
- अन्तरसहयोगको माध्यमबाट अन्य क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्ने,
- जिल्लास्तरीय विषयगत सङ्घ, जिल्ला सहकारी सङ्घ, केन्द्रीय सङ्घहरू, राष्ट्रिय सहकारी सङ्घ हुँदै अन्तर्राष्ट्रिय सहकारी महासङ्घसम्मको अन्तरसम्बन्धबाट व्यवसायिक क्रियाकलापको दायरा विस्तार गर्ने ।

७. सातौं सिद्धान्तः समुदायप्रति चासो (Concern for Community) :

सहकारी संस्थाहरू समुदायका अभिन्न अङ्ग भएकोले आफ्ना सदस्यका साथै सामुदायिक क्रियाकलापमा सरिक भई सामुदायिक विकासका कार्यहरू गर्नुपर्ने हुन्छ । यो सिद्धान्त अनुसार :

- समूहको एक पक्ष कमजोर भए अन्य पक्ष पनि कमजोर हुन जान्छ (आत्मनिर्भरता) भन्ने मान्यतालाई यो सिद्धान्तले स्वीकारेको छ,
- समूहको हितकै लागि गठन हुने,
- समुदाय प्रतिको सेवाले संस्थामा सकारात्मक प्रभाव पार्ने,
- वृक्षारोपण, शिक्षा, स्वास्थ्य, परिवारनियोजन, सरसफाइ, खानेपानी, कुलो, पाठशाला, धार्मिक सांस्कृतिक पर्वहरूमा सहकारी सहयोग बढाउने,
- आकस्मिक दुर्घटना/दैवी प्रकोप (आगलागी, भूइँचालो आदि) को समयमा उद्धार र पुनर्स्थापनाका कार्यमा सहभागिता बढाउने ।

## कतै तपाईंले आफ्नो व्यक्तिगत QR Code जथाभावी व्यक्तिहरुसँग साझा गरिरहनुभएको त छैन?

यदि त्यसो गर्दै हुनुहुन्छ भने तपाईं पनि अनावश्यक वित्तीय तथा कानुनी झमेलामा पर्न सक्नुहुन्छ ।

- विशेषगरी कुनै अपरिचित व्यक्तिले तपाईंको व्यक्तिगत QR Code मागी, "म तपाईंको बैंक खातामा रकम जम्मा गरिदिन्छु, तपाईंले मलाई सो बराबरको रकम नगद दिनुहोस्" भन्ने प्रस्ताव गरेमा त्यस्तो कारोबारप्रति विशेष सावधानी अपनाउनुहोस् ।
- उक्त रकमको स्रोत शंकास्पद वा गैरकानुनी हुन सक्ने भएकाले अन्जानमै तपाईंको बैंक खाता त्यस्तो कारोबार मा प्रयोग हुन सक्छ ।
- यसबाट भविष्यमा तपाईंले अनपेक्षित वित्तीय तथा कानुनी समस्या व्यहोर्नुपर्ने अवस्था सिर्जना हुन सक्छ ।

त्यसैले आफ्नो व्यक्तिगत बैंक खाताको QR Code आवश्यक र विश्वासिलो व्यक्तिसँग मात्र साझा गर्नुहोस् ।

- अपरिचित व्यक्तिको आग्रहमा आफ्नो बैंक खाता वा QR Code प्रयोग गरी रकम प्राप्त गर्ने तथा त्यस बापत नगद उपलब्ध गराउने जस्ता कारोबार नगर्नुहोस् ।
- तपाईंले जम्मा गर्नु भएको बचत सुरक्षित छ छैन यकिन गर्नुहोस् ।

**सचेत रहनुहोस्, सुरक्षित कारोबार गर्नुहोस् ।**

**आफ्नो बैंक खाता QR Code को सुरक्षा स्वयम् सुनिश्चित गर्नुहोस् ।**

# टिपोट

# अब तपाईंको स्वरोजगार बन्ने सपना हामी पूरा गर्नेछौं ।

## जम्मा ५.९९% वार्षिक ब्याजदरमा सहज र सहुलियतपूर्ण कर्जा सुविधा ।

# स्वरोजगार ऋण (Self Employment Loan)

वार्षिक
५.९९%
ब्याजदर

अधिकतम
रू.३० लाख
सम्मको
कर्जा रकम

अधिकतम
१० वर्ष
सम्मको
कर्जा अवधि

0%
सेवा शुल्क



## विशेषताहरू:

- तरकारी खेती, फलफुल खेती, फूलखेती, च्याउखेती, कुखुरापालन, माछापालन, मौरीपालन, पशुपालन लगायत कृषि तथा पशुपक्षीपालन गर्न, घरेलु तथा लघुउद्यम सञ्चालन गर्न, राइड सेयरिङ्गको लागि दुई पाङ्ग्रे, तीन पाङ्ग्रे वा चारपाङ्ग्रे सवारी खरिद गर्न र शुरुवाती व्यवसाय (Startup)हरु सञ्चालन गर्नको लागि प्रदान गरिने ।
- ऋणको भुक्तानी किस्ताबन्दी रुपमा गर्नुपर्नेछ ।
- ऋणको किस्ता तोकिएको समयसीमाभित्र प्राप्त नभई रोकिएमा खरखाँचो ऋण सरह ब्याजदर कायम गरिनेछ र ऋणलाई अन्यत्र प्रयोग गरी दुरुपयोग गरेको पाइएमा भाखा नाघेको ऋण सरह मानी ऋणको सम्पूर्ण सावाँ ब्याज असुलीको लागि कानुनी प्रक्रिया गरिनेछ ।
- यस ऋणको लागि अचल सम्पत्ति धितो जमानत राखिनेछ साथै खरिद गरिने सवारी साधनलाई समेत धितोको रुपमा राख्न सकिनेछ ।

**आत्मनिर्भर बन्ने यात्रामा हामी तपाईंको साथमा छौं ।**

# दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी




## सम्पर्कको लागि

**मुख्य कार्यालय :**
बनेपा-६, बुडोल
फोन : ०११-६६०५६४, ०११-६६२३६४

**टुकुचा जागरण सेवाकेन्द्र :**
बनेपा-४, नाला
फोन : ०११-४१११९२

**बनेपा जनमैत्री सेवाकेन्द्र :**
बनेपा-७, चारदोबाटो
फोन : ०११-६६०३६४

**धुलिखेल सेवाकेन्द्र :**
धुलिखेल-३, बसपार्क
फोन : ०११-४९०४६६

**पाँचखाल सेवाकेन्द्र :**
पाँचखाल-४, तामाघाट
फोन : ०११-५९००६४

**वेबसाइट :**
www.budol.coop.np
**इमेल :**
info@budol.coop.np

**सूचना अधिकारी**



रञ्जना सुवाल
९८६३१९२७१७

**गुनासो सुनुवाइ अधिकारी**



उमेश आचार्य
९८६३१९२७२५